# प्रहरी कल्याण कोष

## सञ्चालन कार्यविधि, २०७१ (संशोधन सहित)

(पहिलो संशोधन: मिति २०७७।०५।३१ गते)
(दोस्रो संशोधन: मिति २०७८।०९।२३ गते)

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

स्थापित २०५२

# विषय-सुची


परिच्छेद १: परिचय ... १

१.१ प्रस्तावाना ... १

१.२ संक्षिप्त नाम र प्रारम्भ ... १

१.३ परिभाषा ... १

१.४ कार्यविधिको प्रमुख उद्देश्य ... २

परिच्छेद२:संचालक समितिको बैठक ... ३

२.१ बैठक संचालन प्रकृया ... ३

२.२. बैठक एजेण्डा सम्बन्धमा ... ३

२.३ निर्णय बिधि ... ४

परिच्छेद३: कोषका कल्याणकारी कार्यक्रम संचालन तथा अनुगमन ... ५

३.१ कल्याण महाशाखा प्रमुख ... ५

३.२ अनुगमन तथा समन्वय डेस्क ... ५

३.३ प्रशासन शाखा ... ६

३.४ COE/प्रवन्धशाखा ... ६

३.५ किस्तावन्दी शाखा ... ७

३.६ विशेष आर्थिक कल्याणकारी योजना शाखा ... ८

३.७ लेखा शाखा ... ८

३.८ प्रहरी कल्याण कोष मातहत अन्य कोष ... ९

३.९ पारमर्शदाता ... १०

परिच्छेद ४: कोषका स्रोत तथा आर्थिक कारोवार ... ११

४.१ प्रहरी कल्याण कोषका स्रोतहरु ... १२

४.३ खाता संचालन ... १३

४.४ लेखा परीक्षण ... १३

४.५ प्रतिवेदनहरु ... १३

परिच्छेद ५: कोषबाट संचालन हुने सेवामुलक कार्यहरु र सेवा प्रवाह प्रकृया ... १४

५.१ प्रहरी अस्पताल ... १४

५.१.१ बहालवाला प्रहरी कर्मचारीका लागि: ... १४

५.१.२ निवृत्त प्रहरी कर्मचारी तथा अमर प्रहरी परिवारका लागि ... १४

५.१.३ अवकाशप्राप्त बृद्ध प्रहरीहरुका लागि ... १४

५.२ नेपाल पुलिस स्कुल ... १५

५.३ प्रहरी आवास भवन ... १५

५.४ अतिथि गृह ... १५

परिच्छेद ६: कोषबाट आय अर्जनका लागि संचालित सेवामुलक कार्यहरु ... १६

६.१ प्रहरी पेट्रोल पम्प........................................................................१६
६.२ सपिङ कम्प्लेक्स........................................................................१६
६.३ हेल्थ क्लव........................................................................१६
६.४ नेपाल पुलिस क्लव........................................................................१६
परिच्छेद ७: शैक्षिक वृत्ति तथा छात्र वृत्तिहरु........................................................................१७
७.१ शैक्षिक वृत्ति........................................................................१७
७.१.१ आवश्यक कागजातहरु........................................................................१७
७.१.२. शैक्षिक वृत्ति उपलब्ध गराउने प्रकृया........................................................................१७
७.१.क अशक्त प्रहरीहरुको सन्ततीहरुलाई छात्रवृत्ति........................................................................१७
७.१.क.१ आवश्यक कागजातहरु........................................................................१८
७.२ जेहेन्दार छात्रवृत्ति........................................................................१८
७.२.१ आवश्यक कागजातहरु........................................................................१९
७.२.२. जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउने प्रकृया........................................................................१९
७.३ उच्चशिक्षा छात्रवृत्ति........................................................................२०
७.३.१ संस्थागत/निजी विद्यालयहरुबाट उच्च अंक प्राप्त गर्ने बहालवाला प्रहरी कर्मचारीका सन्ततीको लागि........................................................................२०
७.३.२ अवकाश प्राप्त प्रहरीको सन्ततीको लागि........................................................................२०
७.३.३ अमर प्रहरी र अवकाश प्राप्त अशक्त प्रहरीको लागि........................................................................२०
७.३.४ सामुदायिक विद्यालयहरुबाट उच्च अंक प्राप्त गर्ने वहालवाला प्रहरी कर्मचारीका सन्ततीको लागि........................................................................२०
७.३.५ आवश्यक कागजातहरु........................................................................२०
७.३.६. उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउने प्रकृया........................................................................२१
७.४ उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति........................................................................२१
७.४.१. आवश्यक कागजातहरु........................................................................२१
७.४.२. उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति उपलब्ध गराउने प्रकृया........................................................................२२
७.५ IPTFछात्रवृत्ति........................................................................२२
७.५.१ आवश्यक कागजातहरु........................................................................२२
७.५.२. IPTF छात्रवृत्ति उपलब्ध गराउने प्रकृया........................................................................२२
परिच्छेद ८: कल्याण कोष निवृत्तिभरण........................................................................२३
८.१ कल्याणकोष निवृत्तिभरण........................................................................२३
८.२ आवश्यक कागजातहरु........................................................................२३
८.३. कल्याणकोष निवृत्तिभरण उपलब्ध गराउने प्रकृया........................................................................२३
परिच्छेद ९: प्रोत्साहन तथा आर्थिक सहयोग........................................................................२४
९.१ प्रोत्साहन तथा आर्थिक सहयोग........................................................................२४
९.२ आवश्यक कागजातहरु........................................................................२४
९.३ प्रोत्साहन तथा आर्थिक सहयोग उपलब्ध गराउने प्रकृया........................................................................२४
परिच्छेद १०: आर्थिक सहयोग तथा अनुदान........................................................................२५
१०.१ आर्थिक सहयोग........................................................................२५

१०.१.१ आवश्यक कागजातहरु ..... २५
१०.१.२ आर्थिक सहयोग उपलब्ध गराउने प्रकृया ..... २५
१०.१.क. विवाह अनुदान ..... २५
१०.१.क.१ आवश्यक कागजातहरु ..... २६
१०.२ औषधि उपचार अनुदान *(औषधि उपचार सुविधा अर्न्तगत)* ..... २६
१०.२.१ आवश्यक कागजातहरु ..... २६
१०.२.२ उपचार खर्च अनुदान उपलब्ध गराउने प्रकृया ..... २६
१०.३ किरियाकर्म खर्च अनुदान ..... २६
१०.३.१ आवश्यक कागजातहरु ..... २६
१०.३.२ किरियाकम खर्च उपलब्ध गराउने प्रकृया ..... २७
१०.४ औषधि उपचार अनुदान *(विशेष आर्थिक कल्याणकारी योजना अर्न्तगत)* ..... २७
१०.४.१ आवश्यक कागजातहरु ..... २८
१०.४.२ औषधि उपचार अनुदान *(विशेष आर्थिक कल्याणकारी योजना अर्न्तगत)* ..... २८
१०.४.क. औषधी उपचार अनुदान (वहालवाला प्रहरी कर्मचारीहरुलाई विशेष आर्थिक कल्याणकारी योजना अन्तर्गत) ..... २८
१०.४.क.१ आवश्यक कागजातहरु ..... २८
१०.५ क्षतिपूर्ति राहत अनुदान ..... २८
१०.५.१ आवश्यक कागजातहरु ..... २८
१०.५.२ क्षतिपूर्ति राहत उपलब्ध गराउने प्रकृया ..... २९
१०.६ अन्य अनुदान ..... २९
परिच्छेद ११: कल्याणकारी सहूलियत (उपचार) ऋण सापटी ..... ३०
११.१ परिचय ..... ३०
११.२ कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी प्राप्त गर्नको लागि योग्यता ..... ३०
११.२.१ आवश्यक कागजातहरु ..... ३०
११.३ उपलब्ध गराईने सहुलियत ऋण (उपचार) सापटी रकम, ब्याजदर र अवधि: ..... ३०
११.४ प्रवाह भएको कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी सुरक्षण तथा आवश्यक कागजात ..... ३१
११.५ कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी उपलब्ध गराउने प्रकृया ..... ३१
११.६ कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी असुली प्रकृया ..... ३१
परिच्छेद १२:किस्तावन्दीसहुलियत (सामान)ऋण कार्यक्रम ..... ३३
१२.१. परिचय ..... ३३
१२.२ कार्यक्रम संचालन वोर्डमा रहने पदाधिकारीहरु ..... ३३
१२.३. प्रहरी कल्याण कोष किस्ताबन्दी शाखा ..... ३३
१२.४ किस्ताबन्दी सहुलियत (सामान) ऋण कार्यक्रम संचालन बोर्ड तथा किस्ताबन्दी शाखाको काम तथा जिम्मेवारी ..... ३३
१२.५ किस्तावन्दी सहुलियत ऋणबाट खरिद गर्न पाउने सामानहरु ..... ३४
१२.६ प्रहरी कल्याण कोषबाट किस्ताबन्दीमा सामान प्राप्त गर्नको लागि मापदण्ड ..... ३५

१२.७ किस्तावन्दीमा सामान खरिदका लागि प्रहरी कल्याण कोषबाट दिईने सहुलियत ऋण, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता र अवधि ... ३६
१२.८ वीमा व्यवस्था ... ३७
१२.९ किस्तावन्दी सहुलियत (सामान) ऋण लगानी तथा सवारी/ मालसामान उपलब्ध गराउने प्रकृया ... ३७
१२.१० किस्तावन्दी सहुलियत ऋण असुली प्रकृया: ... ३८
परिच्छेद १३: विशेष कल्याणकारी सहूलियत ऋण सापटी कार्यक्रम ... ४०
१३.१ परिचय ... ४०
१३.२ विशेष कल्याणकारी सहुलियत ऋण लगानी वोर्ड ... ४०
१३.३ विशेष कल्याणकारी सहुलियत ऋण लगानी वोर्डको जिम्मेवारी तथा काम/कर्तव्य ... ४०
१३.४ विशेष कल्याणकारी सहुलियत ऋण प्राप्त गर्नको लागि योग्यता ... ४१
१३.५ विशेष कल्याणकारी सहुलियत ऋण प्राप्त गर्नको लागि अनलाईन फाराम स्वीकार गर्ने सम्बन्धमा ... ४१
१३.६. उपलब्ध गराईने विशेष कल्याणकारी सहुलियत ऋण सापटी रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि: ... ४१
१३.७. प्रवाह भएको विशेष कल्याणकारी सहुलियत ऋणको सुरक्षण तथा आवश्यक कागजात ... ४१
१३.८ विशेष कल्याणकारी सहुलियत ऋण सापटी उपलब्ध गराउने प्रकृया ... ४२
१३.९ विशेष कल्याणकारी सहुलियत ऋण असुली प्रकृया ... ४२
परिच्छेद१३ (क) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रम ... ४३
१३ (क) १ परिचय ... ४३
१३ (क) २ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा समिति ... ४३
१३ (क) ३ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा समितिको जिम्मेवारी तथा काम/कर्तव्य ... ४३
१३ (क) ४ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा प्राप्त गर्नको लागि आवश्यक मापदण्ड ... ४४
१३ (क) ५ रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि ... ४४
१३ (क) ६ उपलब्ध गराउने प्रकृया एवं कागजातहरुको सुरक्षण ... ४५
१३ (क) ७ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा असुली प्रकृया ... ४६
१३ (क) ८ महानगरीय प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयको भूमिका ... ४७
परिच्छेद१३ (ख) सहुलियत औषधोपचार कर्जा (Medical Treatment Loan) कार्यक्रम ... ४८
१३ (ख) १ परिचय ... ४८
१३ (ख) २ सहुलियत औषधोपचार कर्जा ( Medical Treatment Loan ) समिति ... ४८
१३ (ख) ३ समितिको जिम्मेवारी तथा काम/कर्तव्य ... ४८
१३ (ख) ४ सहुलियत औषधोपचार कर्जा प्राप्त गर्नको लागि आवश्यक मापदण्ड ... ४९
१३ (ख) ५ रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि ... ४९
१३ (ख) ६ उपलब्ध गराउने प्रकृया एवं कागजातहरुको सुरक्षण ... ५०
१३ (ख) ७ सहुलियत औषधोपचार कर्जा असुली प्रकृया ... ५०
१३ (ख) ८ प्रहरी कार्यालयको भूमिका ... ५१
परिच्छेद१३ (ग) सहुलियत शैक्षिक कर्जा (Educational Loan) कार्यक्रम ... ५२
१३ (ग) १ परिचय ... ५२
१३ (ग) २ सहुलियत शैक्षिक कर्जा ( Educational Loan ) समिति ... ५२

प्रहरी कल्याण कोष
स्थापित
२०५२

१३ (ग) ३ समितिको जिम्मेवारी तथा काम/कर्तव्य ..... ५२

१३ (ग) ४ प्राप्त गर्नको लागि आवश्यक मापदण्ड ..... ५३

१३ (ग) ५ रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि ..... ५३

१३ (ग) ६ उपलब्ध गराउने प्रकृया एवं कागजातहरुको सुरक्षण ..... ५४

१३ (ग) ७ सहुलियत शैक्षिक कर्जा असुली प्रकृया ..... ५४

१३ (ग) ८ महानगरीय प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयको भूमिका ..... ५५

परिच्छेद १४: बैठक/ तालीम/ समारोह/ अनुगमनको लागिभ्रमण सम्बन्धमा ..... ५६

१४.१ परिचय ..... ५६

१४.२ भ्रमणमा पठाउने सहभागि गराउने प्रकृया ..... ५६

१४.३ भ्रमणमा सहभागि हुने पदाधिकारी हरुले प्रतिवेदन बुझाउनु पर्ने ..... ५६

परिच्छेद १५: परामर्श सेवा तथा करार कर्मचारी नियुक्ति सम्बन्धमा ..... ५७

१५.१ परिचय ..... ५७

१५.२ परामर्श सेवा तथा करारमा कर्मचारी नियुक्ति प्रकृया ..... ५७

परिच्छेद १६: विविध ..... ५८

१६.१ योगेन्द्र स्मृति साहसिक पुरस्कार ..... ५८

१६.१.१ योगेन्द्र स्मृति साहसिक पुरस्कार वितरण प्रकृया ..... ५८

१६.२ अशक्त प्रहरीका लागि राहतका सामान वितरण ..... ५८

१६.२.१ अशक्त प्रहरीका लागि राहतका सामान वितरण प्रकृया ..... ५८

१६.३ अन्य अनुदान सहयोग ..... ५८

१६.४ कार्यविधिको संसोधन तथा परिमार्जन ..... ५८

१६.४.क Online प्रणाली ..... ५९

१६.४. ख. कर्जा सुविधाको लागि अयोग्य हुने ..... ५९

१६.४. ग. कर्जा सुविधाको दुरुपयोग गरेमा कारवाही हुन सक्ने ..... ५९

१६.५ प्रचलित कानून बमोजिम हुने ..... ५९


## अनुसूचिहरु


अनुसूचि १: अमर प्रहरीका सन्ततीहरुको लागि शैक्षिकवृत्ति निवेदनको ढाँचा ।

अनुसूचि २: शैक्षिक वृत्ति/ छात्रवृत्ति अधिकार-पत्रको ढाँचा ।

अनुसूचि ३: उच्चशिक्षा छात्रवृत्ति निवेदनको ढाँचा ।

अनुसूचि ४: उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति निवेदनको ढाँचा ।

अनुसूचि ५: कल्याण कोष निवृत्तिभरण निवेदनको ढाँचा ।

अनुसूचि ६: कल्याण कोष निवृत्तिभरण अधिकार-पत्रको ढाँचा ।

अनुसूचि ७: कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी निवेदनको ढाँचा ।

अनुसूचि ८: कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी तमसुक नमूना ।

अनुसूचि ९: किस्तावन्दी ऋण सापटी निवेदनको ढाँचा ।

अनुसूचि १०: किस्तावन्दी ऋण सापटी तमसुक नमूना ।

अनुसूचि ११: सामान निकासा अनुरोध पुर्जिको ढाँचा ।

अनुसूचि १२: विशेष कल्याणकारी सहुलियत ऋण सापटी निवेदनको ढाँचा ।

अनुसूचि १३: विशेष कल्याणकारी सहुलियत ऋण सापटी तमसुक नमूना ।

अनुसूचि १४: घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा निवेदनको ढाँचा ।

अनुसुची १५ :घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा तमसुक नमूना।

अनुसुची १६ : सहुलियत औषधोपचार कर्जा (Medical Treatment Loan) निवेदनको ढाँचा ।

अनुसुची १७ : सहुलियत औषधोपचार कर्जा तमसुक नमूना।

अनुसुची १८ : सहुलियत शैक्षिक कर्जा (Educational Loan) निवेदनको ढाँचा ।

अनुसुची १९ : सहुलियत शैक्षिक कर्जा तमसुक नमूना।

# परिच्छेद १: परिचय

## १.१ प्रस्तावना

प्रहरी संगठनका वहालवाला प्रहरी कर्मचारीहरु, सेवा निवृत्त प्रहरी कर्मचारी एवं तिनका आश्रित परिवारहरु र अमर/सहिद प्रहरी परिवारका सदस्यहरुको स्वास्थ्य, शिक्षा तथा आर्थिक क्षेत्र लगायत अन्य विविध कल्याणकारी क्षेत्रहरुमा समयानुकूल सेवा प्रदान गर्ने तथा विभिन्न सामाजिक कार्यमा सहभागिता जनाउने उद्देश्यले स्थापना भई संचालन हुँदै आएको प्रहरी कल्याण कोष प्रहरी नियमावली,२०७१ अन्तर्गत समावेश भएको र नियमावलीले प्रहरी कल्याण कोषलाई अझ बढी व्यवस्थित बनाउन तथा कल्याण कोषबाट प्रदान हुने सेवा सुविधाहरुलाई सरल, व्यवस्थित र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई संचालन गर्न निर्देशित गरेकाले र विद्यमान कार्यविधिमा केही समसामयिक परिवर्तन गर्नुपर्ने भएकोले प्रहरी कल्याण कोष संचालनको लागि यो कार्यविधि संशोधन गरिएको छ । यो कार्यविधि कल्याण कोष र कल्याण कोषका गतिविधि संचालनको मार्ग निर्देशन हुनेछ ।

## १.२ संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "प्रहरी कल्याण कोष संचालन कार्यविधि,२०७१ (संशोधन सहित)" रहेको छ ।

(ख) यो कार्यविधि संचालक समितिबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## १.३ परिभाषा

प्रहरी कल्याण कोष संचालन कार्यविधि २०७१ (संशोधन सहित) मा प्रयोग भएका तपशिल बमोजिमका शब्दहरु सम्बन्धमा बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) "कार्यविधि" भन्नाले " प्रहरी कल्याण कोष संचालन कार्यविधि २०७१ (संशोधन सहित)"लाई सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले प्रहरी नियमावली २०७१ लाई जनाउँदछ ।

(ग) "समिति" भन्नाले नियमावलीको १९४ बमोजिमको संचालक समितिलाई जनाउँदछ ।

(घ) "अध्यक्ष" भन्नाले नियमावलीको नियम १९४ को उपनियम १० मा उल्लेखित समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले नियमावलीको नियम १९४ मा उल्लेखित समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(च) "सदस्य सचिव " भन्नाले नियमावलीको नियम १९४ मा उल्लेखित समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(छ) "बैठक" भन्नाले प्रहरी नियमावली,२०७१ को नियम १९४ बमोजिम गठित समितिको बैठकलाई सम्झनु पर्दछ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले संचालक समितिबाट पारित निर्णयका आधारमा जारी गरिएको आदेश, निर्देशन र परिपत्र सम्झनु पर्दछ ।

(झ) "कोष" भन्नाले नियमावलीको नियम १९४ बमोजिम स्थापित प्रहरी कल्याण कोषलाई सम्झनु पर्दछ ।

(ञ) "प्रमाणित प्रतिलिपि" भन्नाले नोटरी पब्लिकबाट प्रमाणित गरिएका फोटोकपीहरुलाई मात्र सम्झनु पर्छ ।

## १.४ कार्यविधिको प्रमुख उद्देश्यः

(क) प्रहरी कल्याण कोषलाई अझ बढी व्यवस्थित एवं पारदर्शी बनाउँदै लैजाने।

(ख) कोषबाट प्रवाह हुने हरेक सेवा सुविधाहरुलाई सरल, विकेन्द्रीत तथा प्रभावकारी बनाउने।

(ग) कल्याण कोषबाट सम्पादन हुने कार्यहरु एवं प्रवाह हुने सेवा सुविधा उपलब्ध गराउने प्रकृयामा एकरुपता ल्याउने।

(घ) कल्याण कोषबाट प्रदान हुने सेवा सुविधा उपलब्ध गराउने प्रकृयालाई सहज एवं छिटो छरितो बनाउने।

(ङ) कल्याणकारी कार्यक्रम संचालनका लागि कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई मार्गदर्शन प्रदान गर्ने।

# परिच्छेद २: संचालक समितिको बैठक

प्रहरी कल्याण कोष संचालनको लागि प्रहरी नियमावली,२०७१ को नियम १९४ को उपनियम १० मा उल्लेखित संचालक समितिको बैठकहरु व्यवस्थित एवं उपयोगी बनाउन तपशिल बमोजिम संचालन गरिनेछन्।

## २.१ बैठक संचालन प्रकृया

(क) बैठकको अध्यक्षता प्रहरी प्रधान कार्यालय मानवश्रोत एवं प्रशासन विभाग प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षकबाट हुनेछ। निजको कार्यब्यस्तता वा अनुपस्थितिमा मर्यादाक्रमको सूची बमोजिम समितिका वरिष्ठतम सदस्यबाट बैठकको अध्यक्षता हुनेछ।

(ख) समितिको सदस्य सचिवको अनुपस्थितिमा कल्याण महाशाखाका वरिष्ठतम् अधिकृतबाट निमित्त सदस्य सचिवको काम कारवाही हुनेछ।

(ग) समितिको कुल कायम हुने संख्याको ५० प्रतिशतलाई गणपूरक संख्या मानिनेछ र सो गणपूरक संख्या अपुग भएको अवस्थामा बैठक संचालन गरिने छैन।

(घ) समितिका सदस्य सचिव मार्फत एजेण्डाहरुले बैठकमा प्रवेश पाउनेछन् र प्रस्तुत एजेण्डाहरु उपर छलफल पश्चात भएका निर्णयहरुको लिखित माईन्यूट तयार गरी आवश्यकता अनुसार सम्बन्धितलाई जानकारीका लागि पठाईनेछ।

(ङ) समितिको नियमित बैठक प्रत्येक महिनाको अन्तिम शुक्रवार बस्नेछ र आवश्यकता अनुसार अध्यक्षबाट बैठक आव्हान भएमा थप बैठकहरु समेत बस्न सक्नेछ।

(च) अध्यक्षको निर्देशनमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा सरोकारवालाहरुलाई समेत बैठकमा आमन्त्रण गर्न सकिनेछ।

## २.२. बैठक एजेण्डा सम्बन्धमा

प्रहरी कल्याण कोष बैठकमा कोषको विकास र सरोकारवालाहरुको लागि कल्याणकारी कार्यक्रम सम्बन्धी विषय वस्तुहरुमा छलफल हुनेछ, कल्याण कोषको व्यवस्थित संचालनका लागि मुलतः देहायका बिषय वस्तुहरु बैठकका एजेण्डा बन्न सक्नेछन्।

(क) नेपाल सरकार, गृह मन्त्रालय र अन्य निकायबाट प्राप्त कोष संचालन वा कोषका सेवाग्राहीहरुको कल्याणसँग सम्बन्धित नीतिगत बिषयहरु।

(ख) बैठकको अध्यक्षले छलफल हुन आवश्यक सम्झी निर्धारण गरेका बिषयवस्तुहरु।

(ग) नियमावलीको नियम १९३ बमोजिम गठित नीति निर्माण समितिवाट निर्णय भई सदस्य सचिव मार्फत लिखित वा मौखिक सूचना दिई समितिको बैठकमा एजेण्डाका रुपमा प्रवेश गराउन आवश्यक सम्झिएका विषयहरु।

(घ) बैठकका सदस्यले आवश्यक सम्झी समितिका सदस्य सचिव मार्फत पेश गरेका एजेण्डाहरु।

(ङ) यू.यन.मिशनमा कार्यरत नेपाल प्रहरीका UNPOL तथा FPU मा खटिने प्रहरी कर्मचारीहरुका सेवा सुविधा वा मिशन संचालनसँग सम्बन्धित विषयहरु।

(च) कल्याणकारी योजना निर्माण, कार्यान्वयन तथा प्रगति विवरण सम्बन्धी विषयहरु।

(छ) कल्याण कोषको वृद्धिका लागि विविध विषयमा लगानी गर्ने विषय तथा सेवाग्राहीहरुका हितका लागि गर्नुपर्ने कार्यहरु सम्बन्धी विषयहरु आदि।

## २.३ निर्णय विधि

(क) बैठकमा प्रस्तुत हुने एजेण्डाको छनौट अध्यक्षबाट तोकिए बमोजिम हुनेछ।

(ख) बैठकमा प्रस्तुत गरिएका एजेण्डाहरुमा खुल्ला छलफल पश्चात सकभर सर्वसम्मत निर्णय गराईने छ। सो हुन नसकेको अवस्थामा उपस्थित संख्याको बहुमतबाट निर्णय गरिने छ।

(ग) निर्णय प्रकृयामा फरक विचार राख्ने पदाधिकारी वा सदस्यले लिखित वा मौखिक तवरले आफ्नो फरक मत जाहेर गर्न पाउने छन्।

(घ) आमन्त्रित सदस्यको मत निर्णय प्रकृयामा समावेश गराइने छैन।

(ङ) समितिबाट गरिने निर्णयहरु नियमावलीको नियम १९४ ले दिएको अधिकार क्षेत्रभित्र रहि गरिनेछन्।

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

## परिच्छेद ३: कोषका कल्याणकारी कार्यक्रम संचालन तथा अनुगमन

प्रहरी कल्याण कोषका सवै कार्यक्रमहरु प्रहरी प्रधान कार्यालय मातहत रहेको कल्याण महाशाखा प्रमुख, महाशाखा अन्तर्गत रहेका समन्वय डेस्क/ शाखाहरु र प्रहरी कल्याण कोष मातहतका अन्य कोष मार्फत संचालन गरिनेछ। संचालित कार्यक्रमको नियमित अनुगमन कल्याण महाशाखाबाट हुनेछ भने आवश्यकता अनुसार अनुगमनको लागि संचालक समितिले विशेष अनुगमन टोली समेत बनाउन वा खटाउन सक्नेछ। कल्याण कोषको नियमित कार्यक्रमहरु संचालनको लागि कल्याण महाशाखामा रहने प्रमुख तथा समन्वय डेस्क/शाखाहरु र प्रहरी कल्याण कोष मातहतका अन्य कोषको जिम्मेवारी तपशिल बमोजिमका हुनेछन्, साथै कल्याणकारी कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्न थप शाखाहरु आवश्यक देखिएमा संचालक समिति मार्फत कल्याण महाशाखालाई अनुरोध गरिनेछ।

### ३.१ कल्याण महाशाखा प्रमुख

(क) संचालक समितिबाट तयार गरी स्वीकृत भएका कल्याण कोषको सम्पूर्ण कार्यक्रमहरु यसै कार्यविधि अन्तर्गत रहेर नियमित संचालन गर्ने।

(ख) आर्थिक अनुशासन लाई कडाईका साथ पालना गर्ने तथा गराउने र कल्याण कोषबाट अधिकाधिक प्रहरी कर्मचारीहरु लाभान्वित हुने वातावरण बनाउने।

(ग) कल्याण कोष अन्तर्गत संचालित सवै कार्यालयहरु तथा निकायहरु र तिनका क्रियाकलापहरुको निरन्तर निरीक्षण/ अनुगमन गर्ने।

(घ) कल्याण कोषको गतिविधिहरु सम्बन्धमा संचालक समितिका बैठकहरुमा संचालक समितिलाई समय समयमा अवगत गराउने तथा महत्वपूर्ण विषयहरुलाई एजेन्डाको रुपमा प्रवेश गराउने।

(ङ) सेवाग्राहीहरुको हित र कल्याण कोषको बृहत्तर विकासको लागि आवश्यक कार्यहरु गर्ने।

(च) कल्याण कोषको व्यवस्थापन सम्बन्धमा आईपर्ने अन्य महत्वपूर्ण कार्यहरु गर्ने।

### ३.२ अनुगमन तथा समन्वय डेस्क

प्रहरी कल्याण कोषद्वारा सेवाको उद्देश्य सहित संचालन भएका कार्यक्रमहरु तथा कोषको लगानीमा संचालित सेवामूलक तथा आयमूलक संस्थाहरुसँगको आवश्यक समन्वय, त्यस्ता निकायहरुको नियमित अनुगमन र भए गरेका कार्यहरुको प्रगति विवरणको अध्ययन गर्ने तथा सुधारको लागि पृष्ठपोषण दिने एवं सबै गतिविधि सम्बन्धमा कार्यालय प्रमुख मार्फत संचालक समितिलाई समेत जानकारी गराउने लगायतका कार्यहरु गर्न कल्याण महाशाखामा रहने अनुगमन तथा समन्वय डेस्कबाट तपशिल बमोजिमको कार्यहरु हुनेछन्।

(क) नेपाल प्रहरीद्वारा संचालित सेवामूलक संस्था अस्पताल तथा विद्यालयहरुसँग समन्वय गर्ने।

(ख) कल्याण कोषबाट संचालित संस्थाहरुमा कल्याण कोषबाट दिईएका अनुदानहरुको उचित सदुपयोग भए नभएको सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन गर्ने।

(ग) कल्याण कोषबाट संचालित आयमूलक संस्थाहरुसँग आवश्यक समन्वय गर्ने।

(घ) कल्याण कोषबाट संचालित आयमूलक संस्थाहरुबाट प्रवाह भएको सेवा/ गतिविधिहरुको अनुगमन गर्ने।

(ङ) आयमूलक संस्थाहरुबाट प्रवाह भएका सेवा/ तिनका गतिविधि सम्बन्धमा पृष्ठपोषण लिने र निरन्तर सुधारको लागि आवश्यक निर्देशनहरु दिने तथा कार्यालय प्रमुखमा प्रतिवेदन गर्ने।

(च) कल्याण कोषको वार्षिक कार्यक्रम अनुसार अन्य निकायहरुसँग समन्वय गरि संचालन गर्नुपर्ने कार्यक्रमहरु सम्बन्धित निकायसँग समन्वय गरी सम्पादन गर्ने र सो को प्रतिवेदनहरु समेत तयार गर्ने ।

(छ) अन्य सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने तथा कल्याण कोषका कार्यहरु सफलतापूर्वक सम्पादन गराउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोग जुटाउने ।

(ज) सेवाग्राहीको गुनासो व्यवस्थापनका लागि सम्बन्धित कार्यालयहरुसँग आवश्यक समन्वय गर्ने ।

(झ) कल्याण महाशाखाबाट संचालित सेवाहरुको गुणस्तर तथा कार्यरत कर्मचारीहरुको आचरण व्यवहारको नियमित रुपमा अनुगमन गर्ने ।

## ३.३ प्रशासन शाखा

(क) सामान्य प्रशासन र कर्मचारी प्रशासनका नियमित जिम्मेवारी अनुसारका कार्यहरु गर्ने ।

(ख) प्रहरी कल्याण कोष संचालक समितिको बैठक व्यवस्थापनका लागि आवश्यक कार्यहरु गर्ने ।

(ग) कल्याण कोषका कार्यक्रमहरु, सेवा लिने प्रकृया तथा गतिविधि सम्बन्धमा सरोकारवालाहरुलाई जानकारी गराउने ।

(घ) कल्याण कोषबाट प्रदान हुने छात्रवृत्ति छनौटको लागि नामावली संकलन गर्ने, टेवुलेशन गर्ने, स्वीकृतीको लागि कार्यालय प्रमुखमा पेश गर्ने, स्वीकृती पश्चात सम्बन्धितलाई जानकारी गराउने ।

(ङ) कल्याण कोषका प्रतिवेदनहरु तयार गर्ने ।

(च) कल्याण कोषका गतिविधिहरु सम्बन्धी प्रकाशनहरु गर्ने ।

(छ) अन्य शाखाहरुबाट हुने भनि स्पष्ट नभएका प्रशासनिक कार्यहरु गर्ने ।

## ३.४ COE/ प्रवन्ध शाखा

(क) संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ विभिन्न मिसनहरुमा कार्यरत FPU सँग निरन्तर समन्वय गर्ने र मिसनमा रहेका COE को अवस्था सम्बन्धमा जानकारी लिने, ORI Inspection Report अनुसार प्राप्त हुनुपर्ने Reimbursement सम्बन्धमा लेखा शाखालाई जानकारी गराउने र सो सम्बन्धमा कार्यालय प्रमुखलाई अपडेट गराउने ।

(ख) मिसनमा पठाईएका COE तथा अन्य Non Expendable तथा Expendable Item हरुको अध्यावधिक अभिलेख राख्ने ।

(ग) FPU मिशन संचालनको लागि आवश्यक (गैह्र सामरिक) बन्दोवस्तीका सामानहरु आर्थिक ऐन/ नियम अनुसार खरिद गर्ने ।

(घ) FPU मिशन संचालनको लागि आवश्यक गाडीहरु तथा मेजर इक्यूप्मेन्टहरु खरिद गर्ने अथवा संचालक समितिको अनुमति लिई प्रहरी प्रधान कार्यालय, प्रवन्ध शाखा मार्फत खरिदको लागि अनुरोध गर्ने र (सामरिक) सामानहरु खरिद गर्न संचालक समितिको निर्णय पश्चात प्रहरी प्रधान कार्यालय प्रवन्ध शाखामा अनुरोध गरी खरिद गर्ने व्यवस्था मिलाउने ।

(ङ) FPU मिशन संचालनको लागि खरिद भएका आवश्यक बन्दोवस्तीका सामानहरु फिल्ड मिसनमा पठाउने व्यवस्था मिलाउने ।

(च) मिसनमा जाने FPU/ UNPOL Member हरुलाई कल्याण कोषबाट उपलब्ध गराईने सामानहरु खरिद गर्ने तथा वितरण गर्ने ।

(छ) कल्याण कोषबाट निर्माण हुने भवन आदिको लागि गर्नुपर्ने टेण्डर ठेक्का आदि गर्ने वा संचालक समितिको अनुमति लिई प्रहरी प्रधान कार्यालय भौतिक पूर्वाधार निर्देशनालय मार्फत ठेक्का गर्न लगाई निर्माण गर्ने ।

(ज) कल्याण महाशाखा, महाशाखा अन्तर्गतका शाखा, तथा कल्याण कोषबाट कोष अन्तर्गत संचालित सेवामूलक संस्थाहरुलाई उपलब्ध गराउनु पर्ने मेशिनरी, फर्निचर, मसलन्दहरु तथा कल्याण महाशाखाबाट सेवाग्राहीहरुलाई अनुदानमा उपलब्ध गराईने साधन एवं सामाग्रीहरु खरिद गर्ने लगायतका सम्पूर्ण खरिद कार्यहरु गर्ने ।

(झ) कल्याण कोषका पसल तथा सपिङ कम्प्लेक्सहरु भाडामा लगाउने तथा प्रहरी आवास उपलब्ध गराउने र सो को व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने, अतिथि गृहहरुको मर्मत संभार लगायतका व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।

(ञ) सम्बन्धित FPU मिसनहरुबाट थप पेश्की रकम आवश्यक भनी माग भएको अवस्थामा औचित्य हेरी आवश्यक सुझाव सहित लेखा शाखामा पठाउने र मिसनमा उपलब्ध गराएका पेश्की रकमको फछ्यौंटको लागि विल भरपाईहरु र औचित्य अनुसारको खर्च भए नभएको एकिन गरी लेखा शाखामा पठाउने ।

(ट) कल्याण कोषका सम्पत्तिहरुको अभिलेख राख्ने तथा निरीक्षणको व्यवस्था मिलाउने ।

## ३.५ किस्तावन्दी शाखा

(क) कोषको योजना अनुसार कल्याण कोष संचालन कार्यविधि,२०७१ (संशोधन सहित) बमोजिम किस्तावन्दीमा सामान खरिदको लागि कार्यविधि बमोजिमको सहुलियत ऋण स्वीकृत गर्ने/ गराउने ।

(ख) प्रहरी कर्मचारीहरुले किस्तावन्दीमा बजारबाट खरिद गर्न चाहेको सामान उपलब्ध गराउन सहजिकरण गर्ने तथा कर्मचारीहरुलाई गुणस्तरीय सामान उपलब्ध गराउन आवश्यक कार्य/समन्वय गर्ने ।

(ग) किस्तावन्दी सुविधा लिने कर्मचारीलाई आफूले खरिद गर्न चाहेको सामान बजारबाट छनौट गरिसके पश्चात सामान खरिदको लागि कल्याण कोषबाट उक्त सामान निकासा गर्न सम्बन्धित आपूर्तिकर्ताको नाममा सामान आपूर्ति पुर्जी जारी गर्ने र किस्ताबन्दी अन्तर्गत लेखा सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(घ) सम्बन्धित सबै कार्यालयहरुलाई ऋण स्वीकृतीको बारेमा जानकारी दिने ।

(ङ) नियमित रुपमा किस्ता जम्मा भए नभएको चेकजाँच गर्ने तथा आवश्यकता अनुसारका पत्राचार गर्ने ।

(च) कल्याण कोषबाट ऋण प्रवाह भई खरिद भएका सवारी साधनहरुको विमा सम्बन्धमा ऋणीलाई समय समयमा सम्झाउने ।

(छ) ऋण चुक्ता गर्ने ऋणीहरुको सवारी साधनहरु नामसारी गराईदिने र ऋण चुक्ता गरेका ऋणी तथा अन्यलाई समेत आवश्यकता अनुसार Clearance दिने ।

(ज) किस्तावन्दीमा सामान निकासा गरिए वापत बाँकी रहेका पुराना बक्यौताहरुलाई असुल गर्न कडाईका साथ प्रयास गर्ने ।

स्थापित २०५२ (झ) शाखाको गतिविधि सम्बन्धमा त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरि कार्यालय प्रमुख मार्फत संचालक समितिमा पेश गर्ने ।

## ३.६ विशेष आर्थिक कल्याणकारी योजना शाखा

(क) कोषको योजनामा सवै प्रहरी कर्मचारीहरुबाट जम्मा हुने योगदान/ नियमित वचत रकम प्राप्त भए नभएको चेकजाँच गर्ने ।

(ख) अवकाश हुने प्रहरी कर्मचारीहरुलाई वचत रकम फिर्ता गर्ने यद्यपी सेवानिवृत्त (अनिवार्य अवकाश र राजीनामा) प्रहरी कर्मचारीको रकम फिर्ता गरेपश्चात प्राप्त भई दावी गर्न नआएको रकम स्वत: विशेष आर्थिक कल्याणकारी योजना कोषमा जम्मा गर्ने र दावी गर्न आएमा नियमानुसार फिर्ता दिने ।

(ग) प्रहरी कर्मचारीहरुलाई कल्याण कोषको वार्षिक योजना अनुसारको अनुदान रकम उपलब्ध गराउने ।

(घ) कुनै कर्मचारीको मृत्यु भएमा नियमानुसार क्षतिपूर्ति रकम उपलब्ध गराउने ।

(ङ) कल्याण कोषको योजना अनुसार कार्यविधिको अधिनमा रहेर ऋण सुविधा उपलब्ध गराउने ।

(च) सम्बन्धित सबै कार्यालयहरुलाई ऋण स्वीकृतीको बारेमा जानकारी दिने ।

(छ) नियमित रुपमा किस्ता जम्मा भए नभएको चेकजाँच गर्ने तथा आवश्यकता अनुसारका पत्राचार गर्ने ।

(ज) ऋण चुक्ता गरेका ऋणी तथा अन्यलाई समेत आवश्यकता अनुसार Clearance दिने ।

(झ) "वहालवाला प्रहरी कर्मचारीको आश्रित गैह्र प्रहरी श्रीमान् र श्रीमतिलाई गम्भिर प्रकृतिको रोग (Life Threatening Disease) जस्तै: मष्तिस्क तथा मेरुदण्ड रोग, श्रवण शक्तिमा ह्रास, मृगौला वा क्यान्सर रोग लागेका तथा मुटुको शल्यक्रिया गर्नुपर्ने अवस्थाका विरामीहरुलाई मात्र रु.२ लाखसम्म खर्च अनुदान दिने ।

(ञ) विशेष आर्थिक कल्याणकारी योजनामा जम्मा भएको रकम, योजनाबाट लगानी भएको रकम, ऋणीबाट प्राप्त हुने किस्ताहरु, क्षतिपूर्ति वापत उपलब्ध गराईएको रकम, अवकाश पश्चात फिर्ता गरिएको रकम, लगानी वापत प्राप्त भएका ब्याज तथा निक्षेपमा प्रदान गरिएको ब्याज लगायतका सम्पूर्ण कारोवारहरुको अध्यावधिक अभिलेख राख्ने ।

(ट) शाखाको गतिविधि सम्बन्धमा त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरी कार्यालय प्रमुख मार्फत संचालक समितिमा पेश गर्ने ।

(ठ) वहालवाला प्रहरी कर्मचारीहरुलाई मुटु, मृगौला, क्यान्सर, मष्तिस्क तथा मेरुदण्ड रोग, श्रवण शक्तिमा ह्रास जस्ता असाध्य रोग लागेको अवस्थामा औषधी उपचारमा सहयोग पुर्‍याउन नेपाल प्रहरी अस्पताल मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारले उपलब्ध गराउने सुविधाका अतिरिक्त रु. १ लाखसम्म औषधी उपचार अनुदान दिने ।

## ३.७ लेखा शाखा

(क) सम्पूर्ण बैंकिङ कारोबार तथा बैंकमा जम्मा भएको रकमको अभिलेख राख्ने तथा आवश्यकता अनुसार सुझाव प्रदान गर्ने ।

(ख) कल्याण कोषको लेखा तर्फको सम्पूर्ण कारोवारहरु सम्बन्धी कार्य गर्ने ।

(ग) बैंकमा रहेका निक्षेपहरुलाई फलदायी हुने खाताहरुमा राख्ने प्रयोजनको लागि "क" वर्गका बैंकहरुबाट प्रतिस्पर्धा गराई लिखित रुपमा सिलबन्दी प्रस्ताव माग गरी अधिकतम व्याज प्राप्त हुने गरी निक्षेप राख्ने तथा नविकरण गर्ने व्यवस्था मिलाउने ।

(घ) विभिन्न स्रोतहरु मार्फत कोषलाई प्राप्त हुने रकम बैंक मार्फत मात्र भुक्तानी लिने तथा प्राप्त हुनुपर्ने रकमहरु प्राप्त भए नभएको सम्बन्धमा महाशाखा प्रमुख मार्फत संचालक समितिमा जानकारी गराउने ।

(ङ) कल्याण कोषबाट नियमानुसार भुक्तानी गर्नुपर्ने रकम (स्वीकृत ऋण, सामान उपलब्ध गराए वापत आपूर्तिकर्तालाई दिनुपर्ने भुक्तानी, मिसनमा सहभागि भई फर्कने कर्मचारीहरुको तलव भत्ता, मिसनमा जाने कर्मचारीलाई दिईने पेश्की आदि) यथासक्य छिटो बैंक मार्फत भुक्तानी दिने ।

(च) कल्याण कोषको योजना अनुसारका शैक्षिकवृत्ति, छात्रवृत्ति, कल्याण कोष निवृत्तिभरण लगायत कल्याण कोषबाट सेवाग्राहीहरुलाई उपलब्ध गराईने सुविधाहरु सरल रुपमा उपलब्ध गराउन कार्ड जारी गर्ने, सेवा प्रवाहको लागि सम्बन्धित कार्यालयहरुलाई परिपत्र गर्ने ।

(छ) लेखा सम्बन्धी सम्पूर्ण अभिलेखहरु दुरुस्त राख्ने र लेखा सम्बन्धी प्रतिवेदनहरु तयार गर्ने ।

(ज) कल्याण कोषको लगानी/योगदान रहेको सेवामूलक/आयमूलक संस्थाहरुको आर्थिक कारोवारहरुको अनुगमन गर्ने, लेखा सम्बन्धी प्रतिवेदनहरु माग गर्ने, अध्ययन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

(झ) कल्याण कोष अन्तर्गतका सम्पूर्ण वेरुजु फर्छयौट गराउने तर्फ आवश्यक कार्य गर्ने ।

(ञ) COE/ प्रबन्ध शाखाबाट भएका खरिद कार्यहरुको नियमानुसार भुक्तानी गर्ने ।

(ट) कल्याण कोष तथा कोषको लगानी/योगदान रहेको आयमूलक/आयमूलक संस्थाहरुको लेखापरीक्षण गराई प्रतिवेदनहरु संकलन गर्ने तथा समितिमा पेश गर्ने ।

(ठ) शाखाको गतिविधि सम्बन्धमा त्रैमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरि महाशाखा प्रमुख मार्फत संचालक समितिमा पेश गर्ने ।

(ड) लेखा सम्बन्धी आवश्यक अन्य कार्यहरु गर्ने ।

## ३.८ प्रहरी कल्याण कोष मातहत अन्य कोष

प्रहरी कल्याण कोषका कार्यक्रमहरु सरल रुपमा सम्पादन गर्नका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महानगरीय प्रहरी कार्यालय तथा सबै प्रदेश प्रहरी कार्यालयहरुमा अक्षयकोष स्थापना भईसकेका र भविष्यमा प्रहरी कल्याण कोष संचालक समितिको निर्देशनमा स्थापना हुने अन्य कोषबाट उक्त कोष संचालन गर्ने सम्बन्धित प्रहरी कार्यालयहरुले कल्याण महाशाखाले तोकिदिएका सेवाहरु उपलब्ध गराउने तथा तपशिल बमोजिमको कार्यहरु हुनेछन् ।

(क) सम्बन्धित प्रहरी कार्यालयमा स्थापना गरिएको अक्षय कोषको आम्दानीबाट गर्न सकिने कल्याणकारी योजनाहरु तयार गरी कार्यान्वयन गर्ने तथा कल्याण महाशाखामा प्रगति प्रतिवेदन पठाउने ।

(ख) सम्बन्धित प्रहरी कार्यालयबाट संचालन गर्न सकिने कल्याणकारी योजनाहरु तयार गरी स्वीकृतीको लागि कल्याण महाशाखा मार्फत प्रहरी कल्याण कोष संचालक समितिमा पठाउने ।

(ग) प्रहरी कल्याण कोषको योजना अनुसार सम्बन्धित प्रहरी कार्यालय स्तरबाट उपलब्ध गराउन निर्देशित गरिएको कार्यहरु गर्ने ।

(घ) कल्याण महाशाखाबाट आवश्यकता अनुसार माग भएका विवरणहरु, सम्बन्धित प्रहरी कार्यालयको अर्ध-वार्षिक तथा वार्षिक प्रतिवेदनहरु तयार गरी पठाउने ।

(ङ) प्रहरी कल्याण कोषबाट प्रवाह हुने सेवालाई विकेन्द्रीकरण गर्न कल्याण महाशाखाबाट अनुरोध भएका अन्य कार्यहरु गर्ने ।

## ३.९ परामर्शदाता

कल्याण कोषको आर्थिक मामला तथा कानूनी मामलामा आवश्यक परामर्शको लागि नियुक्त हुने विशेषज्ञ परामर्शदाताहरुले सेवा करारनामामा उल्लेख भएका सेवाहरु तथा कल्याण कोष सफलतापूर्वक संचालनको लागि आवश्यक व्यवसायिक परामर्श उपलब्ध गराउनेछन् ।

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

## परिच्छेद ४: कोषका स्रोत तथा आर्थिक कारोवार

कल्याणकारी कार्यक्रमहरु संचालन गर्नको लागि प्रहरी कल्याण कोषमा नियमानुसार तपशिल बमोजिमका विभिन्न स्रोतबाट अर्थ संकलन गरिनेछ भने कोषको रकम समेत तल उल्लेख भए बमोजिमका शिर्षकहरुमा खर्च हुनेछन्।

### ४.१ प्रहरी कल्याण कोषका स्रोतहरु

कल्याणकारी कार्यक्रम संचालनमा खर्च गरिने अर्थ संकलनको लागि हाल कायम रहेका स्रोत र स्रोतहरुबाट गरिने संकलन तपशिल बमोजिम हुनेछन्।

(क) प्रहरी कर्मचारीहरुले यू.एन. मिशनमा प्राप्त गरेको पारिश्रमिकबाट कट्टा गरिएको रकम।

- ❖ UNPOL मिशनमा सहभागि हुने प्रहरी कर्मचारीहरुबाट हाल कायम रहिरहेको दररेट अनुसारः
  - ○ पहिलो पटकः मासिक खर्च यू.एस.डलर ५०० कट्टी गरी बाँकी रकममा १० प्रतिशतले हुन आउने रकम।
  - ○ दोस्रो पटकः मासिक खर्च यू.एस.डलर ५०० कट्टी गरि बाँकी रकममा ११ प्रतिशतले हुन आउने रकम।
  - ○ तेस्रो पटकः मासिक खर्च यू.एस.डलर ५०० कट्टी गरि बाँकी रकममा १२ प्रतिशतले हुन आउने रकम।
  - ○ चौथो र सो भन्दा बढी पटकः मासिक खर्च यू.एस.डलर ५०० कट्टी गरि बाँकी रकममा १३ प्रतिशतले हुन आउने रकम।
- ❖ FPU मिशनमा सहभागि हुने प्रहरी कर्मचारीहरुबाटः
  - ○ पाउने भत्ता रकममा दश प्रतिशतले हुन आउने रकम।
- ❖ विशेष अवस्थामा मिशनको निर्देशन अनुसार मिशनको क्याम्पमा बस्ने प्रहरी कर्मचारीहरुको हकमा Living Cost को रुपमा प्रति महिना छुट दिईएको यू.एस. डलर ५०० अपुग भएमा जम्मा खर्च भएको रकमको प्रमाण सहितको विवरण पेश गरेमा Living Cost को रुपमा थप रकम समेत छुट दिन सकिने छ।
- ❖ यदि मिसनमा खटिएका प्रहरी कर्मचारीको मिसनस्थलमा नै मृत्यु भएमा मिसनमा योगदान गरे वापत प्रहरी कल्याण कोषमा नियमानुसार बुझाउनु पर्ने योगदान वापतको रकम छुट दिईनेछ।

(ख) विशेष आर्थिक कल्याणकारी कार्यक्रमको लागि प्रत्येक कर्मचारीहरुबाट प्रत्येक महिना रु १०००|- को दरले कट्टी गरी जम्मा हुने रकम।

(ग) FPU मिसनहरुमा बन्दोबस्तीका सामानहरुमा लगानी गरेवापत यू.एन.बाट प्राप्त हुने शोधभर्ना (Reimbursement) रकम।

(घ) किस्ताबन्दी ऋण सहुलियतमा कार्यक्रमबाट आर्जन हुने ब्याज वापतको रकम।

(ङ) कोषबाट संचालित पेट्रोल पम्पहरुबाट हुने वार्षिक आम्दानी।

(च) चितवन, काठमाण्डौ, सिन्धुपाल्चोक, पोखरा, स्याङजा, बुटवल, नेपालगञ्ज आदि स्थानहरुमा रहेका पसल कवल (Shopping Complex) हरुलाई सार्वजनिक सूचना निकालेर प्रतिस्पर्धा गराई भाडा लगाएर गरिने आम्दानी।

(छ) काठमाण्डौ भृकुटीमण्डप तथा नेपालगञ्ज धम्बोझी स्थित अतिथि गृहहरुबाट सेवा लिए वापत प्रहरी कर्मचारीहरुबाट लिईने भाडा।

(ज) भृकुटीमण्डप स्थित नेपाल प्रहरी हेल्थ क्लवबाट हुने आम्दानी।

(झ) नेपालगञ्ज स्थित माछा पोखरीबाट हुने आम्दानी।

(ञ) स्टिकर, परिचयपत्र लगायत विविध शिर्षकबाट हुने आम्दानी।

(ट) विभिन्न बैंकहरुमा रहेको कोषको मौज्दात रकमको वार्षिक ब्याज आम्दानी।

(ठ) फिल्म शुटिङको लागि उपलब्ध गराईने तपशिल बमोजिमका सुविधाहरुबाट साविक देखिनै प्राप्त हुने गरेको तपशिल बमोजिमको सहयोग रकम।

| सि.नं. | बिवरण | अवधी | सहयोग रु. | कै. |
|---|---|---|---|---|
| १ | कार्यालय भवन ग्राउण्ड | १ देखि ३ घण्टा | ८,०००।- | |
| २ | सवारी साधन | प्रति घण्टा | ६,०००।- | |
| ३ | मेसिनरी वाकिटकी प्रतिसेट | प्रति घण्टा | २,५००।- | |
| ४ | घोडा | प्रति घण्टा | २,५००।- | |
| ५ | कुकुर | प्रति घण्टा | ५,०००।- | |
| ६ | अन्य सामान ( हतियार बाहेक) | १ देखि ३ घण्टा | १,०००।- | प्रति आईटम |
| ७ | समारोह स्थल | १ घण्टा | ७,०००।- | |
| ८ | हतियार ( कर्मचारी सहित ) | प्रतिघण्टा र गोटा | ५,०००।- | |
| ९ | मोटरवोट | प्रति घण्टा | ५,०००।- | |

(ड) नियमानुसार कोषलाई प्राप्त हुने अन्य सहयोगहरु।

## ४.२ प्रहरी कल्याण कोषबाट रकम खर्च गरिने कल्याणकारी कार्यक्रमहरु

(क) शैक्षिकबृत्ति, छात्रबृति तथा पुरस्कार।

(ख) प्रहरी स्कूल तथा अस्पतालहरुको पूर्वाधार विकासमा सहयोग।

(ग) कल्याण कोष संचालन तथा व्यवस्थापन र पर्व उत्सव समारोहको प्रवन्ध आदिमा खर्च।

(घ) बहालवालाका परिवार, अवकाश प्राप्त प्रहरीहरु तथा अमर/सहिद प्रहरी परिवार र तिनका आश्रित परिवारहरुको उपचारका लागि नेपाल प्रहरी अस्पताललाई औषधी उपचार अनुदान।

(घ) किरीयाकर्म खर्च अनुदान तथा आर्थिक सहयोगहरु।

(ङ) FPU तथा UNPOL को रुपमा खटिने प्रहरी कर्मचारीहरुको छनौट परीक्षा संचालन खर्च।

(च) FPU तथा UNPOL संचालनमा बन्दोबस्तिका सामानहरु खरिदमा हुने खर्च।

(छ) आवश्यकता अनुसार संचालक समितिबाट निर्णय भई प्रदान हुने अनुदान सहयोगहरु र संचालन हुने विभिन्न कार्यहरु ।

## ४.३ खाता संचालन

नेपाल राष्ट्र बैंकले "क" श्रेणीको इजाजत प्रदान गरेको जुनसुकै वाणिज्य बैंकमा (Commercial Bank) कल्याण कोषको खाता खोल्न सकिनेछ र त्यस्तो खाताको संचालन प्र.प्र.का. मानवश्रोत एवं प्रशासन विभाग प्रमुख, प्रशासन विभागमा कार्यरत प्र.ना.म.नि., प्र.प्र.का. कल्याण महाशाखा प्रमुख (कोषको सदस्य सचिव) र कल्याण महाशाखाका लेखा प्रमुख समेत ४ जना मध्ये कुनै दुईको संयुक्त हस्ताक्षरबाट हुनेछ । कोषले प्राप्त गर्नुपर्ने सबै रकमहरु बैंक मार्फत मात्र स्वीकार गर्ने र सम्पूर्ण आर्थिक कारोवारहरु समेत बैंक मार्फत मात्र गरिनेछ । कल्याण कोषको लगानी रहेको अन्य निकायहरुको खाताहरु समेत नेपाल राष्ट्र बैंकले "क" श्रेणीको इजाजत प्रदान गरेको जुनसुकै वाणिज्य बैंकमा खोल्न निर्देशित गरिनेछ र खाता संचालन समेत दुई वा दुई जनाभन्दा बढी जिम्मेवार ब्यक्तिबाट गराईनेछ । वहालवाला, पूर्व प्रहरी र अमर/अमर/सहिद प्रहरी परिवार तथा अशक्त प्रहरीहरुलाई विभिन्न कल्याणकारी कार्यक्रमहरुमा सहभागी गराउने हेतुले मूलधन नमासिने गरी प्राप्त ब्याजबाट त्यस्ता कार्यक्रमहरु संचालन गर्न प्रदेश स्तरीय प्रहरी कल्याण कोषको अक्षय कोष संचालनमा रहने छन् । जिल्लाहरुमा प्रहरी कर्मचारीहरुको लागि आपतकालीन राहत तत्काल उपलब्ध गराउन, किरियाकर्म खर्च उपलब्ध गराउन तथा कल्याण कोषबाट तोकिएका खर्चहरु सरल रुपमा उपलब्ध गराउन जिल्ला स्तरीय कोषमा पहाडी जिल्लाहरुमा २ लाख, तराईका जिल्लाहरुमा रु.३ लाख र उपत्यकाका ३ वटा महानगरीय प्रहरी परिसरहरुमा रु. ५ लाख वृद्धि गरिएको रकम सहितको जिल्ला स्तरीय प्रहरी कल्याण कोष संचालनमा रहने छन् र उक्त खाता सम्बन्धित कार्यालय प्रमुख र लेखा शाखा प्रमुखबाट संचालन हुने व्यवस्था मिलाईनेछ ।

## ४.४ लेखा परीक्षण

प्रहरी कल्याण कोष र कोषको लगानी रहेका सबै निकायहरुको आन्तरिक लेखापरीक्षण प्रहरी प्रधान कार्यालय आन्तरिक लेखा परीक्षण शाखाबाट गराईनेछ तर कोषको आन्तरिक लेखा परीक्षणको लागि संचालक समितिबाट बोर्ड गठन गरेर पनि गराउन सकिनेछ । कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ । कल्याण कोषको आयव्यय प्रहरी वेवसाईट तथा संचार माध्यमबाट सरोकारवाला सबैको जानकारीका लागि सार्वजनिक गरिनेछ । प्रदेश प्रहरी कोषहरुबाट गरिएका खर्चको आन्तरिक लेखा परिक्षण समेत प्रहरी प्रधान कार्यालय आन्तरिक लेखा परिक्षण शाखाबाट गरिनेछ र कोषबाट भएका खर्चहरुको अनुगमनको लागि संचालक समितिले छुट्टै टोली समेत खटाउन सकिनेछ ।

## ४.५ प्रतिवेदनहरु

प्रहरी कल्याण कोष र कोषको लगानी रहेका सबै निकायहरुबाट आवश्यकता अनुसारको सामयिक प्रतिवेदन माग गर्न सकिनेछ । कल्याण महाशाखा अन्तर्गतका शाखाहरुले तोकिएको प्रतिवेदन समयमै तयार गरी पेश गर्नुपर्नेछ र सबै प्राप्त प्रतिवेदनहरुको आधारमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा आगामी वर्षको प्रस्तावित कार्यक्रमहरु समेत समेटिने गरी कल्याण महाशाखाको प्रशासन शाखाबाट वार्षिक प्रतिवेदन तयार हुनेछ । त्यस्तो प्रतिवेदन संचालक समितिबाट अनुमोदन भए पश्चात कार्यान्वयन हुनेछ ।

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

## परिच्छेद ५: कोषबाट संचालन हुने सेवामूलक कार्यहरु र सेवा प्रवाह प्रकृया

### ५.१ प्रहरी अस्पताल

प्रहरी कर्मचारीहरु तथा आश्रित परिवारलाई सेवा पुर्‍याउने उद्देश्य सहित काठमाण्डौ, नेपालगञ्ज, दिपायल, सप्तरी र पोखरा (प्रस्तावित) मा संचालित नेपाल प्रहरी अस्पतालहरुबाट तपशिल बमोजिमका सेवाग्राहीहरुलाई तपशिल बमोजिमको स्वास्थ्य सेवा प्रदान गरिनेछ।

### ५.१.१ बहालवाला प्रहरी कर्मचारीका लागि

वहालवाला प्रहरी आफैं वा आश्रित परिवारलाई अस्पतालमा उपलब्ध OPD परामर्श सेवा तथा Pathology, Radiology, Surgical, Dialysis आदि सुविधाहरुको उपभोग गर्न पाउने व्यवस्था रहनेछ। बहालवाला कुनै प्रहरी कर्मचारीको प्रहरी अस्पतालमा उपचार हुन नसक्ने भनि सम्बन्धित विभागको विशेषज्ञ डाक्टरबाट तोकिएको सरकारी अस्पतालमा थप परीक्षण र उपचारका लागि रेफर गरेको खण्डमा उपचार गर्दा लाग्ने खर्च आर्थिक अवस्थाले भ्याएसम्म तोकिए बमोजिम अस्पताल मार्फत सोधभर्ना हुनेछ तर विदेशमा लगि उपचार गर्नुपर्ने स्थिति भएमा भने तोकिएको मेडिकल बोर्डको सिफारिशमा प्रहरी प्रधान कार्यालयबाट नेपाल सरकारलाई लेखी पठाए पश्चात निकासा भई प्राप्त हुन आएको रकम उपलब्ध गराईनेछ।

(परिवार भन्नाले पुरुष कर्मचारीको हकमा श्रीमती, आमा, बुवा, छोरा र छोरी, महिला कर्मचारीको हकमा विवाहित भए श्रीमान, सासु, ससुरा, छोरा, छोरी अविवाहित भए बुबा र आमालाई बुझ्नुपर्छ।)

### ५.१.२ निवृत्त प्रहरी कर्मचारी तथा अमर/सहिद प्रहरी परिवारका लागि

अमर/सहिद प्रहरी परिवार र निवृत्त अवकासप्राप्त अशक्त प्रहरी कर्मचारी तथा आश्रित परिवारलाई अस्पतालमा उपलब्ध OPD परामर्श सेवा तथा Pathology, Radiology, Surgical, Dialysis आदि सुविधाहरुको उपभोग गर्न पाउने व्यवस्था रहेको छ। अस्पतालमा उपचार हुन नसक्ने अवस्थामा अन्यत्रबाट भएको उपचार खर्चको सोधभर्ना गरिने छैन।

### ५.१.३ अवकाशप्राप्त वृद्ध प्रहरीहरुका लागि

७० भन्दा बढी उमेर भएका वृद्ध प्रहरी कर्मचारीहरुले वहालवाला प्रहरी कर्मचारीले पाए सरह (अन्यत्र अस्पतालमा रेफर गरी प्राप्त हुने बाहेक) अस्पतालमा उपलब्ध सेवासुविधाहरु मात्र नि:शुल्क उपलब्ध गराईनेछ।

### ५.१.४ सेवा सुविधा उपलब्ध गराउने प्रकृया र आवश्यक कागजात

(क) वहालवालाको पति र पत्नीको लागि परिचय पत्र र निबृत प्रहरी कर्मचारीका लागि पेन्सनपट्टा, नाता प्रमाणित र नागरिकताको आधारमा नेपाल प्रहरी अस्पतालबाट बनाईएको औषधोपचार पुस्तिका (Sick Book)।

(ख) वहालवाला प्रहरीका आश्रित छोरा र छोरीको हकमा नाता प्रमाणित, जन्मदर्ता र निवृत प्रहरी तथा अमर/सहिद प्रहरीका हकमा पेन्सन पट्टा, नाता प्रमाणितका आधारमा अस्पतालबाट बनाईएको उपचार पुस्तिका (Sick Book)।

(ग) उपचार सुविधा लिनको लागि प्रहरी अस्पतालमा आउँदा हरेक पटक तोकिएको दस्तुर बुझाई Sick Book दर्ता गर्नु पर्दछ तर १० दिनभित्र पुनः उपचार सुविधा लिनु परेमा सोहि शुल्कबाटै सुविधा हासिल हुनेछ ।

(घ) OPD परामर्श सेवा बाहेक Pathology, Radiology, Surgical, Dialysis आदि लगायत तोकिएका अन्य सेवासुविधाहरुका लागि अस्पतालले तोकेको न्यूनतम शुल्क बुझाएर मात्र सेवा लिन पाईने छ ।

(ङ) २१ बर्ष उमेर नाघेका सन्ततीहरुका लागि प्रहरी अस्पतालको उपचार सेवासुविधा प्राप्त हुने छैन ।

(च) पेन्सन पट्टा नभएका अवकाश प्राप्त प्रहरी कर्मचारी र तिनका आश्रित परिवारलाई अस्पतालको उपचार सेवा सुविधा प्राप्त हुने छैन ।

## ५.२ नेपाल पुलिस स्कुल

वहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारीहरु र अमर/सहिद प्रहरीका सन्ततीहरुलाई सरल र सुलभ रुपमा स्तरिय शिक्षा प्रदान गर्नका लागि नेपाल प्रहरीबाट विभिन्न स्थानमा संचालन भएका नेपाल पुलिस स्कुलहरुबाट अधिकाधिक प्रहरी कर्मचारीहरु लाभान्वित हुने व्यवस्था मिलाउँदै लगिनेछ ।

## ५.३ प्रहरी आवास भवन

बहालवाला सि.प्र.अ., जु.प्र.अ. तथा जवानहरुको लागि प्रहरी कल्याण कोषबाट निर्मित काठमाण्डौ सामाखुसी स्थित आवास सुविधा आलोपालो सबैले समान रुपमा उपभोग गर्न पाउने व्यवस्था मिलाइने छ ।
आवास सुबिधा उपलब्ध गराउँदा सि.प्र.अ.बाट शुरु तलब स्केलको १० प्रतिशत र जु.प्र.अ. तथा जवानबाट ८ प्रतिशत दरले भाडा लिई आवास उपलब्ध गराईनेछ ।

## ५.४ अतिथि गृह

काठमाण्डौको भृकुटीमण्डपमा र नेपालगञ्जको धम्बोझीमा वहालवाला तथा अवकाशप्राप्त प्रहरी अधिकृत तथा जवानहरु तथा परिवारका सदस्यहरु र अमर/सहिद प्रहरी परिवारहरुका लागि काम विशेषमा आवतजावत गर्दा न्यनूतम शुल्कमा कम्तिमा ७ (सात) दिनका लागि आवास सुविधा उपलब्ध गराईनेछ र त्यस्तो शुल्क आवस्यकता अनुसार संचालक समितिको बैठकबाट परिवर्तन गर्न सकिने छ । यस्तो अतिथि गृहमा सामान्यतया अन्य ब्यक्तिहरुलाई बस्ने अनुमति हुनेछैन । अतिथि गृह उपयोग गर्न आउने सबैसँग परिचय पत्र माग गर्नु अतिथि गृहमा खटिने प्रहरी कर्मचारीहरुको जिम्मेवारी हुनेछ भने अतिथि गृह प्रयोग गर्नेले समेत आफ्नो परिचय दिनुपर्नेछ ।

प्रहरी कल्याण कोष स्थापित २०५२

## परिच्छेद ६: कोषबाट आयआर्जनका लागि संचालित सेवामूलक कार्यहरु

### ६.१ प्रहरी पेट्रोल पम्प

नेपाल प्रहरीका सवारी साधनहरु तथा प्रहरी कर्मचारीहरु र सर्वसाधारणलाई सरल रुपमा इन्धन उपलब्ध गराई सेवा पुर्‍याउने तथा कल्याणकारी कार्यक्रमहरु संचालनका लागि केही आयआर्जन गरी टेवा पुर्‍याउने उद्देश्य सहित प्रहरी कल्याण कोषबाट संचालन भईरहेको प्रहरी पेट्रोल पम्पबाट प्रवाह हुने सेवाको गुणस्तरमा निरन्तर अभिवृद्धि गर्न कल्याण महाशाखाको अनुगमन डेस्क मार्फत अनुगमन गर्ने, दैनिक बिक्री तथा मौज्दातहरुको विवरण लिने लगायतका कार्यहरु गरिनेछ र सेवा सम्बन्धमा सेवाग्राहीहरुको गुनासो सम्बोधनका लागि उजुरी पेटीका मार्फत उजुरी संकलन गरी गुनासो व्यवस्थापन गरिनेछ ।

### ६.२ सपिङ कम्प्लेक्स

कल्याणकारी कार्यक्रमहरु संचालनका लागि आयआर्जन गरी टेवा पुर्‍याउने उद्देश्य सहित प्रहरी कल्याण कोषबाट निर्माण भई भाडामा लगाईएका सपिङ कम्प्लेक्सहरु भाडामा लगाउँदा सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धाको आधारमा भाडामा लगाईनेछ र एक पटक करार गर्दा बढीमा ५ वर्ष सम्मको लागि उक्त फर्म तथा व्यक्तिबाट सन्तोषजनक कार्य सम्पादन भएमा दुवै पक्षको मञ्जुरीमा ५ वर्षमा नबढ्ने गरी अर्को थप अवधिको लागि करार नविकरण गर्न सकिनेछ ।

### ६.३ हेल्थ क्लव

वहालवाला तथा निबृत्त प्रहरी कर्मचारीहरु र तिनका आश्रित परिवारहरुको शारिरीक तन्दुरुस्ती तथा मनोरञ्जनका लागि २०५९ सालमा काठमाण्डौ भृकुटीमण्डपमा स्थापना भई स्विमिङ, जिम, साउना तथा ज्याकुजि आदि सुविधाहरु सहित संचालनमा रहेको नेपाल पुलिस हेल्थ क्लवमा उपलब्ध गराईने सुविधाहरु कल्याण कोष संचालक समितको बैठकको निर्णय बमोजिम हुनेछ र क्लवबाट प्रवाह हुने सेवाको गुणस्तरमा निरन्तर अभिवृद्धि गर्न कल्याण महाशाखाको अनुगमन डेस्क मार्फत अनुगमन गर्ने, सेवाग्राहीहरुसँग पृष्ठपोषण लिने तथा आवश्यक निर्देशनहरु दिने लगायतका कार्यहरु गरिनेछ र सेवा सम्बन्धमा सेवाग्राहीहरुको गुनासो सम्बोधनका लागि उजुरी पेटीका मार्फत उजुरी संकलन गरी गुनासो व्यवस्थापन गरिनेछ ।

### ६.४ नेपाल पुलिस क्लव

नेपाल पुलिस क्लव, भृकुटीमण्डपमा सर्वसाधारणका लागि निम्न बमोजिमका खेलहरु उपलब्ध हुने र सो सेवा सुविधाहरु लिनको लागि सदस्यता शुल्क निम्न बमोजिम निर्धारण गरिएको छ ।

निम्नः

| सि.नं. | खेल | शुल्क दर |
|---|---|---|
| १. | व्याडमिन्टन | २०,०००।- |
| २. | लन टेनिस | ३०,०००।- |
| ३. | आजीवन | १,५०,०००।- |

सदस्यता शुल्क सम्बन्धमा प्रत्येक २ (दुई) वर्षमा पुनरावलोकन गरिने छ ।

## परिच्छेद ७: शैक्षिकवृत्ति तथा छात्र वृत्तिहरु

### ७.१ शैक्षिकवृत्ति

कक्षा ६ देखि कक्षा १२ सम्म अध्ययनरत अमर/सहिद प्रहरीका सन्ततीहरुलाई छात्रवृत्ति स्वरुप मासिक रु ३००।- का दरले शैक्षिकवृत्ति उपलब्ध गराईनेछ र यसै कार्यविधिको अनुसूचि १ बमोजिमको निवेदनको आधारमा अनुसूचि २ बमोजिमको अधिकार-पत्र उपलब्ध गराई सम्बन्धित प्रदेश प्रहरी/जिल्ला प्रहरी कार्यालय मार्फत यो सुविधा उपलब्ध गराईनेछ। यस्तो सुविधा अनुत्तिर्ण हुने विद्यार्थीको हकमा अनुतिर्ण भएको वर्ष प्रदान गरिने छैन।

### ७.१.१ आवश्यक कागजातहरु

(क) निवेदन।

(ख) नाता प्रमाणित पत्रको प्रतिलिपि (वा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि)।

(ग) सम्बन्धित विद्यालयमा अध्ययन गरिरहेको प्रमाणित पत्र।

(घ) पास भएको मार्कशिटको प्रतिलिपि।

(ङ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि।

(च) निवृत प्रहरी कर्मचारी भए पेन्सनपट्टाको प्रतिलिपि।

(छ) अमर/सहिद प्रहरीका सन्ततीको हकमा मृत्यु खालीको पत्रको प्रतिलिपि।

(ज) सम्बन्धित विद्यार्थीको २ प्रति फोटो।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल, काठमाडौं

### ७.१.२. शैक्षिकवृत्ति उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषले उपलब्ध गराउने शैक्षिकवृत्ति वितरण कार्यलाई व्यवस्थित, सरल एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) नेपाल पुलिस स्कुलहरुमा अध्ययनरत विद्यार्थीहरुको हकमा आवश्यक कागजातहरु सहित विद्यालयबाट शैक्षिकवृत्ति निकासाको अनुरोध भए पश्चात सम्पूर्ण कागजातहरु रुजु गरी कल्याण महाशाखा प्रमुखबाट स्वीकृत गराई सम्बन्धित विद्यालयको नाममा निकासा दिने।

(ख) अन्य विद्यालयहरुमा अध्ययनरत अमर/सहिद प्रहरीका सन्ततीहरुको हकमा अनुसुचि १ बमोजिमको निवेदन लिने र प्राप्त निवेदन तथा निवेदनसाथ संलग्न कागजातहरु रीतपूर्वक छन्, छैनन् रुजु गर्ने र रित पुगेको भएमा महाशाखा प्रमुखबाट स्वीकृत गराउने।

(ग) छात्रवृत्ति स्वीकृत भएमा छात्रवृत्ति वितरणको लागि लेखा शाखाबाट यसै कार्यविधिको अनुसुचि २ बमोजिमको छात्रवृत्ति अधिकारपत्र उपलब्ध गराई भुक्तानी पाईने कार्यालय समेत तोकिदिने।

(घ) शैक्षिकवृत्ति उपलब्ध गराउँदा प्रत्येक कक्षाको मार्कशिट रुजु गरी उतिर्ण हुने विद्यार्थीको हकमा मात्र उपलब्ध गराउने।

### ७.१.क अशक्त प्रहरीहरुको सन्ततीहरुलाई छात्रवृत्ति

बहालवाला प्रहरी कर्मचारी कर्तव्यपालनाको सिलसिलामा अशक्त भई अवकास प्राप्त भएमा समेत निजको एक जना सन्ततीलाई कक्षा ६ देखी स्नातक तहसम्मको अध्ययनका लागि वार्षिक रु.३ हजार ६ सयका दरले उपलब्ध गराईने छ।

### ७.१.क.१ आवश्यक कागजातहरु

प्रहरी कल्याण कोष
स्थापित
२०५२

(क) निवेदन।

(ख) नाता प्रमाणित पत्रको प्रतिलिपि (वा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि)।

(ग) सम्बन्धित विद्यालयमा अध्ययन गरिरहेको प्रमाणित पत्र।

(घ) पास भएको मार्कशिटको प्रतिलिपि।

(ङ) निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि।

(च) मेडिकल बोर्डबाट प्रमाणित अशक्तताको प्रमाणपत्रको प्रतिलिपी।

(छ) अशक्त अवकासको कागजातको प्रतिलिपी।

## ७.२ जेहेन्दार छात्रवृत्ति

(क) वहालवाला तथा अवकाश प्राप्त (वहालवाला तथा अवकाश प्राप्त अशक्त प्रहरी र अमर/सहिद प्रहरीका सन्तती वाहेक) जु.प्र.अ. दर्जाका सन्ततीहरु मध्ये सर्वोत्कृट अंक प्राप्त गर्ने २ जना जेहेन्दार सन्ततीहरुलाई कक्षा ६ देखि कक्षा १० सम्म मासिक रु ५००।– का दरले छात्रबृत्ति रकम उपलब्ध गराईनेछ।

(ख) नेपाल पुलिस स्कुलहरु बाहेक काठमाण्डौ उपत्यका तथा प्रदेश स्थित अन्य स्कूलहरुमा अध्ययनरत वहालवाला, अवकाश प्राप्त, अमर/सहिद तथा अशक्त प्रहरी हवल्दारदेखि प्रहरी कार्यालय सहयोगी सम्मका कक्षा ६ देखि कक्षा ८ सम्म वार्षिक रु.६,०००।– तथा कक्षा ९ र कक्षा १० सम्म वार्षिक रु.९,०००।– का दरले वार्षिक रु.३२ लाख ४ हजार रुपैंयामा नबढ्ने गरी उच्च अंक (६०% वा सो भन्दा बढी) हासिल गर्ने सन्ततीहरुलाई निम्नानुसार कोटामा जेहेन्दार छात्रवृत्ति रकम उपलब्ध गराईनेछ:-

निम्नः

| सि. नं. | कार्यालय /कक्षा | बहालवाला प्र.क.सन्तति | | | | | पूर्व प्र.क. सन्तति | | | | | अमर प्र.क. सन्तति | | | | | वहालवाला तथा अवकाश प्राप्त अशक्त प्र.क. सन्तति | | | | | जम्मा कोटा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ६ | ७ | ८ | ९ | १० | ६ | ७ | ८ | ९ | १० | ६ | ७ | ८ | ९ | १० | ६ | ७ | ८ | ९ | १० | |
| १ | १ नं. प्रदेश | ९ | ९ | ९ | ९ | ८ | ३ | ३ | ३ | ३ | २ | २ | १ | १ | १ | १ | १ | १ | २ | १ | १ | ७० |
| २ | २ नं. प्रदेश | ८ | ७ | ७ | ७ | ७ | ३ | ३ | २ | २ | २ | २ | १ | १ | १ | १ | १ | १ | २ | १ | १ | ६० |
| ३ | बाग्मती प्रदेश | ७ | ६ | ६ | ६ | ५ | २ | २ | २ | २ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ५० |
| ४ | गण्डकी प्रदेश | ६ | ५ | ५ | ६ | ५ | २ | २ | २ | २ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ४७ |
| ५ | लुम्बिनी प्रदेश | ८ | ७ | ७ | ८ | ७ | ३ | ३ | २ | ३ | २ | २ | १ | १ | १ | १ | १ | १ | २ | १ | १ | ६२ |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | कर्णाली प्रदेश | ५ | ५ | ५ | ५ | ४ | २ | २ | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ४२ |
| ७ | सुदूरपश्चिम प्रदेश | ६ | ६ | ५ | ५ | ४ | २ | २ | १ | २ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | ४४ |
| ८ | काठमाण्डौ उपत्यका | ११ | १० | १० | ८ | ७ | ४ | ३ | ३ | ३ | २ | २ | १ | १ | २ | १ | १ | १ | २ | २ | १ | ७५ |
| जम्मा | | ६० | ५५ | ५४ | ५४ | ४७ | २१ | २० | १६ | १९ | १४ | १२ | ८ | ८ | ९ | ८ | ८ | ८ | १२ | ९ | ८ | ४५० |

(ग) क्रमश: महानगरीय प्रहरी कार्यालय तथा प्रदेश प्रहरी कार्यालयहरुले छात्रवृत्ति प्रदान गर्ने क्रममा कुनै कारणवस कुनै शैक्षिक सत्रमा उपरोक्त बमोजिम छुट्याईएको कोटा खाली हुन गएमा सम्बन्धित प्रहरी कार्यालयले आवश्यकता अनुसार सो वर्षको लागि कोटा समायोजन तथा खाली राखी छात्रवृत्ति प्रदान गर्न सक्नेछ र छात्रवृत्ति वापतको रकम उपलब्ध गराउन प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखामा सिफारिस गर्नुपर्ने छ।

(घ) उपरोक्त बमोजिम छात्रवृत्ति प्राप्त गरेका अमर/सहिद एवं वहालवाला तथा अवकाश प्राप्त अशक्त प्रहरी कर्मचारीका सन्ततीले अन्य कुनै पनि छात्रवृत्ति पाउने छैनन्।

### ७.२.१ आवश्यक कागजातहरु

(क) सम्बन्धित विद्यालयको शिफारिस पत्र।

(ख) मार्कशिटको प्रतिलिपि।

### ७.२.२. जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषले उपलब्ध गराउने जेहेन्दार छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित, सरल एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) सम्बन्धित प्रहरी कार्यालयले जेहेन्दार कोटामा छनौट भई सिफारीसमा परेका विद्यार्थीहरुको विवरण सम्बन्धित विद्यालय मार्फत रुजु गर्ने।

(ख) पूर्व प्रहरी कर्मचारीको हकमा अभिभावकको निवृत्तिभरण अधिकार पत्र र नागरिकताको प्रमाणित प्रतिलिपी राख्नुपर्ने।

(ग) अमर/सहिद प्रहरीका सन्ततीको हकमा मृत्यु खाली पत्रको प्रतिलिपी, निवृत्तिभरण अधिकार पत्रको प्रतिलिपी र नागरिकताको प्रमाणित प्रतिलिपी राख्नुपर्ने।

(घ) वहालवाला तथा अवकाश प्राप्त अशक्त प्रहरीको हकमा अशक्तता प्रमाणपत्रको प्रतिलिपी, निवृत्तिभरण अधिकार पत्रको प्रतिलिपी र नागरिकताको प्रतिलिपी राख्नुपर्ने।

### ७.३ उच्चशिक्षा छात्रवृत्ति

हरेक वर्षको SEE परीक्षामा उच्च अंक हासिल गर्ने वहालवाला, अवकाश प्राप्त, अमर/सहिद र अशक्त प्रहरीका सन्ततीहरुलाई निम्नानुसारको कोटामा ११/१२ कक्षा अध्ययन को लागी अध्ययन कार्य जारी रहेसम्म लगातार २ वर्षसम्म छात्रवृत्ति रकम दिईनेछ।

साथै हरेक वर्षको १२ कक्षा पश्चात परीक्षा (११/१२ संयुक्त) मा उच्च अंक हासिल गर्ने वहालवाला, अवकाश प्राप्त, अमर/सहिद र अशक्त प्रहरीका सन्ततीहरुलाई निम्नानुसारको कोटामा उच्च शिक्षा अध्ययन को लागी अध्ययन कार्य जारी रहेसम्म लगातार बढीमा ४ वर्षसम्म छात्रवृत्ति रकम दिईनेछ। छनौटमा परेको कुनै सन्तती कुनै कक्षामा अनुत्तिर्ण भएमा यो सुविधाबाट वञ्चित गरिनेछ।

**७.३.१ संस्थागत/निजी विद्यालयहरुबाट उच्च अंक प्राप्त गर्ने बहालवाला प्रहरी कर्मचारीका सन्ततीको लागि (मासिक रू १,५००।-)**

(क) प्र.ना.उ./प्र.नि. का सन्तती : १ जना

(ख) जु.प्र.अ. का सन्तती : ५ जना

(ग) प्र.ह./प्र.ज./प्र.का.स. का सन्तती : १० जना

**७.३.२ अवकाश प्राप्त प्रहरीका सन्ततीको लागि (मासिक रू १,५००।-)**

(क) प्र.नि. का सन्तती : २ जना

(ख) जु.प्र.अ. का सन्तती : ४ जना

(ग) प्र.ह./प्र.ज./प्र.का.स. का सन्तती : ४ जना

**७.३.३ अमर/सहिद प्रहरी र अवकाश प्राप्त अशक्त प्रहरीका सन्ततीको लागि (मासिक रु १,५००।-)**

:१०/१० जना

**७.३.४ सामुदायिक/सरकारी विद्यालयहरुबाट उच्च अंक प्राप्त गर्ने वहालवाला प्रहरी कर्मचारीका सन्ततीको लागि (मासिक रु १,५००।-)**

(क) प्र.ना.उ./प्र.नि. का सन्तती : १ जना

(ख) जु.प्र.अ. का सन्तती : ४ जना

(ग) प्र.ह./प्र.ज./प्र.का.स. का सन्तती : १० जना

**७.३.५ आवश्यक कागजातहरु**

(क) SLC/SEE वा ११/१२ कक्षाको परीक्षामा प्राप्त गरेको लब्धांक पत्र तथा चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि।

(ख) छनौटमा परेकाहरुको हकमा कलेजमा अध्ययनरत रहेको प्रमाण।

(ग) वहालवाला कर्मचारीको हकमा कार्यरत प्रहरी कार्यालयको सिफारिस पत्र।

(घ) अमर/सहिद प्रहरी परिवार तथा पूर्व प्रहरी कर्मचारीको हकमा अभिभावकको पेन्सन पट्टा र नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

### ७.३.६ उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषबाट उपलब्ध गराईने उच्च शिक्षा छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित, सरल एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ ।

(क) उल्लेखित छात्रवृत्ति वितरणको लागि सम्बन्धित सवैको जानकारीको लागि SLC/SEE साथै ११/१२ कक्षाको परीक्षाफल प्रकाशन भएपश्चात परिपत्र गर्ने ।

(ख) प्रवेशिका परीक्षाको परीक्षाफल प्रकाशित भएको ३० दिनसम्म विवरण संकलन गर्ने ।

(ग) विवरणहरु प्राप्त भएपछि ७ दिनभित्र टेवुलेशन गरी कल्याण महाशाखाको अधिकृतबाट रुजु गराई स्वीकृतीको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने र स्वीकृत भईसकेपछि छात्रवृत्ति प्राप्त गर्ने सन्बन्धितलाई जानकारी गराउने ।

(घ) काठमाण्डौ उपत्यकाको हकमा कल्याण महाशाखाबाट र अन्य जिल्लाहरुको हकमा यसै कार्यविधिको अनुसुचि ३ अनुसारको ढाँचाको निवेदन सहितका कागजातहरु प्राप्त भए पश्चात अनुसुचि २ बमोजिमको छात्रवृत्ति वितरण कार्ड बनाई सम्बन्धित जिल्लाबाटै भुक्तानी दिने र सो को सोधभर्ना कल्याण कोषबाट दिने व्यवस्था मिलाउने ।

(ङ) यसरी उपलब्ध गराउने छात्रवृत्ति वार्षिक रुपमा एकमुष्ठ उपलब्ध गराउने र दोस्रो वर्षदेखि प्रत्येक वर्ष उत्तिर्ण भएको मार्कशिटको प्रमाणित फोटोकपि प्राप्त भएपछि मात्र छात्रवृत्ति रकम उपलब्ध गराउने ।

(च) छात्रवृत्ति उपलब्ध गराउने कार्यालयले कल्याणकोषबाट वितरण भएको छात्रवृत्ति अधिकार-पत्रमा अभिलेख जनाई मात्र छात्रवृत्ति रकम उपलब्ध गराउने यसरी उपलब्ध गराउने रकम सम्भव भएसम्म चेकबाट मात्र भुक्तानी दिने ।

## ७.४ उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति

उच्चशिक्षा प्रोत्साहन छात्रवृत्ति (शिक्षा मन्त्रालयको छात्रवृत्ति परीक्षामा छनौट भई चिकित्साशास्त्र, इन्जिनियरीङ, नर्सिङ, Computer Science आदि विषयहरुमा उच्च शिक्षामा अध्ययनरत वहालवाला, अवकाश प्राप्त र अमर/सहिद प्रहरीका सन्ततीलाई निम्नानुसार प्रोत्साहन स्वरुप छात्रवृत्ति उपलब्ध गराईनेछ ।

**वहालवाला तथा अवकास प्राप्त प्रहरीका हकमा:**

(क) प्र.ह., प्र.ज. र प्र.का.स.का सन्ततीलाई रु. १ लाख ।

(ख) जु.प्र.अ.का सन्ततीलाई रु. ७५ हजार ।

(ग) सि.प्र.अ.का सन्ततीलाइ रु. ५० हजार ।

(घ) अमर/सहिद प्रहरी परिवार तथा अवकासप्राप्त अशक्त प्रहरीका हकमा जुनसुकै दर्जाका भए पनि रु. १ लाख ।

### ७.४.१ आवश्यक कागजातहरु

(क) शिक्षा मन्त्रालयको छात्रवृत्तिमा छनौट भएको प्रमाण कागजात ।

(ख) अध्ययनरत क्याम्पसको सिफारिस पत्र ।

(ग) वहालवाला कर्मचारीको सन्ततीको हकमा कार्यरत प्रहरी कार्यालयको सिफारिस पत्र ।

(घ) अमर/सहिद प्रहरी परिवार तथा पूर्व प्रहरी कर्मचारीको हकमा पेन्सन पट्टा र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

(ङ) नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।

### ७.४.२. उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषबाट प्रदान गरिने उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति वितरण कार्यलाई व्यवस्थित, सरल एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) प्रत्येक वर्ष सबै प्रहरी कार्यालय तथा अन्य माध्यमबाट सरोकारवालाहरुलाई कार्यक्रम सम्बन्धमा जानकारी गराउने।

(ख) आवश्यक कागजातहरु सहित पर्न आएको निवेदन संकलन गर्ने र रुजु गरी उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति स्वीकृतीको लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने तथा प्रमुखबाट स्वीकृत भए पश्चात उच्च शिक्षा प्रोत्साहन रकम बैक मार्फत भुक्तानी दिने।

### ७.५ IPTF छात्रवृत्ति

सन् १९९२ मा United Nations' International Police Task Force (IPTF) मिसन पुरा गरी फर्केर आएका नेपाल प्रहरीका अधिकृतहरुबाट स्वेच्छिक रुपमा एकमुष्ट USD १३,४५०।– (ने.रू. ७,८६,८४२।५५) जम्मा गरी खडा गरिएको IPTF छात्रबृत्ति कोषको ब्याजबाट १० कक्षासम्म अध्ययन गर्नका लागि सो कोषको ब्याजले खामे सम्मको संख्यामा एक जनालाई वार्षिक रु. ६०००।-का दरले आर्थिक अवस्था कमजोर भएका द्वन्द्व पिडित अशक्त प्रहरी कर्मचारीका सन्ततीहरुलाई पहिलो प्राथमिकतामा राखी छात्रबृति प्रदान गर्ने व्यवस्था रहेको छ। छनौटमा परेका सन्ततीले १० कक्षा पुरा नगरेसम्म लगातार छात्रबृत्ति रकम पाईरहने छन् तर अध्ययन कार्य विच मै छाडेमा भने छात्रबृत्ति रकम दिईने छैन। छात्रबृत्तिका लागि छनौट गर्ने कार्य प्रहरी कल्याण महाशाखाबाट गरिनेछ।

### ७.५.१ आवश्यक कागजातहरु

(क) सम्बन्धितको अविभावकको निवेदन।

(ख) अध्ययन गरिरहेको विद्यालयको सिफारिस पत्र।

(ग) निरन्तरताको लागि प्रत्येक शैक्षिकशत्र पश्चात पास भएको मार्कशिटको प्रतिलिपि।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल, काठमाडौं

### ७.५.२. IPTF छात्रवृत्ति उपलब्ध गराउने प्रकृया

(क) निवेदन तथा आवश्यक कागजातहरु संकलन गर्ने।

(ख) आवश्यक कागजातहरु सहित पर्न आएको निवेदन रुजु गरि IPTF छात्रवृत्ति स्वीकृतीको लागि महाशाखा प्रमुख समक्ष पेश गर्ने र प्रमुखबाट स्वीकृत भए पश्चात लेखा शाखाबाट यसै कार्यविधिको अनुसूचि २ बमोजिमको छात्रवृत्ति अधिकार पत्र उपलब्ध गराउने, भुक्तानी लिने कार्यालय तोकिदिने।

(ग) भुक्तानी दिने कार्यालयले कल्याण महाशाखाबाट जारी भएको छात्रवृत्ति अधिकार-पत्रमा अभिलेख जनाई सम्भव भएसम्म बैंक मार्फत मात्र भुक्तानी दिने।

# परिच्छेद ८: कल्याण कोष निवृत्तिभरण

## ८.१ कल्याणकोष निवृत्तिभरण

नेपाल प्रहरीमा सेवा गरी अवकाश प्राप्त गरेका पेन्सन होल्डर ७० वर्ष उमेर पुगेका पूर्व प्रहरी कर्मचारीहरुलाई (पुरुषः मासिक रु.१,०००/- र महिला मासिक रु.१,५००/- का दरले) नेपाल प्रहरी कल्याण कोषको तर्फबाट कदर स्वरुप प्रहरी कल्याण कोष निवृत्तिभरण उपलव्ध गराईनेछ ।

प्रहरी कल्याण कोष स्थापित २०५२ महाराजगञ्ज काठमाडौं

## ८.२ आवश्यक कागजातहरु

(क) यसै कार्यविधिको अनुसूचि ५ बमोजिमको निवेदन ।

(ख) पेन्सनपट्टाको प्रमाणित प्रतिलिपि ।

(ग) नियुक्ति पत्र वा अवकाश पत्र वा प्रशंसा पत्रको फोटोकपि ।

(घ) उमेर स्पष्ट हुने नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) पासपोर्ट साइजको २ प्रति फोटो ।

## ८.३. कल्याणकोष निवृत्तिभरण उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषले प्रहरी सेवामा समर्पित भएर सेवा निवृत्त भएका जेष्ठ प्रहरी कर्मचारीहरुलाई सम्मान स्वरुप प्रदान गर्ने निवृत्तिभरण वितरण कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ ।

(क) काठमाण्डौ उपत्यकाको हकमा कल्याण महाशाखाबाट र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्ला प्रहरी कार्यालय मार्फत यसै कार्यविधिको अनुसुचि ५ बमोजिमको ढाँचाको निवेदन संकलन गर्ने र आवश्यक कागजातहरु प्राप्त गर्ने ।

(ख) अनुसुचि ५ अनुसारको ढाँचाको निवेदन सहितका कागजातहरु प्राप्त भएपछि कागजात रुजु गरी निवेदक जेष्ठ पूर्व प्रहरी कर्मचारीको नाममा अनुसूचि ६ बमोजिमको कल्याण कोष निवृत्तिभरण अधिकारपत्र बनाई उपलब्ध गराउने, सम्बन्धित जिल्लाबाटै भुक्तानी दिने व्यवस्था मिलाउने र सो को सोधभर्ना कल्याण कोषबाट दिने व्यवस्था मिलाउने ।

(ग) यसरी उपलब्ध गराईने निवृत्तिभरण रकम अर्ध-वार्षिक रुपमा एकमुष्ठ उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(घ) निवृत्तिभरण उपलब्ध गराउने कार्यालयले कल्याण कोषबाट उपलब्ध गराईएको निवृत्तिभरण कार्डमा अभिलेख जनाई उपलब्ध गराउने र प्रत्येक पटक रकम भुक्तानी दिएपछि कल्याण कोष निवृत्तिभरण कार्डको फोटोकपि कल्याण महाशाखाको लेखा शाखामा उपलब्ध गराउने ।

**नोटः** नेपाल प्रहरीमा सेवा गरी निवृत्त भएका जेष्ठ प्रहरी सदस्यहरुलाई उपलब्ध गराईने कल्याण कोष निवृत्तिभरण सम्बन्धित ब्यक्तिको जिवनभर मात्र उपलब्ध गराईनेछ ।

# परिच्छेद ९: प्रोत्साहन तथा आर्थिक सहयोग

## ९.१ प्रोत्साहन तथा आर्थिक सहयोग

शान्ति सुरक्षा कायम गर्न तथा अपराध नियन्त्रण गर्न प्रहरी कारवाहीहरुमा खटिने प्रहरी कर्मचारीहरुको मनोवल वृद्धि गराई सेवा प्रति उत्प्रेरित गराउन प्रहरी कारवाहीको क्रममा घाईते हुने तथा संगठनको छवि उच्च पार्ने खालका साहसिक कार्य गर्ने प्रहरी कर्मचारीहरुलाई आर्थिक सहयोग तथा प्रोत्साहन स्वरुप प्रतिब्यक्ति रु. १०,०००।- प्रदान गरिनेछ।

## ९.२ आवश्यक कागजातहरु

(क) रकम उपलब्ध गराउन प्रहरी प्रधान कार्यालय, कार्य विभागको सिफारिस पत्र तथा पत्र साथ प्रहरी कर्मचारीबाट भएको प्रशंसनिय कामको विवरण।

(ख) सम्बन्धित प्रहरी कर्मचारीको परिचयपत्रको फोटोकपि।

(ग) सम्बन्धित प्रहरी कर्मचारीको कम्प्युटर कोड सहितको तिनपुस्ते अभिलेख।

## ९.३ प्रोत्साहन तथा आर्थिक सहयोग उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषले प्रहरीको छवी उच्च राख्न प्रहरी कारवाहीहरुमा वहादुरी प्रदर्शन गर्ने प्रहरी कर्मचारीहरुलाई कदर स्वरुप उपलब्ध गराईने प्रोत्साहन तथा आर्थिक सहयोग वितरणलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) बहादुरी प्रदर्शन गर्ने प्रहरी कर्मचारीबाट भएका कामको सम्पूर्ण विवरण तथा कामको पुष्टी हुने कागजातहरु तथा फोटो सहित प्रहरी प्रधान कार्यालय कार्य विभागले प्रोत्साहन तथा आर्थिक सहयोग उपलब्ध गराउन कल्याण महाशाखालाई लेखेको सिफारिस पत्र सहितका कागजातहरु संकलन गर्ने।

(ख) प्राप्त भएको पत्र तथा कागजातहरुको रुजु पश्चात कल्याण महाशाखा प्रमुखबाट स्वीकृत गराउने र कल्याण महाशाखाको लेखा शाखाले नियमानुसार सवै प्रकृया पुर्‍याई भुक्तानी दिने वा तत्काल भुक्तानी दिन सम्बन्धित कार्यालयलाई अनुरोध गर्ने तथा भरपाई संकलन गरी सुरक्षित राख्ने।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल, काठमाडौं

## परिच्छेद १०: आर्थिक सहयोग तथा अनुदान

### १०.१ आर्थिक सहयोग

दैवी प्रकोप तथा अन्य विपत्तिमा परेका वहालवाला, पूर्व प्रहरी कर्मचारीहरु र अमर/सहिद प्रहरीका परिवारहरुलाई (प्रकोपमा परि क्षति भएमा, दुर्घटनामा परी वा जटिल रोग लागि औषधी उपचार गर्नु पर्ने अवस्थामा पुष्ट्याई हुने आवश्यक प्रमाण कागजातका आधारमा) कल्याण कोषको स्वीकृत योजना बमोजिमको आर्थिक सहायता तत्काल दिईनेछ। यो सुविधा सम्बन्धित प्रदेश प्रहरी कार्यालयमा रहेको कल्याण कोषबाट समेत उपलब्ध हुने व्यवस्था रहेको छ।

### १०.१.१ आवश्यक कागजातहरु

(क) वहालवाला प्रहरी कर्मचारिको हकमा सम्बन्धित कार्यालयको सिफारिस पत्र र अमर/सहिद प्रहरी परिवार तथा पूर्व कर्मचारीको हकमा, पूर्व प्रहरी सँगठनको सिफारिस पत्र वा सम्बन्धित व्यक्तिको निवेदन।

(ख) औषधी उपचारको बापत आर्थिक सहयोगको लागि सम्बन्धित चिकित्सकले चेकजाँच गरेको प्रमाण कागजातहरु।

(ग) दैवी प्रकोप बापत पाउने आर्थिक सहयोगको लागि नजिकको प्रहरी कार्यालयले गरेको घटनास्थल प्रकृति मुचुल्का र सिफारिस पत्र।

(घ) अमर/सहिद प्रहरी परिवार तथा पूर्व प्रहरी कर्मचारीको हकमा पेन्सन पट्टा र नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत आवश्यक पर्ने।

### १०.१.२ आर्थिक सहयोग उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषबाट प्रहरी कर्मचारीहरुलाई उपलब्ध गराईने आर्थिक सहयोग उपलब्ध गराउने कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) उपत्यकाको हकमा कल्याण महाशाखामा आवश्यक कागजातहरु सहितको निवेदन प्राप्त भए पश्चात कागजात रुजु गरी आर्थिक सहयोग स्वीकृतीका लागि कार्यालय प्रमुखमा पेश गर्ने र प्रमुखबाट सहयोग स्वीकृत भए पश्चात निवेदकले रकम भुक्तानी मागेको खाता मार्फत वा चेक मार्फत भुक्तानी दिने।

(ख) प्रदेश प्रहरी कार्यालयमा परेको निवेदन सम्बन्धमा निवेदन रुजु गरी प्रहरी कल्याण कोष मातहतका अन्य कोषबाटै रकम निकासा दिने।

(ग) जिल्ला प्रहरी कार्यालयमा पर्ने निवेदन कल्याण महाशाखाले संकलन गरी आार्थिक सहयोग स्वीकृत भएमा निवेदकले रकम माग गरेको खाता मार्फत वा कार्यरत कार्यालय मार्फत रकम निकासा दिने र निवेदकले रकम बुझेको भरपाई संकलन गरी सम्बन्धित फाईलमा सुरक्षित राख्ने।

### १०.१.क. विवाह अनुदान

कर्तव्य पालनाको सिलसिलामा विरगती प्राप्त अमर/सहिद प्रहरीको सन्ततीहरु मध्ये एक जना छोरीको शुभ विवाहमा संस्थागत अभिभावकत्व बहन गर्दै विवाह खर्च सहयोग स्वरुप प्रहरी कल्याण कोषको तर्फबाट अनुदान स्वरुप रु/३० हजार उपलब्ध गराईने छ।

### १०.१.क.१ आवश्यक कागजातहरु

(क) नेपाल सरकारबाट अमर/सहिद घोषणा भएको खुल्ने कागजात ।

(ख) अमर/सहिद प्रहरी र प्रहरी परिवारको सम्बन्धित स्थानिय तहबाट जारी गरेको नाता प्रमाणित प्रतिलिपी ।

(ग) मृत्युदर्ता प्रमाणपत्रपत्रको प्रमाणित प्रतिलिपी ।

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(ङ) विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी (विवाह पश्चात अनिवार्य पेश गर्नुपर्ने) ।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल, काठमाडौं

## १०.२ औषधी उपचार अनुदान (औषधी उपचार सुविधा अन्तर्गत)

अमर/सहिद प्रहरी कर्मचारीहरुका श्रीमान वा श्रीमती, निवृत्तभरण सुविधा प्राप्त पूर्व प्रहरी कर्मचारीहरु आफैं वा आश्रित श्रीमान श्रीमतिमध्ये कसैलाई मुटु, मृगौला, क्यान्सर, मष्तिस्क तथा मेरुदण्ड रोगको उपचार गर्नु परेमा नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको सिफारीसमा कुनै एकलाई एक पटकको लागि मात्र रू. १ लाख अनुदान सहयोग प्रदान गरिनेछ ।

### १०.२.१ आवश्यक कागजातहरु

(क) सम्बन्धित व्यक्तिको निवेदन (पेन्सन पट्टाको फोटोकपि/नाता प्रमाणित प्रमाण पत्रको फोटोकपि र नागरिकताको प्रमाणपत्रको फोटोकपि समेत) ।

(ख) प्रहरी अस्पतालका विशेषज्ञ चिकित्सकबाट जाँच भएको प्रमाण ।

(ग) नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णय पत्र ।

(घ) उपचार खर्च अनुदान उपलब्ध गराई दिन प्रहरी प्रधान कार्यालय कल्याण महाशाखालाई लेखिएको प्रहरी अस्पतालको सिफारिस पत्र ।

### १०.२.२ उपचार खर्च अनुदान उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषबाट प्रहरी कर्मचारीहरुलाई उपलब्ध गराईने आर्थिक सहयोग उपलब्ध गराउने कार्यालयले वितरण कार्यलाई सरल, व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ ।

(क) नेपाल प्रहरी अस्पतालबाट पठाईएको आवश्यक कागजातहरु सहितको निवेदन संकलन गर्ने ।

(ख) प्राप्त निवेदन रुजुगर्ने र निवेदन रितपूर्वकको भएमा कल्याण महाशाखा प्रमूखबाट अनुदान स्वीकृत गराउने ।

(ग) अनुदान रकम निवेदकले निकासा माग गरेको खाता मार्फत वा चेक मार्फत भुक्तानी दिने ।

## १०.३ किरीयाकर्म खर्च अनुदान

वहालवाला तथा अवकाशप्राप्त प्रहरी कर्मचारीको मृत्यु भएमा निजको नजिकको हकवालालाई रू. २५,०००।- खर्च दिईने व्यवस्था रहेको छ । यो सुविधा बमोजिमको रकम कल्याण कोष वा प्रहरी कल्याण कोष मातहतका अन्य कोष वा जिल्ला प्रहरी कार्यालय मार्फत उपलब्ध गराईनेछ ।

### १०.३.१ आवश्यक कागजातहरु

(क) हकवालाको निवेदन ।

(ख) बहालवाला कर्मचारीको हकमा सम्बन्धित प्रहरी कार्यालयबाट मृत्यु खालि गरिएको पत्र ।

(ग) मृत्यु दर्ताको प्रमाणपत्र ।

(घ) हकवालासँग नाता प्रमाणित कागज ।

(ङ) हकवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निवेदन ।

(च) पेन्सनवाला कर्मचारी भए पेन्सन पट्टाको प्रतिलिपि ।

(छ) हकवाला पत्नी नभएको अवस्था भए निजको मृत्यु दर्ता गरेको पत्र ।

(ज) विवाह दर्ताको प्रमाणित प्रतिलिपि वा पति पत्नि हुन भनि सम्बन्धित जिल्ला प्रशासन वा स्थानिय तहको पत्र ।

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

## १०.३.२ किरीयाकर्म खर्च उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषबाट मृतक प्रहरीका हकवालालाई उपलब्ध गराईने किरीयाकर्म खर्च वितरण प्रकृयालाई सरल बनाउन तपशिल बमोजिम गर्नुपर्दछ ।

(क) आवश्यक कागजातहरु सहितको निवेदन संकलन गर्ने ।

(ख) प्राप्त निवेदन र निवेदन साथ संलग्न कागजातहरु रुजु गर्ने र दुरुस्त भएमा कार्यालय प्रमुखबाट स्वीकृत गराई निवेदकको अनुरोध बमोजिम बैंक मार्फत वा चेक मार्फत भुक्तानी दिने ।

(ग) कृयाकर्म खर्च सम्बन्धमा लेखा संचालन हुने जुनसुकै प्रहरी कार्यालयले पनि रीतपूर्वकको निवेदन प्राप्त भई रुजु गरी निकासा दिई सोधभर्ना माग्न सक्ने र सो सोधभर्ना कल्याण महाशाखाबाट तत्काल गरिनेछ ।

## १०.४ औषधी उपचार अनुदान (विशेष आर्थिक कल्याणकारी योजना अन्तर्गत)

वहालवाला प्रहरी कर्मचारीहरु वाहेक श्रीमान्/श्रीमतिलाई गम्भिर प्रकृतिका रोग लागेमा मेडिकल बोर्डको सिफारीसमा जम्मा एकपटकको लागि मात्र रु.२ लाख नगद अनुदान दिईनेछ ।

स्पष्टिकरण : गम्भिर प्रकृतिका रोग (असाध्य रोग) लागेका बिरामी भन्नाले निम्न बमोजिमका उपचार पद्धतिमा उपचार गराईएका विरामीहरुलाई बुझ्नु पर्दछ :

- मृगौला रोग सम्बन्धीका रोगहरुमध्ये मृगौला काम नलाग्ने भई आजिवन Dialysis गर्नुपर्ने, मृगौला खराव भई Immuno suppressive औषधी वर्षौं सम्म खानु पर्ने विरामीलाई ।
- मुटुरोग सम्बन्धी जटिल रोग लागि अस्वस्थ्य भई आजीवन नियमित औषधी उपचारमा रहेका, जटिल सल्यक्रिया गरेका, Valve फेरेका र धमिनी Bypass वा Stene हालेका वा Pacemaker जडान गरेको विरामीलाई ।
- शरीरको कुनै पनि अंगमा Cancer भई सल्यक्रिया तथा केमोथेरामपी, रेडियोथेरापी वा दुवै गर्नु पर्ने वा गरिसकेका विरामीलाई ।
- मष्तिस्क तथा मेरुदण्ड रोग लागी Thrombolysis वा Thrombectomy गर्नु परेमा अथवा मेरुदण्डको रोगहरुमध्ये कुनै पनि Injury जसले Permanent Disability (स्थायी अपाङ्गता) भएमा ।
- श्रवण शक्तिमा ह्रास भई Hearing Aid Device आवश्यक भई प्रयोग गर्नुपर्ने विरामीहरु ।

### १०.४.१ आवश्यक कागजातहरु

(क) सम्बन्धित व्यक्तिको निवेदन (निवेदकको परिचय पत्रको फोटोकपि/ विरामी सँगको नाता प्रमाणित प्रमाण पत्रको फोटोकपि र विरामीको नागरिकताको प्रमाणपत्रको फोटोकपि समेत)।

(ख) प्रहरी अस्पतालका विशेषज्ञ चिकित्सकबाट जाँच भएको प्रमाण।

(ग) नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णयप्रत्र।

(घ) उपचार खर्च अनुदान उपलब्ध गराई दिन प्रहरी प्रधान कार्यालय कल्याण महाशाखालाई लेखिएको प्रहरी अस्पतालको सिफारिस पत्र।

### १०.४.२ औषधी उपचार अनुदान उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोष (विशेष आर्थिक कल्याणकारी योजना अन्तर्गत) बाट प्रहरी कर्मचारीहरुलाई उपलब्ध औषधी उपचार अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) नेपाल प्रहरी अस्पतालबाट पठाईएको आवश्यक कागजातहरु सहितको निवेदन संकलन गर्ने।

(ख) प्राप्त निवेदन रुजु गर्ने र निवेदन रितपूर्वकको भएमा कल्याण महाशाखा प्रमूखबाट अनुदान स्वीकृत गराउने।

(ग) अनुदान रकम निवेदकले निकासा माग गरेको खाता मार्फत वा चेक मार्फत भुक्तानी दिने।

## १०.४.क. औषधी उपचार अनुदान (वहालवाला प्रहरी कर्मचारीहरुलाई विशेष आर्थिक कल्याणकारी योजना अन्तर्गत)

वहालवाला प्रहरी कर्मचारीहरुलाई मुटु, मृगौला, क्यान्सर, मष्तिस्क तथा मेरुदण्ड रोग, श्रवण शक्तिमा ह्रास जस्ता असाध्य रोग लागेको अवस्थामा औषधी उपचारमा सहयोग पुऱ्याउन नेपाल प्रहरी अस्पताल मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारले उपलब्ध गराउने सुविधाका अतिरिक्त जम्मा एकपटकको लागि मात्र रु.१ लाखसम्म औषधी उपचार अनुदान उपलब्ध गराईने छ।

### १०.४.क.१. आवश्यक कागजातहरु

(क) प्रहरी कर्मचारीको निवेदन, परिचय पत्रको फोटोकपि, नागरिकताको प्रमाणपत्रको फोटोकपि

(ख) नेपाल प्रहरी अस्पतालका विशेषज्ञ चिकित्सकबाट जाँच भएको प्रमाण।

(ग) नेपाल प्रहरी अस्पतालको मेडिकल बोर्डको निर्णयपत्र।

(घ) उपचार खर्च अनुदान उपलब्ध गराई दिन प्रहरी प्रधान कार्यालय कल्याण महाशाखालाई लेखिएको प्रहरी अस्पतालको सिफारिस पत्र।

### १०.५ क्षतिपूर्ति राहत अनुदान

वहालवाला प्रहरीहरुका लागि संचालित विशेष आर्थिक कल्याणकारी योजना अन्तर्गत वहालवाला प्रहरी कर्मचारीहरुको जुनसुकै कारणबाट मृत्यु भएमा हकवालालाई राहतस्वरुप निज प्र.क. बाट कट्टी भएको योगदान रकमको साँवा/ब्याजमा थप गरी रु. ३ लाख सम्म नगद अनुदान दिईनेछ।

### १०.५.१ आवश्यक कागजातहरु

(क) हकवालाको निवेदन।

(ख) मृत्यु खालिको पत्रको प्रतिलिपि ।

(ग) मृत्यु दर्ता प्रमाणको प्रतिलिपि ।

(घ) मृतक तथा हकवालाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) विवाह दर्ताको प्रमाणित प्रतिलिपि वा पति पत्नि हुन भनि सम्बन्धित जिल्ला प्रशासन वा स्थानिय तहको पत्र ।

(च) हकवालासँगको नाता प्रमाणित कागजको प्रतिलिपि ।

(छ) एक मात्र वा कति जना श्रीमती छन् सो खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानिय तहको पत्र ।

(ज) दुर्घटनाको हकमा सम्भव भए शव परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

(झ) सम्बन्धित प्रहरी कार्यालयको सिफारिस पत्र ।

(ञ) घटनासँग सम्बन्धित अन्य कागजातहरु ।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल काठमाडौं

## १०.५.२ क्षतिपूर्ति राहत उपलब्ध गराउने प्रकृया

प्रहरी कल्याण कोषबाट प्रहरी कर्मचारीहरुलाई उपलब्ध गराईने क्षतिपूर्ति राहत अनुदान उपलब्ध गराउने कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ ।

(क) आवश्यक कागजातहरु सहितको हकवालाको निवेदन संकलन गर्ने ।

(ख) प्राप्त निवेदन र आवश्यक कागजातहरु रुजु गर्ने र दुरुस्त भएमा कल्याण महाशाखा प्रमुखबाट स्वीकृत गराई निवेदकले भुक्तानी माग गरेको बैंक खाता मार्फत वा चेक मार्फत भुक्तानी दिने ।

## १०.६ अन्य अनुदान

कल्याण कोषको स्वीकृत वार्षिक कार्यक्रमहरु मध्ये नियमित रुपमा कल्याण महाशाखा तथा तोकिएका कार्यालयहरुबाट उपलब्ध गराईने उल्लेखित अनुदानहरु र अनुदान दिनका लागि वार्षिक कार्यक्रममा तोकिएका कार्यक्रमहरु बाहेक कल्याण कोषबाट अन्य अनुदान सहयोग उपलब्ध गराउनु पर्ने अवस्था भएमा संचालक समितिको बैठकबाट निर्णय गराएर मात्र निकासा गर्न सकिनेछ ।

# परिच्छेद ११: कल्याणकारी सहुलियत (उपचार) ऋण सापटी

## ११.१ परिचय

बहालवाला प्रहरी कर्मचारी तथा प्रहरी कर्मचारीहरुका परिवार (आमा, बुवा, श्रीमान, श्रीमति, छोरा तथा छोरी) असाध्य रोग लागि विरामी भई औषधी उपचार गर्नुपरेमा नेपाल प्रहरी अस्पतालको सिफारिसमा दुई वर्षको लागि कल्याण महाशाखाको लेखाशाखा मार्फत रु. १ लाख ५० हजारसम्म निर्ब्याजी ऋण उपलब्ध गराईनेछ ।

## ११.२ कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी प्राप्त गर्नको लागि योग्यता

(क) वहालवाला प्रहरी कर्मचारी हुनुपर्दछ ।

(ख) प्रहरी कल्याण कोषबाट किस्ताबन्दी तथा विशेष ऋण सापटी सुविधा नलिएको वा लिएको भएमा सम्पूर्ण सावाँ ब्याज भुक्तानी गरिसकेको हुनुपर्दछ ।

### ११.२.१ आवश्यक कागजातहरु

(क) कार्यरत कार्यालयको सिफारीस पत्र ।

(ख) यसै कार्यविधिको अनुसूचि ७ बमोजिमको प्रहरी कर्मचारीको निवेदन ।

(ग) कर्मचारी परिचयपत्रको प्रमाणित प्रतिलिपि ।

(घ) कम्प्युटर कोड सहितको तीनपुस्ते अभिलेख ।

(ङ) विरामी र कर्मचारी बीचको नाता प्रमाणित प्रमाणपत्र (श्रीमान् श्रीमतिको हकमा विवाह दर्ता प्रमाणपत्र) ।

(च) विरामीको उपचार सम्बन्धमा नेपाल प्रहरी अस्पतालले गरेको सिफारिस ।

(च) सहुलियत ऋण प्राप्त गर्नका लागि उपलब्ध गराईएको खाता सम्बन्धमा सम्बन्धित बैंकले खातावालालाई दिएको खातावालाको नाम, ठेगाना, खाताको किसिम, खाता नम्बर र बैंकको विवरण समेत खुल्ने प्रमाण कागजातको प्रमाणित प्रतिलिपि अथवा खाता सम्बन्धमा प्रमाण स्वरुप बैंकले लेखिदिएको पत्रको सक्कल प्रति ।

## ११.३ उपलब्ध गराईने सहुलियत ऋण (उपचार) सापटी रकम, ब्याजदर र अवधि

| क्र.सं. | विवरण | प्रदान गरिने सहुलियत ऋण रकम | वार्षिक ब्याजदर | अवधि | कै |
|---|---|---|---|---|---|
| १ | सवै दर्जा | रु. १,५०,०००।- | ०% | २ वर्ष | |

नोटः कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी प्राप्त गर्ने प्रहरी कर्मचारीहरुले ऋृण सापटी रकम दुई वर्षभित्र पटक पटक गरेर वा एकमुष्ट फिर्ता गरेमा कुनैपनि ब्याज लगाईने छैन तर दुई वर्षपश्चात पनि सापटी तिर्न नसक्ने भएमा तत्पश्चात वार्षिक ७ प्रतिशत ब्याज सहित ३ वर्षभित्र चुक्ता गर्नुपर्नेछ ।

## ११.४ प्रवाह भएको कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी सुरक्षण तथा आवश्यक कागजात

यस कल्याणकारी कार्यक्रम अन्तर्गत यसै कार्यविधिमा तोकिए बमोजिम वहालवाला प्रहरी कर्मचारीहरुलाई मात्र सहुलियत ऋण (उपचार) सापटी उपलब्ध गराईने भएकोले प्रवाह भएको ऋण सुरक्षित नै हुने भएतापनि निम्न बमोजिमका कागजात तथा लिखतहरु गराई सुरक्षित राख्नुपर्दछ ।

(क) ऋण निकासाको लागि नेपाल प्रहरी अस्पतालले दिएको सिफारीस पत्र र सहुलियत ऋण माग गर्दाको निवेदन र निवेदन साथ संलग्न कागजातहरु ।

(ख) कल्याण कोषको शर्त स्वीकार गरि ऋण लिन सहुलियत ऋण सापटी माग गर्ने प्रहरी कर्मचारीले अधिकार प्राप्त अधिकारीको रोहवर तथा साक्षीहरु समक्ष गरेको यसै निर्देशिकाको अनुसूची ८ मा उल्लेख भएको नमूना बमोजिमको ऋण तमसुक ।

(ग) निवेदकको ऋण स्वीकृत भएमा वैक खाता मार्फत निकासा दिईएको भौचरका सक्कल प्रति ।

## ११.५ कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी उपलब्ध गराउने प्रकृया

वहालवाला प्रहरी कर्मचारीहरुलाई मात्र उपलब्ध गराईने सहुलियत ऋण सापटी कार्यक्रम अन्तर्गत गरिने (उपचार) ऋण सापटी प्रवाह कार्यलाई सरल, व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ ।

(क) सहुलियत ऋण सापटी प्राप्त गर्नको लागि निवेदक प्रहरी कर्मचारीले नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज मार्फत यसै कार्यविधिको अनुसूचि ७ बमोजिमको ढाँचामा दिएको निवेदन, निवेदन साथ संलग्न कागजातहरु सहित नेपाल प्रहरी अस्पतालको सिफारिस (संकलन) प्राप्त गर्ने ।

(ख) प्राप्त निवेदन र निवेदन साथ संलग्न कागजातहरु रीतपूर्वक छन्, छैनन् जाँच गर्ने र रित पुगेको भएमा ऋण स्वीकृतीको प्रकृया अगाडी बढाउने ।

(ग) ऋण स्वीकृत भए पश्चात अनुसूचि ८ बमोजिमको कागज गराई सम्बन्धित कर्मचारीले ऋण पाउनको लागि उपलब्ध गराएको खाता मार्फत वा चेक मार्फत ऋण निकासा दिने ।

नोटः डिउटी वा प्रहरी कारवाहीको क्रममा घटना/ दुर्घटनामा परी उपचार गराईरहेका वहालबाला प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी अस्पतालमा उपचार हुन नसक्ने भई स्वदेश वा विदेशका सुविधा सम्पन्न अस्पतालमा उपचार गराउन रकम अभाव भएमा नेपाल प्रहरी अस्पताल मेडिकल वोर्डको सिफारिसमा संचालक समितिको निर्णयाट उल्लेखित रकम भन्दा बढी रकम ऋण सापटी दिन सकिनेछ यस्तो रकम ५ लाख भन्दा बढी हुनेछैन, यस किसिमको ऋण सुविधाको सुरक्षणको समेत विचार गरी, कति वर्षभित्र कति किस्तामा फिर्ता गर्ने गरी प्रदान गर्ने हो सो समेत तोकिदिई मात्र ऋण प्रदान गरिनेछ उक्त ऋण प्रवाह तथा असुली प्रक्रिया सामान्यतया यसै कार्यविधिको यसै परिच्छेद बमोजिम हुनेछ ।

## ११.६ कल्याणकारी सहुलियत ऋण (उपचार) सापटी असुली प्रकृया

(क) सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीले दुई वर्षभित्र कुनैपनि समय ऋणको शर्त बमोजिम एकमुष्ट रकम जम्मा गर्नेछन् ।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल काठमाडौं

(ख) तर दुई वर्षपश्चात पनि सापटी रकम नतिरेमा वा तिर्न नसक्ने भएमा तत्पश्चात वार्षिक ७ प्रतिशत ब्याज सहित ३ वर्षभित्र चुक्ता हुनेगरी मासिक किस्ता तोक्नुपर्दछ सो कुरा ऋण उपलब्ध गराउँदा गरिने तमसुकको शर्तमा समेत उल्लेख गरिएको हुनुपर्दछ।

(ग) ऋण असुलीका लागि मासिक किस्ता प्रत्येक महिनाको २५ गते देखि ३० गते भित्र प्रहरी कल्याण कोषले तोकेको खातामा पठाई सो को विवरण र भौचरको स्क्यान कपि तत्काल इ-मेल मार्फत उपलब्ध गराउन तथा सक्कल भौचर सुरक्षित माध्यमबाट पठाउन सम्बन्धित कार्यालयलाई तुरुन्त लेखी पठाउनु पर्दछ।

(घ) समयमा किस्ता नपठाउने कार्यालयको सम्बन्धमा तत्काल प्रतिवेदन गरी आवश्यक प्रकृया शुरु गर्नुपर्दछ।

(ङ) ऋृण सापटी लिने प्रहरी कर्मचारी अवकास भएमा वा कुनै कर्मचारीले ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा निजले प्राप्त गर्ने अन्य सुविधाको लागि कल्याण कोषबाट Clearance Letter दिनुपूर्व निजबाट बाँकी सावा ब्याज रकम एकमुष्ठ असुल उपर गर्नुपर्दछ।

(च) सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीले नोकरी छोडि भागि ऋण नतिरेमा निजको घर ठेगानामा पत्राचार गरी असुल उपरको लागि लेखापढी गर्नुको साथै कानुन बमोजिम असुल उपरको लागि सम्बन्धित न्यायालयमा उजुरी दर्ता गरी असुल उपर गरिनेछ।

(छ) सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीको मृत्यु भएमा मृत्यु हुने कर्मचारीको हकवालाले प्राप्त गर्ने सुविधा निकासाको लागि Clearance Letter दिनुपूर्व हकवालाबाट बाँकी सावा ब्याज फिर्ता गराउनु पर्नेछ।

(ज) अन्य अवस्थामा कानुन बमोजिम उपयुक्त प्रक्रिया अपनाई असुल उपर गरिनेछ।

(झ) कुनै प्रहरी कर्मचारीको ब्यक्तिगत लापरवाहिका कारण ऋण असुली समयमै हुन नसकेमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गर्ने।

प्रहरी कल्याण कोष स्थापित २०५२

## परिच्छेद १२: किस्तावन्दी सहुलियत (सामान) ऋण कार्यक्रम

### १२.१. परिचय

प्रहरी कल्याण कोषले संचालन गर्दै आएका विभिन्न कल्याणकारी कार्यक्रमहरु मध्ये वहालवाला प्रहरी कर्मचारीहरुले किस्तावन्दी सहुलियतमा तोकिएका हलुका सवारी साधन (मोटरसाईकल/ स्कूटर, कार/ जिप) तथा अन्य घरायसी प्रयोजनका सामानहरु खरिद गर्न ऋण पाउने व्यवस्था पनि एक हो। प्रहरी कर्मचारीहरु बीच लोकप्रिय रहेको यो कार्यक्रम कोषमा जम्मा भएको रकमबाट सेवारत कर्मचारीहरुलाई एकमुष्ट ऋण उपलब्ध गराउँदा सहुलियत ब्याजदरमा किस्ताबन्दी रुपमा ऋण तिर्न, बुझाउन पाउने हुँदा एकातर्फ प्रहरी कर्मचारी प्रत्यक्ष रुपमा लाभान्वित भई मनोबलमा वृद्धि हुनजाने र अर्कोतर्फ लगानीबाट प्राप्त हुने प्रतिफल (ब्याज) ले कोषमा समेत वृद्धि भई अन्य कल्याणकारी कार्यक्रम संचालन गर्न टेवा पुग्ने भएकाले कल्याण कोषको सामान खरिद किस्तावन्दी सहुलियत ऋण कार्यक्रमलाई सहज, प्रभावकारी एवं व्यवस्थित तवरले संचालन गर्न यो कार्यक्रम प्रहरी कल्याण कोष संचालन कार्यविधि,२०७१ (संशोधन सहित) अनुसार कार्यान्वयन गरिनेछ।

### १२.२ कार्यक्रम संचालन वोर्डमा रहने पदाधिकारीहरु

किस्तावन्दी सहुलियत (सामान) ऋण कार्यक्रमलाई व्यवस्थित तवरबाट संचालन गर्नको लागि देहाय बमोजिमको किस्तावन्दी कार्यक्रम सञ्चालन वोर्ड हुनेछ।

(क) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा प्रमुख .......................................अध्यक्ष

(ख) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा किस्ताबन्दी शाखा प्रमुख...............सदस्य

(ग) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा किस्ताबन्दी शाखा लेखा प्रमुख........सदस्य सचिव

### १२.३ प्रहरी कल्याण कोष किस्ताबन्दी शाखा

किस्ताबन्दी सहुलियत ऋण कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी ढंगबाट संचालन गर्नको लागि प्रहरी कल्याण कोषमा किस्ताबन्दी शाखा रहने छ।

### १२.४ किस्ताबन्दी सहुलियत (सामान) ऋण कार्यक्रम संचालन बोर्ड तथा किस्ताबन्दी शाखाको काम तथा जिम्मेवारी

किस्ताबन्दी सहुलियत (सामान) ऋण कार्यक्रम संचालन बोर्ड तथा किस्ताबन्दी शाखाको काम तथा जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) प्रहरी कल्याण कोष संचालन कार्यविधि, २०७१ (संशोधन सहित) अनुसार तोकिएका सामानहरु उपलब्ध गराउन निर्धारीत प्रकृया बमोजिमको ऋण स्वीकृत गर्ने।

(ख) सहुलियत किस्ताबन्दी कार्यक्रममा लगानी भएको रकमको किस्ता (साँवा तथा ब्याज) कट्टी गरी मासिक रुपमा तोकिएको खातामा पठाउन ऋणी प्रहरी कर्मचारीको दरबन्दी रहेको तलव खर्च लेख्ने बजेट चल्ने प्रहरी कार्यालयलाई पत्राचार गर्ने।

(ग) किस्ताबन्दी सहुलियत ऋण कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल उपर भई आएको (किस्ताकट्टि) साँवा ब्याजको अभिलेख उपलब्ध Software मार्फत अध्यावधिक राख्ने ।

(घ) नियमित ३ (तिन) महिना सम्म कुनै प्रहरी कर्मचारीको किस्ता कट्टि भएको जानकारी नआएमा सम्बन्धित कार्यालयलाई जानकारी गराई किस्ता कट्टि नियमित गराउने । आवश्यकता अनुसार महाशाखा प्रमुखमा प्रतिवेदन गरी आवश्यक प्रकृया शुरु गर्ने ।

(ङ) किस्ताबन्दी सहुलियत ऋण लगानी र अशुली (साँवा तथा व्याज) सम्बन्धी आवश्यकता अनुसार प्रतिवेदन तयार गरी कल्याण महाशाखा प्रमुख मार्फत प्रहरी कल्याण कोष संचालक समिति समक्ष पेश गर्ने ।

(च) किस्ताबन्दी सहुलियत ऋण लगानी तथा अशुलीको श्रेष्ता लेखापरीक्षण हुँदा कोषको लेखा शाखालाई सहजीकरण गर्ने ।

(छ) किस्ताबन्दी सहुलियत ऋणबाट तोकिएको सवारी साधन तथा मालसामान खरिद गर्न चाहने प्रहरी कर्मचारीको निवेदन तथा विबरण रितपूर्वक भए तोकिए बमोजिम ऋण स्वीकृत गराउने ।

(ज) किस्ताबन्दी सहुलियत ऋण लिने प्रहरी कर्मचारी अवकास भएमा वा ऋण चुक्ता नहुँदै नोकरी छाडेमा निजले सेवा गरे वापत पाउने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक दिनु पूर्व निजबाट बाँकी साँवा, व्याज एकमुष्ट अशुल उपर गराउने ।

(झ) किस्ताबन्दी सहुलियत ऋण लिने प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवालाले पाउने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक दिनु पूर्व हकवालाबाट बाँकी ऋण (साँवा व्याज) फिर्ता गराउने ।

(ञ) अन्य अवस्थामा प्रचलित कानून बमोजिम ऋण अशुल गराउने ।

## १२.५ किस्तावन्दी सहुलियत ऋणबाट खरिद गर्न पाउने सामानहरु

प्रहरी कल्याण कोषको वार्षिक कल्याणकारी योजना अनुसार वहालवाला प्रहरी कर्मचारीहरुलाई उपलब्ध हुने किस्तावन्दी सहुलियत ऋणबाटमा तपशिल बमोजिमका सामानहरु खरिद गर्न सकिनेछ ।

**(क) सवारी साधन**

१) हलुका चारपाङ्ग्रे सवारी साधन (कार / जिप),

२) मोटरसाईकल / स्कुटर ।

**(ख) घरायसी प्रयोजनका सामान**

१) वासिङ मेसिन,

२) कम्प्युटर/ल्यापटप,

३) ट्रेडमिल वा वा उस्तै प्रकृतिका शारीरिक अभ्यास गर्ने अन्य सामान ,

४) टेलिभिजन ,

५) फ्रिज (Refrigerator),

६) एयर कन्डिसनर तथा

७) माईक्रो ओभन ।

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

## १२.६ प्रहरी कल्याण कोषबाट किस्ताबन्दीमा सामान प्राप्त गर्नको लागि मापदण्ड

प्रहरी कल्याण कोषबाट प्रदान हुने किस्ताबन्दी सहुलियत ऋण प्राप्त गर्नको लागि देहाय अनुसारको मापदण्ड आवश्यक हुनेछ।

(क) निवेदक वहालवाला प्रहरी कर्मचारी हुनुपर्दछ।

(ख) चारपाङ्ग्रे हलुका सवारी साधन लिने ब्यक्ति कर्मचारी प्रहरी अधिकृत दर्जाको हुनुपर्ने छ।

(ग) हलुका सवारी साधन (कार/जीप) लिन इच्छुक प्रहरी अधिकृतहरुको लागि सेवा अवधि ७ वर्ष पुरा भएको हुनुपर्दछ।

(घ) सवारी साधन (मोटरसाईकल / स्कुटर) लिन इच्छुक प्रहरी कर्मचारीहरुको लागि सेवा अवधि ५ वर्ष पुरा भएको हुनुपर्दछ भने घरायसी प्रयोजनको लागि तोकिएका सामानहरु किस्ताबन्दी सहुलियत ऋणबाट खरिद गर्न इच्छुक प्रहरी कर्मचारीको सेवा अवधि सामान्यतया ५ (पाँच) बर्ष पुरा भई १ (एक) बर्ष बाँकी रहेको हुनु पर्दछ।

(ङ) विशेष आर्थिक कल्याणकारी सहुलियत ऋण लिएका प्रहरी कर्मचारीहरुलाई किस्ताबन्दीमा सहुलियत ऋण कार्यक्रमबाट (चारपाङ्ग्रे सवारी साधन बाहेक) सामान लिदा घरायसी प्रयोजनका सामानहरुको लागि रु २ लाख सम्म र मो.सा./स्कुटरको हकमा रु. ३ लाखसम्म उपलब्ध गराइनेछ।

साथै प्रहरी कल्याण कोष मार्फत उपलब्ध हुने विशेष आर्थिक कल्याणकारी ऋण सुविधा बाहेकका अन्य कुनै पनि सुविधा नलिएको हुनुपर्दछ।

(च) प्रहरी कर्मचारीहरुले किस्तावन्दीमा सामान लिँदा नयाँ सामानहरु मात्र खरिद गर्नु पर्ने छ।

(छ) सहुलियत ऋणबाट टेलिभिजन खरिद गर्ने प्रहरी कर्मचारीले तोकिएको ऋण सिमा भित्र आवश्यक्ता अनुसार साधारण, LED, LCD, Curve जुनसुकै मोडल पनि सुचीकृत विक्रेताबाट उपलब्ध भएमा खरिद गर्न सकिनेछ।

(ज) सहुलियत ऋणबाट कम्प्युटर खरिद गर्ने प्रहरी कर्मचारीले तोकिएको ऋण सिमा भित्र आवश्यक्ता अनुसार Laptop वा Desktop कम्प्युटर जुनसुकै मोडलको पनि सुचीकृत विक्रेताबाट उपलब्ध भएमा खरिद गर्न सकिनेछ।

(छ) किस्ताबन्दी सहुलियत (सामान) ऋण कार्यक्रमबाट प्रवाह हुने ३ लाख ऋणसिमा भित्र रही एक भन्दा बढी तोकिएका सामाग्री एकमुष्ट खरिद गर्न सकिने छ तर एउटै प्रकृतिको सामान एक भन्दा बढी खरिद गर्न पाईने छैन।

(ज) सहुलियत ऋणबाट खरिद हुने सवारी साधनको ऋण चुक्ता नहुँदासम्म प्रहरी कल्याण कोषको नाममा दर्ता कायम रहने छ। सवारी साधनको दर्ता तथा विमा पोलिसी नविकरण सम्बन्धि जिम्मेवारी ऋणी पक्षको हुनेछ। ऋणको सम्पूर्ण साँवा-ब्याज चुक्ता भएपश्चात यथाशिघ्र सम्बन्धित ऋणीको नाममा नामसारी गराउनु पर्नेछ।

(झ) सवारी साधन (कार/जिप वा मोटरसाईकल/स्कुटर) खरिद गर्न सहुलियत ऋण लिन चाहने सम्बन्धित प्रहरी कर्मचारी वा एकाघरको श्रीमान्/श्रीमती/छोरा/छोरी को सवारी चालक अनुमति पत्र र नाता खुल्ने कागजातको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ।

## १२.७ किस्ताबन्दीमा सामान खरिदका लागि प्रहरी कल्याण कोषबाट दिईने सहुलियत ऋण, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता र अवधी

किस्ताबन्दीमा सामान खरिदका लागि प्रहरी कल्याण कोषबाट दिईने सहुलियत ऋण, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता र ऋण अवधी देहाय बमोजिम हुने छ ।

निम्न :

| क्र.सं. | विवरण | | प्रदान गरिने सहुलियत ऋण रकम (रु.) | ब्याज दर | किस्ता संख्या | मासिक किस्ता रकम (रु) | अवधि (बर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|
| **सवारी साधन** | | | | | | | | |
| १ | चारपाङ्ग्रे (कार/जिप) | जु.प्र.अ. को लागि | १५ लाख सम्म | ६% | १२० | १६,६५३।- सम्म | १० | |
| | | प्र.नि. देखि प्र.उ. को लागि | २० लाख सम्म | ६% | १२० | २२,२०५।- सम्म | १० | |
| | | प्र.व.उ. र प्र.ना.म.नि. को लागि | २५ लाख सम्म | ६% | १२० | २७,७५६।- सम्म | १० | |
| | | प्र.अ.म.नि. र प्र.म.नि. को लागि | ३० लाख सम्म | ६% | १२० | ३३,३०७।- सम्म | १० | |
| २ | मोटरसाईकल / स्कुटर | | ३ लाख सम्म | ६% | ७२ | ४,९७२।- सम्म | ६ | |
| **घरायसी प्रयोजनको सामान** | | | | | | | | |
| १ | वासिङ मेसिन/कम्प्यूटर/ल्यापटप/ट्रेड मिल वा उस्तै प्रकृतिका शारीरिक अभ्यास गर्ने अन्य सामान/टेलिभिजन/फ्रिज/एयर कन्डिसनर/माईक्रो ओभन | | २ लाख सम्म | ५% | ३६ | ५,९९५।- सम्म | ३ | |

प्रहरी कल्याण कोष स्थापित २०४२ नक्साल, काठमाडौं

- ❖ चारपाङ्ग्रे हलुका सवारी साधन कार/जिपको हकमा निवेदकले खरिद गर्न चाहेको सवारी साधनको दरभाउ पत्र (Quotation) वा कर बिजकमा खुलेको मूल्यको ७० प्रतिशत वा बढीमा ३० लाखमा नबढ्ने गरी ऋण उपलब्ध गराइनेछ । स्विकृत ऋण अङ्कको मात्र मासिक किस्ता ( साँवा- ब्याज ) गणना हुनेछ , तोकिएको किस्ता अङ्कमा थप गरेर पनि सावाँ-ब्याज बुझाउन सकिने छ ।
- ❖ किस्तावन्दीमा घरायसी प्रयोजनका तोकिएका सामान खरिदको लागि ऋण लिन चाहने प्रहरी कर्मचारीलाई एकभन्दा बढि सामान खरिद गर्न एकमुष्ट रु २ लाखसम्म ऋण उपलब्ध गराउन सकिनेछ ।
- ❖ चारपाङ्ग्रे हलुका सवारी साधन कार/जिप बाहेक अन्य सुविधाको लागि ऋण लिन चाहने कर्मचारीले छनौट गरेको सामानको लागि विक्रेताबाट प्राप्त सम्भावित मुल्य खुलेको दरभाउ पत्र (Quotation) वा कर बिजक संलग्न राखी मूल्य बरावरको रकम वा बढीमा ३ लाखसम्म मात्र ऋण स्विकृत गरी सामान उपलब्ध गराउनु पर्नेछ । स्विकृत ऋण अङ्कको मात्र मासिक किस्ता ( साँवा- ब्याज ) गणना हुनेछ , तोकिएको किस्ता अङ्कमा थप गरेर पनि सावाँ-ब्याज बुझाउन सकिने छ ।

❖ किस्ताबन्दी सहुलियत ऋण कार्यक्रमबाट सामान उपलब्ध गराउन तोकिएको ऋणको ब्याजदर संचालक समितिको निर्णयबाट परिमार्जन गर्न सकिनेछ।

❖ किस्ताबन्दी सहुलियत ऋणबाट ट्रेडमिलको सट्टामा सोहि ऋण सिमामा शारिरिक अभ्यास गर्ने त्यस्तै प्रकृतिको अन्य मेशिन खरिद गर्न सकिनेछ।

❖ किस्ताबन्दी सहुलियत ऋण लिने प्रहरी कर्मचारीले तोकिएको अवधि भन्दा अगावै ऋण चुक्तागर्न चाहेमा सो मिति सम्मको बाँकी साँवा ब्याज एकैपटक भुक्तानी गर्न सकिनेछ ।

## १२.८ वीमा व्यवस्था

प्रहरी कल्याण कोषबाट कल्याणकारी कार्यक्रम अन्तर्गत किस्तावन्दीमा उपलब्ध गराईने सवारी साधनहरुको अनिवार्य रुपमा अग्नी, हुलदंगा तथा हडताल, चोरी तथा डकैंती, आतंकवाद र दुर्घटना, लगायत तेस्रो पक्षको साथै अन्य आवश्यक जोखिम ब्यहोरिने गरी नियमानुसार वीमा कम्पनीबाट वीमा (Full Insurance) गराउनु पर्दछ र ऋण चुक्ता नहुँदा सम्म वीमा गराउने जिम्मेवारी सवारी साधन लिने प्रहरी कर्मचारीको हुनेछ। साथै अन्य सामानहरुको हकमा समेत सन्बन्धित प्रहरी कर्मचारीहरुले आवश्यक्ता अनुसार वीमा गराउन सक्नेछन्।

## १२.९ किस्तावन्दी सहुलियत (सामान) ऋण लगानी तथा सवारी/ मालसामान उपलब्ध गराउने प्रकृया

वहालवाला प्रहरी कर्मचारीहरुलाई मात्र लक्षित गरी संचालन भएको किस्तावन्दी सहुलियत ऋण लगानी तथा त्यस सम्बन्धी सामान उपलब्ध गराउने प्रकृया तपसिल बमोजिम हुनेछ ।

(क) कल्याण कोष मार्फत किस्ताबन्दी सहुलियत ऋणबाट तोकिएको सामान बिक्री गर्न ईच्छुक कम्पनी/फर्म/विक्रेतालाई सूचिकृत हुने सम्बन्धी सूचना प्रकाशित गरी बढी भन्दा बढी कम्पनी/फर्म/विक्रेताहरुको मौजुदा सूची तयार गरी सरल मूल्यमा गुणस्तरीय सामान लिन पाउने गरी ऋण लिन चाहने प्रहरी कर्मचारी कार्यरत रहेको प्रदेश राजधानी वा नजिकको प्रमुख शहरमा रहेको सम्बन्धित बिक्रेता/फर्म/कम्पनीको डिलर/सोरुम मार्फत सामान उपलब्ध गर्ने/गराउने बारे कल्याण कोष किस्ताबन्दी शाखाले आवश्यक सहजीकरण तथा व्यवस्था मिलाउनु पर्नेछ । मौजुदा सूचीमा सूचीकृत नभएका फर्म /कम्पनी/विक्रेताहरुलाई आवश्यकता अनुसार सूचीकृत गराई किस्ताबन्दी सहुलियत (सामान) ऋण कार्यक्रममा सहभागी गराउन बाधा पर्ने छैन । साथै प्रहरी कर्मचारीहरुलाई थप सहजताको लागि उपत्यका बाहिरबाट मो.सा./स्कुटर प्रहरी कल्याण कोषको नाममा नामसारी गर्न र किस्ता चुक्ता भए पश्चात सम्बन्धित ऋणी प्र.क. को नाममा नामसारी गर्न सबै प्रदेशहरु वा यातायात व्यवस्था कार्यालय नजिक रहेको लेखा सञ्चालन गर्ने प्रहरी कार्यालयको लेखा प्रमुखलाई यस प्रहरी कल्याण कोषको तर्फबाट सम्बन्धित यातायात व्यवस्था कार्यालयको प्रतिनिधिको रुपमा जिम्मेवार बनाई प्रहरी कल्याण कोषको छाप उपलब्ध गराई नामसारी गर्ने व्यवस्था मिलाईनेछ।

(ख) किस्तावन्दी सहुलियत ऋणबाट तोकिएको सामान ( चारपाङ्ग्रे हलुका सवारी साधन वाहेक ) खरिद गर्न इच्छुक प्रहरी कर्मचारीले तोकिएको ढाँचामा कार्यरत बजेट चल्ने स्तरको कार्यालयमा आफुले खरिद गर्न चाहेको सामान यकिन गरी तोकिएका कागजात सहित (अनुसूची -९ बमोजिम) को निवेदन पेश गर्नु पर्नेछ।

निवेदन तथा प्राप्त अन्य कागजातका आधारमा विवरण रुजु गरी सम्बन्धित लेखा प्रमुखले Online (Goods) Loan Request Form भरीदिनु पर्नेछ तर कुनै प्रहरी कर्मचारीले मनासिव कारण देखाई कार्यरत कार्यालयको सिफारिस साथ प्रहरी कल्याण कोषमा निवेदन गरी किस्ताबन्दी सहुलियत ऋणमा सामान लिन चाहेमा कोषबाट आवश्यक कार्यान्वन गर्न वाधा पर्ने छैन।

(ग) चारपाङ्ग्रे हलुका सवारी साधन ( कार/जिप) खरिद गर्न चाहने प्रहरी कर्मचारीले कार्यरत बजेट चल्ने स्तरको कार्यालयको सिफारिससाथ अनुसूची -९ बमोजिमको निवेदन तथा आवश्यक कागजात सहित स्वयम् कल्याण कोषमा उपस्थित भई स्विकृत हुने ऋण अङ्क खुलाई अनुसूची - १० बमोजिमको तमसुक समेत गर्नु पर्दछ।

(घ) सहुलियत ऋणबाट चारपाङ्ग्रे हलुका सवारी साधन ( कार/जिप) खरिद गर्ने प्रहरी कर्मचारीले छनौट गरेको बिक्रेताबाट खरिदगर्न चाहेको गाडीको स्पेशिफिकेशन ( मोडल, प्रकार, रङ ) र मूल्य खुलेको दरभाउ-पत्र कल्याण कोषमा उपलब्ध गराउनु पर्नेछ।

(ङ) Online (Goods) Loan Request Form भर्नको लागि बजेट चल्ने कार्यालयको लेखा प्रमुखलाई निश्चित Login ID, User ID, Password दिइएको हुनेछ । ऋण स्वीकृत भए पश्चात आवश्यक कागजातहरु कल्याण महाशाखामा पठाउनु पर्ने छ।

(च) सहुलियत ऋण स्वीकृत भए पश्चात किस्ताबन्दी शाखाले अनुसूची -११ बमोजिमको **सामान निकासा अनुरोध पूर्जी** जारी गर्नु पर्दछ। सम्बन्धित विक्रेताले सामान निकासा पुर्जी प्राप्त भएको ७ ( सात ) दिन भित्र सम्बन्धित प्रहरी कर्मचारीको परिचय-पत्रको प्रतिलिपी लिई भरपाई गरी ऋणीले चाहेको तोकिएको स्थानबाट उक्त सामान उपलब्ध गराउनु पर्ने छ र १५ ( पन्ध्र ) दिन भित्र सामान बुझाएको भरपाई, सामान निकासा अनुरोध पुर्जी र विल समेत संलग्न राखी कल्याण महाशाखामा भुक्तानी माग गर्नु पर्ने छ।

(छ) सामान निकासा अनुरोध पूर्जीमा तोकिए बमोजिमको स्वीकृत ऋण रकम मात्र उल्लेख हुने हुँदा सामान उपलब्ध गराउँदा विल अनुसारको रकममा अपुग हुने रकम सम्बन्धित ऋणी प्रहरी कर्मचारीबाट सामान उपलब्ध गराउँदा कै अवस्थामा विक्रेताले भुक्तानी लिनु पर्ने छ।

(ज) भुक्तानीको लागि पेश हुन आएका कागजात रुजु गरी किस्ताबन्दी शाखाले सिफारिस गरेबमोजिम कोषको लेखा शाखाबाट ७ दिन भित्र सम्बन्धित विक्रेता/फर्म/कम्पनीलाई भुक्तानी दिनु पर्नेछ।

(झ) प्रहरी गरी कल्याण कोषमा सूचिकृत नभएको विक्रेता/फर्म/कम्पनीबाट सामान खरिद गर्न कुनै प्रहरी कर्मचारीले सामान छनौट गरेमा ऋण स्वीकृत हुनु पूर्व उक्त विक्रेता/फर्म/कम्पनी प्रहरी प्रधान कार्यालय कल्याण कोषमा सूचिकृत भएको हुनु पर्ने छ।

## १२.१० किस्तावन्दी सहुलियत ऋण असुली प्रकृया

(क) प्रहरी कल्याण कोष संचालन कार्यविधिले निर्दिष्ट गरे बमोजिम ऋणी प्रहरी कर्मचारीको दरबन्दीको तलव लेख्ने कार्यालयबाट मासिक किस्ता रकम सम्बन्धित ऋणी प्रहरी कर्मचारीले पाउने तलव भत्ताबाट कट्टी गरी प्रहरी कल्याण कोषले तोकेको बैंक खातामा रकम जम्मा गराउनु पर्दछ। रकम जम्मा गरेको दोश्रो प्रति बैंक भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट

वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ । साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ ।

(ख) किस्ताबन्दी सहुलियत ऋृण लिने प्रहरी कर्मचारी अवकास भएमा वा ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा निजले प्राप्त गर्ने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक (Clearance) दिनुपूर्व निजबाट बाँकी साँवा ब्याज रकम एकमुष्ठ असुल उपर गर्नुपर्दछ ।

तर चारपाङ्ग्रे हलुका सवारी साधन खरिद गर्ने प्रहरी कर्मचारीको ऋण (सम्पुर्ण साँवा-ब्याज ) चुक्ता नहुँदै अवकाश भएको अवस्थामा अवकाशको समयमा पूरक सम्झौता गरी अवकाश पश्चात समेत कोषलाई तिर्न - बुझाउन बाँकी ऋण रकमको नियमित किस्ता तोकिएको बैंक र निर्धारित अवधिमा बुझाउन चाहेमा सकिने छ । ऋणको साँवा तथा व्याज पूर्णरुपमा भुक्तानी नहुँदासम्म सवारी साधन कल्याण कोषकै नाममा रहने छ ।

(ग) किस्ताबन्दी सहुलियत ऋृणबाट सवारी साधन लिने प्रहरी कर्मचारीले नोकरी छोडि भागि ऋण नतिरेमा निज ऋणि रहेको सवारी साधन कब्जामा लिई नियमानुसार लिलाम विक्री गरी असुल उपर गर्ने र सो रकम अपर्याप्त भएमा कानून बमोजिम असुल उपर गरिनेछ ।

(घ) किस्ताबन्दी सहुलियत ऋृणबाट चारपाङ्ग्रे हलुका सवारी साधन लिएका ऋणीको मृत्यु भएमा निजको हकवालाले कोषबाट पाउने रकमबाट पनि अशुल गर्न सकिने छ । उक्त रकमबाट ऋण चुक्ता हुन नसके हकवालाबाट बाँकी साँवा-व्याज एकमुष्ट अशुल उपर गरेर मात्र अन्य सुविधाको लागि फरफारक (Clearance) दिनु पर्ने छ ।

(ङ) किस्तावन्दी ऋण सुविधामा चारपाङ्ग्रे हलुका सवारी साधन लिएका ऋणीको मृत्यु भएमा निजको हकवालाले पूरक सम्झौता गरी नियमित किस्ता तिर्न चाहेमा सोही बमोजिम हुने, अन्यथा नियमानुसार अशुल उपर गरिने छ ।

(च) कुनै प्रहरी कर्मचारीको व्यक्तिगत लापरवाहीका कारण ऋण लगानी, अशुली र अभिलेख व्यवस्थापनमा ढिलाई भएमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिने छ ।

(छ) किस्ताबन्दी सहुलियत (सामान) ऋण लिने प्रहरी कर्मचारीले ऋण वापतको रकम तोकिएको अवधि भन्दा अगावै चुक्ता गर्न चाहेमा सोही दिन सम्मको सावाँ व्याज एकमुष्ट बुझाउन सक्ने छ ।

(ज) किस्तावन्दी सहुलियत (सामान) ऋणको किस्ता कट्टी गर्ने कार्यालयबाट भुलवश अन्य बैंकखातामा रकम दाखिला भएको अवस्थामा उक्त खाता संचालन गर्नेले यथाशिघ्र त्यस्तो रकम किस्तावन्दी शाखाको तोकिएको बैंक खातामा जम्मागरी फाँटवारी सहित बैंकभौचर उपलब्ध गराउनु पर्नेछ । प्रहरी कल्याण कोष तथा सो अन्तर्गतको बैंक खातामा दाखिला रकममा मात्र प्रहरी कर्मचारीको तलव-भत्ताबाट कट्टी भै जम्मा भएको मिति सम्मको ब्याज लाग्ने छ ।

(झ) अन्य अवस्थामा प्रचलित कानूनी व्यवस्था बमोजिम उपयुक्त प्रकृया अपनाई असुल उपर गरिनेछ ।

## परिच्छेद १३: सहुलियत ऋण सापटी कार्यक्रम (विशेष आर्थिक कल्याणकारी योजना)

### १३.१ परिचय

प्रहरी कल्याण कोषले संचालन गर्दै आएको विभिन्न कल्याणकारी कार्यक्रमहरु मध्ये वहालवाला प्रहरी कर्मचारीहरुलाई उपलब्ध गराईने विशेष कल्याणकारी सहुलियत ऋृण सापटी कार्यक्रम पनि एक हो । प्रहरी कल्याण कोषको विशेष आर्थिक कल्याणकारी कार्यक्रममा प्रहरी कर्मचारीहरुबाट जम्मा हुने मासिक रकमबाट संचालन गरिने यो कार्यक्रम सकल दर्जाका कर्मचारीहरु बीच ज्यादैनै लोकप्रिय रहेको र जम्मा भएको रकमबाट सेवारत कर्मचारीहरुलाई सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउँदा एकातर्फ प्रहरी कर्मचारी प्रत्यक्ष रुपमा लाभान्वित भई मनोबलमा अभिवृद्धि हुन जाने र अर्कोतर्फ कोषको रकममा समेत केही वृद्धि भई अन्य कल्याणकारी कार्यक्रम समेत संचालन गर्न टेवा पुग्ने भएकाले कल्याण कोषको सहुलियत ऋण कार्यक्रमलाई सरल, प्रभावकारी, लाभदायक र व्यवस्थित बनाउन यस कार्यविधि अन्तर्गत रहेर कार्य गर्नु पर्दछ ।

### १३.२ विशेष कल्याणकारी सहुलियत ऋण लगानी वोर्ड

सहुलियत ऋण व्यवस्थित तवरबाट प्रवाह गर्नको लागि तल उल्लेख गरिए बमोजिमको सहुलियत ऋण प्रवाह वोर्ड हुनेछ ।

(क) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा प्रमुख ........................................................अध्यक्ष

(ख) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा विशेष आर्थिक कल्याणकारी योजना प्रमुख.........सदस्य

(ग) प्र.प्र.का.कल्याण महाशाखा बिशेष आर्थिक कल्याणकारी योजना शाखा लेखा प्रमुख............ सदस्य सचिव

### १३.३ विशेष कल्याणकारी सहुलियत ऋण लगानी वोर्डको जिम्मेवारी तथा काम/कर्तव्य

विशेष सहुलियत ऋण व्यवस्थित तवरबाट प्रवाह गर्नकोलागि तोकिएको सहुलियत ऋण प्रवाह वोर्डको काम, कर्तव्य र जिम्मेवारी तपशिल बमोजिम हुनेछन् ।

(क) कल्याण कोष संचालन कार्यविधि २०७१ (संशोधन सहित) अनुसार प्रहरी कर्मचारीहरुलाई सहुलियत ऋण प्रवाह गर्ने ।

(ख) सहुलियत ऋण कार्यक्रममा लगानी भएको रकमको साँवा ब्याज तोकिए अनुसार असुल उपर गर्ने ।

(ग) सहुलियत ऋणीहरुको सम्पूर्ण अभिलेख तथा जमानतको कागजपत्र सुरक्षित र व्यवस्थित राख्न लगाई अनुगमन गर्ने ।

(घ) सहुलियत ऋण सापटी कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको सावा ब्याज सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(च) सहुलियत ऋण सापटी कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धमा त्रैमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदन तयार गरि प्रहरी कल्याणकोष संचालक समितिको बैठकमा पेश गर्ने ।

(छ) विशेष आर्थिक कल्याणकारी कार्यक्रमको कारोवारको लेखा परीक्षण गराउने ।

## १३.४ विशेष कल्याणकारी सहुलियत ऋण प्राप्त गर्नको लागि योग्यता

(क) वहालवाला प्रहरी कर्मचारी हुनुपर्दछ।

(ख) सेवा अवधि कम्तीमा ७ वर्ष पुरा भएको र सेवा अवधि तथा उमेरको हिसाबले २ वर्ष सेवा अवधि बाँकी रहेको हुनुपर्दछ।

(ग) प्रहरी कल्याण कोष किस्ताबन्दीमा सहुलियत ऋण कार्यक्रमबाट चारपाङ्ग्रे सवारी साधन लिएको भएमा सम्पूर्ण साँवा ब्याज भुक्तानी गरिसकेको हुनुपर्दछ। साथै प्रहरी कल्याण कोष मार्फत उपलब्ध हुने किस्ताबन्दी बाहेकका अन्य कुनै पनि सुविधा नलिएको हुनुपर्दछ।

## १३.५ विशेष कल्याणकारी सहुलियत ऋण प्राप्त गर्नको लागि अनलाईन फाराम स्वीकार गर्ने सम्बन्धमा

(क) कार्यरत कार्यालयको सिफारीस पत्र सहित सम्बन्धित प्रहरी कर्मचारी कार्यरत रहेको कार्यालय/तालुक कार्यालय (बजेट संचालन हुने) बाट यसै कार्यविधिको अनुसुची- १२ बमोजिमको सहुलियत ऋणको अनलाईन आवेदन फारम भर्ने।

(ख) अनुसुचि-१२ बमोजिमको अनलाईन आवेदन स्वीकृत भए पश्चात् अनुसुचि-१३ बमोजिमको सहुलियत ऋण सापटी तमसुक भरी सक्कलै प्रति विशेष आर्थिक कल्याणकारी योजना शाखामा पठाउने।

## १३.६. उपलब्ध गराईने विशेष कल्याणकारी सहुलियत ऋण सापटी रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि

**(बहालवाला सम्पूर्ण दर्जाका प्र.क. को लागि)**

| क्र. सं. | विवरण | प्रदान गरिने सहुलियत ऋण रकम | वार्षिक ब्याजदर | किस्ता संख्या | मासिक किस्ता रकम | अवधि | कै |
|---|---|---|---|---|---|---|---|
| १ | सहुलियत ऋण | रु. ४ लाख सम्म | ७% | ६० | ७९२०।४८ सम्म | ५ वर्ष | |

## १३.७. प्रवाह भएको विशेष कल्याणकारी सहुलियत ऋणको सुरक्षण तथा आवश्यक कागजात

यस कल्याणकारी कार्यक्रम अन्तर्गत यसै निर्देशिकामा तोकिए बमोजिम वहालवाला प्रहरी कर्मचारीहरुलाई मात्र सहुलियत ऋण सापटी उपलब्ध गराईने भएकोले प्रवाह भएको ऋण सुरक्षित नै हुने भएतापनि निम्न बमोजिमका कागजात तथा लिखतहरु गराई सुरक्षित राख्नुपर्दछ।

(क) ऋण निकासाको लागि कार्यरत कार्यालयले दिएको सिफारीस पत्र र सहुलियत ऋण माग गर्दाको निवेदन र निवेदन साथ संलग्न कागजातहरु।

(ख) कल्याण कोषको शर्त स्वीकार गरी ऋण लिन सहुलियत ऋण सापटी माग गर्ने प्रहरी कर्मचारीले अधिकार प्राप्त अधिकारी (कार्यरत कार्यालयका कार्यालय प्रमुख) को रोहवर तथा साक्षीहरु समक्ष गरेको यसै कार्यविधिको अनुसूची १३ मा उल्लेख भएको नमूना बमोजिमको सहुलियत ऋण सापटी तमसुक।

(ग) निवेदकको ऋण स्वीकृत भएमा बैंक खाता मार्फत निकासा दिईएको भौचरका सक्कल प्रति।

## १३.८ सहुलियत ऋण सापटी उपलब्ध गराउने प्रकृया

वहालवाला प्रहरी कर्मचारीहरुलाई मात्र उपलब्ध गराईने सहुलियत ऋण सापटी कार्यक्रम अन्तर्गत गरिने ऋण प्रवाह कार्यलाई सरल, व्यवस्थित एवं प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नुपर्दछ।

(क) सहुलियत ऋण सापटी प्राप्त गर्नको लागि निवेदक प्रहरी कर्मचारीले आफू कार्यरत (लेखा संचालन हुने) कार्यालयमा दिएको यसै कार्यविधिको अनुसूचि १२ बमोजिमको सहुलियत ऋणको अनलाईन आवेदन फारम स्वीकार गरि ऋण लिन कार्यरत कार्यालयमा यसै कार्यविधीको अनुसूची १३ बमोजिमको सहुलियत ऋण सापटी तमसुक भरी सक्कलै प्रति, ऋण निकासाको लागि कार्यरत कार्यालयले दिएको सिफारीस पत्रसाथ सबै सक्कल कागजातहरु (एक्स डेल, कुरीयर, हुलाक वा कुनै काम विशेषले काठमाण्डौ आउने प्रहरी कर्मचारीहरु मार्फत) संकलन गर्ने।

(ख) प्राप्त निवेदन र निवेदन साथ संलग्न कागजातहरु रीतपूर्वक छन्, छैनन् रुजु गर्ने र रित पुगेको भएमा ऋण स्वीकृतीको प्रकृया अगाडी बढाउने।

(ग) ऋण स्वीकृत भए पश्चात सम्बन्धित कर्मचारीले ऋण पाउनको लागि उपलब्ध गराएको खाता मार्फत ऋण निकासा दिने र इ.एम.आई. संकलनको लागि सम्बन्धित दरवन्दीमा पत्राचार गर्ने।

(घ) सम्बन्धित सबै कार्यालयहरुलाई ऋण सम्बन्धि जानकारी दिने।

## १३.९ विशेष कल्याणकारी सहुलियत ऋण असुली प्रकृया

(क) सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीले ऋण लिँदा शर्त स्वीकार गरे बमोजिमको मासिक किस्ता रकम सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीको दरवन्दी रहेको (कर्मचारीलाई तलव खुवाउने) कार्यालयको लेखाशाखाबाट मासिक रुपमा प्राप्त हुने तलव भत्ताबाट कट्टा गरी प्रहरी कल्याण कोषको तोकिएको खातामा ABBS मार्फत जम्मा गराउनु पर्दछ।

(ख) यस्तो किस्ता प्रत्येक महिनाको २५ गते देखि ३० गते भित्र प्रहरी कल्याण कोषले तोकेको खातामा पठाई सो को विवरण र भौचरको स्क्यान कपि तत्काल इ-मेल मार्फत उपलब्ध गराउन तथा सक्कल भौचर सुरक्षित माध्यमबाट पठाउन सम्बन्धित कार्यालयलाई तुरुन्त लेखी पठाउनु पर्दछ।

(ग) समयमा किस्ता नपठाउने कार्यालयको सम्बन्धमा तत्काल प्रतिवेदन गरी आवश्यक प्रकृया शुरु गर्नुपर्दछ।

(घ) सहुलियत ऋृण सापटी लिने प्रहरी कर्मचारी अवकास भएमा वा कुनै कर्मचारीले ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा निजले प्राप्त गर्ने अन्य सुविधाको लागि कल्याण कोषबाट Clearance Letter दिनुपूर्व निजबाट बाँकी सावा ब्याज रकम एकमुष्ठ असुल उपर गर्नुपर्दछ।

(ङ) सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीले नोकरी छोडि भागि ऋण नतिरेमा निजको घर ठेगानामा पत्राचार गरी असुल उपरको लागि लेखापढी गर्नुको साथै कानुन बमोजिम असुल उपरको लागि सम्बन्धित न्यायालयमा उजुरी दर्ता गरी असुल उपर गरिनेछ।

(च) सहुलियत ऋण सापटी लिने प्रहरी कर्मचारीको मृत्यु भएमा मृत्यु हुने कर्मचारीको हकवालाले प्राप्त गर्ने सुविधा निकासाको लागि Clearance Letter दिनुपूर्व हकवालाबाट बाँकी सावा ब्याज फिर्ता गराउनु पर्नेछ।

(छ) अन्य अवस्थामा कानून बमोजिम उपयुक्त प्रक्रिया अपनाई असुल उपर गरिनेछ।

(ज) कुनै प्रहरी कर्मचारीको ब्यक्तिगत लापरवाहिका कारण ऋण असुली समयमै हुन नसकेमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गर्ने।

## परिच्छेद १३ (क) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रम

### १३ (क) १ परिचय

नेपाल प्रहरी सेवामा सबै दर्जाका वहालवाला कर्मचारीहहरुलाई सहुलियत ब्याजदरमा घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा उपलब्ध गराउँदा प्रहरी कर्मचारी संगठन प्रति ईमान्दार, बफादार, लगानशील एवं कर्तब्यनिष्ठ रही लामो समयसम्म सेवालाई निरन्तरता दिन थप उत्प्रेरित हुनुका साथै प्रहरीको मनोबलमा अभिवृद्धि हुन जाने र कोषको रकममा समेत केही वृद्धि भई अन्य कल्याणकारी कार्यक्रमहरु समेत संचालन गर्न टेवा पुग्ने भएकाले कल्याण कोषको घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रमलाई सरल, प्रभावकारी, लाभदायक र व्यवस्थित बनाउने उद्देश्यले प्रहरी कल्याण कोष सञ्चालक समितिबाट यो कार्यविधि स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको छ।

### १३ (क) २ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा समिति

यस कार्यविधि बमोजिम कार्यान्वयनमा ल्याइएको घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रमलाई व्यवस्थित तवरबाट लगानी गर्नको लागि तल उल्लेख गरिए बमोजिमको घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा समिति गठन हुनेछ।

(१) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा प्रमुख ..............................................अध्यक्ष

(२) प्र.प्र.का.कल्याण महाशाखा, बिशेष आर्थिक कल्याणकारी योजना शाखा प्रमुख ........................सदस्य

(३) प्र.प्र.का.कल्याण महाशाखा, बिशेष आर्थिक कल्याणकारी योजना शाखा लेखा प्रमुख.........सदस्य-सचिव

### १३ (क) ३ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा समितिको जिम्मेवारी तथा काम/कर्तव्य

घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रमलाई व्यवस्थित तवरबाट प्रवाह गर्नको लागि तोकिएको कर्जा प्रवाह वोर्डको काम, कर्तव्य र जिम्मेवारी तपशिल बमोजिम हुनेछन्।

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ (संशोधन सहित) अनुसार प्रहरी कर्मचारीहरुलाई घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा प्रवाह गर्ने।

(२) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रममा लगानी भएको रकमको साँवा ब्याज तोकिए अनुसार असुल उपर गर्ने।

(३) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा लिने ऋणीहरुको सम्पूर्ण अभिलेख तथा जमानतको कागजपत्र सुरक्षित र व्यवस्थित राख्न लगाई अनुगमन गर्ने।

(४) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धी अभिलेख दुरुस्त राख्ने।

(५) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धमा त्रैमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदन तयार गरी प्रहरी कल्याणकोष सञ्चालक समितिको बैठकमा पेश गर्ने।

(६) आन्तरिक र अन्तिम लेखापरीक्षण गराई लेखापरीक्षणबाट औंल्याइएका कैफियतहरु सुधार गर्दै लैजाने।

## १३ (क) ४ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा प्राप्त गर्नको लागि आवश्यक मापदण्ड

(१) सेवा अवधि कम्तिमा १० वर्ष पूरा भएको र २ वर्ष सेवा अवधि बाँकी रहेको वहालवाला प्र.का.स. देखि प्र.ना.उ. दर्जा सम्मको प्रहरी कर्मचारी हुनुपर्दछ।

(२) प्रहरी कल्याण कोषबाट रु.५ लाख वा सो भन्दा बढीको सहुलियत ऋण सुविधा लिएको प्रहरी कर्मचारीले यो सुविधा लिन पाउने छैन।

(३) यो कर्जा सुविधाबाट घर निर्माण तथा मर्मत सम्भार गरिने जग्गाको स्वामित्व प्रहरी कर्मचारी आफ्नै नाममा वा श्रीमान/श्रीमतीको नाममा रहेको हुनुपर्ने र आफ्नो नाममा जग्गा नभएको खण्डमा जग्गावाला (श्रीमान/श्रीमती) को मञ्जुरीनामा सहित जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ।

(४) यो कर्जा सुविधाबाट प्रहरी कर्मचारीले आफ्नै नाममा वा श्रीमान/श्रीमतीको नाममा मात्र घर-जग्गा खरिद गरेको हुनुपर्नेछ र घर-जग्गा खरिद गरी रजिष्ट्रेशन पास र जग्गा धनीपूर्जाको प्रतिलिपि सहित ३५ दिन भित्रमा ऋण सुविधाको लागि आवेदन गर्नुपर्नेछ।

(५) घर निर्माण तथा मर्मत सम्भार गरिने घरको हकमा प्रहरी कर्मचारी आफ्नो नाममा नभई श्रीमान् वा श्रीमतीको नाममा भएको तथा श्रीमान् वा श्रीमतीको नाममा खरिद गरिने घर-जग्गाको हकमा जग्गा दर्ता रहेको वा रहने व्यक्तिले प्रहरी कल्याण कोषबाट लिइने कर्जाको मञ्जुरीनामा पेश गरेको हुनुपर्नेछ।

(६) घर निर्माणको हकमा जग्गा-धनी पूर्जा, स्थानीय तह (पालिकाहरु) बाट प्राप्त ईजाजत-पत्र, घरको नक्सा पासको कागजात पेश गर्नुपर्नेछ ।

(७) घर मर्मत-सम्भारको हकमा घर निर्माण सम्पन्न प्रतिवेदन अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

(८) कर्मचारीको आफ्नो नाममा घर जग्गा नभएको खण्डमा घर-जग्गा खरिद र घर निर्माणको लागि जग्गावाला (श्रीमान/श्रीमती) ले प्रहरी कल्याण कोषबाट ऋण लिनको लागि दिएको रीतपूर्वकको मञ्जुरीनामा कागज पेश गर्नुपर्नेछ ।

(९) जमानीमा बस्ने नजिकको हकवालाको नागरिकता, विवाह-दर्ता वा नाता प्रमाणितको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(१०) माथि उल्लेखित कागजातहरुका आधारमा जिल्ला प्रहरी कार्यालय, संघीय प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर वा प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा प्रहरी कर्मचारी स्वयं उपस्थित भई प्रहरी कल्याण कोष संचालन कार्यविधि २०७१ को अनुसुची-१४ बमोजिमको फारम र अनुसूची-१५ बमोजिमको तमसुक कागज गरिदिनुपर्नेछ र सो को कागजातहरु सम्बन्धित प्रहरी कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गरी सुरक्षितसाथ राख्नुपर्नेछ। तत्पश्चात तोकिए बमोजिमको Online Form सम्बन्धित कार्यालयको लेखा शाखाले भरिदिनुपर्नेछ।

## १३ (क) ५ रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि

**(बहालवाला प्र.का.स. देखि प्र.ना.उ. दर्जा सम्मका प्र.क. को लागि)**

| क्र. सं. | विवरण | कर्जा रकम | वार्षिक ब्याजदर | अवधि | किस्ता संख्या | मासिक किस्ता | कै |
|---|---|---|---|---|---|---|---|
| १ | घर- जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार | १०,००,०००।- | ७% | १० वर्ष | १२० | ११,६११।- | |

**नोटः** घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा उपलब्ध गराउन तोकिएको उल्लेखित ब्याजदर प्रहरी कल्याण कोष सञ्चालक समितिको निर्णयबाट परिमार्जन गर्न सकिनेछ। साथै घर-जग्गा खरिद, घर निर्माण तथा मर्मत

सम्भार सहुलियत कर्जा लिने प्रहरी कर्मचारीहरुले किस्ता वापतको रकम तोकिएको अवधि भन्दा अगावै भुक्तानी गर्न चाहेमा सो मिति सम्मको बाँकी साँवा ब्याज एकैपटक भुक्तानी गर्न सक्नेछन्।

**१३ (क) ६ उपलब्ध गराउने प्रकृया एवं कागजातहरुको सुरक्षण**

यस कर्जासँग सम्बन्धित कागजातहरु तोकिएको प्रहरी कार्यालयहरुबाट प्राप्त भइसके पछि प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले ऋणी प्रहरी कर्मचारीको तलबी खातामा तोकिएको रकम पठाइदिनेछ साथै सम्बन्धित प्रहरी कार्यालयमा कार्यरत लेखा प्रमुखहरुले सो को लिखतहरु सुरक्षित राख्नुपर्दछ।

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूचि- १४ बमोजिमको नियमानुसार भरेको सक्कलै फाराम र अनुसूची- १५ बमोजिमको नियमानुसार भरेको सक्कलै तमसुक कागज।

(२) यो कर्जा सुविधाबाट घर निर्माण तथा मर्मत सम्भार गरिने जग्गाको स्वामित्व प्रहरी कर्मचारी आफ्नै नाममा वा श्रीमान/श्रीमतीको नाममा रहेको हुनुपर्ने र कर्जा आवेदन, आफ्नो नाममा जग्गा नभएको खण्डमा जग्गावालाको मञ्जुरीनामा सहित जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि।

(३) यो कर्जा सुविधाबाट प्रहरी कर्मचारीले आफ्नै नाममा वा श्रीमान/श्रीमतीको नाममा मात्र घर-जग्गा खरिद गरेको हुनुपर्ने।

(४) घर-जग्गा खरिदको हकमा जग्गा खरिद गरेको ३५ दिन भित्रमा ऋण सुविधाको लागि दिएको आवेदन।

(५) घर निर्माण तथा मर्मत सम्भार गरिने घरको हकमा प्रहरी कर्मचारी आफ्नो नाममा नभई श्रीमान् वा श्रीमतीको नाममा भएको तथा श्रीमान् वा श्रीमतीको नाममा खरिद गरिने घर-जग्गाको हकमा जग्गा दर्ता रहेको वा रहने व्यक्तिबाट प्रहरी कल्याण कोषबाट लिइने कर्जाको मञ्जुरीनामा।

(६) घर निर्माणको हकमा जग्गा-धनी पूर्जा, स्थानीय तह (पालिकाहरु) बाट प्राप्त ईजाजत-पत्र, घरको नक्सा पासको कागजात।

(७) घर मर्मत-सम्भारको हकमा घर निर्माण सम्पन्न प्रतिवेदन।

(८) कर्मचारीको आफ्नो नाममा घर जग्गा नभएको खण्डमा घर जग्गा खरिद र घर निर्माणको लागि जग्गावाला (श्रीमान्/श्रीमती) ले प्रहरी कल्याण कोषबाट ऋण लिनको लागि दिएको रीतपूर्वकको मञ्जुरीनामा कागज।

(९) जमानीमा बस्ने नजिकको हकवालाको नागरिकता, विवाह-दर्ता वा नाता प्रमाणितको प्रतिलिपि।

(१०) प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले संलग्न प्रमाणित प्रतिलिपि कागजातहरु जाँच गरी घर जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार कर्जा सापटी वापतको एकमुष्ट रकम सम्बन्धित ऋणीको तलबी खातामार्फत् उपलब्ध गराई नियमानुसारको मासिक किस्ता रकम कट्टीको लागि निजको दरबन्दीमा पत्राचार गर्ने ।

(११) माथि उल्लेखित सम्पूर्ण कागजातहरु सहित ऋणीको मासिक तलब भत्ताबाट नियमानुसार किस्ता कट्टी भई प्राप्त हुने रकमको बैंक दाखिला भौचर तथा फाँटवारीहरुको अभिलेख दुरुस्त राख्ने।

(१२) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा कार्यक्रमलाई सरल, ब्यवस्थित एंव प्रभावकारी बनाउन नयाँ Software को निर्माण गरी यसअघि प्रहरी कल्याण कोषबाट प्रदान गर्दै आइरहेको सहुलियत घर निर्माण कर्जा कार्यक्रमलाई समेत नयाँ Software मा एकीकृत गरी बिशेष आर्थिक कल्याणकारी योजना शाखाबाट ऋण प्रदान गरिनेछ।

(१३) सहुलियत घर निर्माण कर्जा कार्यक्रममा मिति २०७७ साल कार्तिक २२ गतेबाट शुरु भई २०७८ साल पौष मसान्त सम्म भएको सम्पूर्ण लगानी रकम, मासिक किस्ता तथा फाँटवारीहरुको दायित्व प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा लेखा शाखाको हुनेछ साथै २०७८ साल माघ १ गते वा आवश्यक सफ्टवेयर निर्माण भएपश्चात सो मिति सम्मको कल्याण महाशाखाको लेखा शाखाले लगानी गरेको साँवा रकमको हिसाब किताब गरी साँवा रकम ३ (तीन) महिना भित्र विशेष आर्थिक कल्याणकारी योजना शाखाले कल्याण महाशाखाको लेखालाई भुक्तानी गरी तत्पश्चात विशेष आर्थिक कल्याणकारी योजना शाखाले नै ऋण किस्ता असुल गर्ने गरी व्यवस्था मिलाउने र त्यस पश्चात सम्पूर्ण लगानी रकम, मासिक किस्ता तथा फाँटवारीहरुको दायित्व प्रहरी प्रधान कार्यालय कल्याण महाशाखा बिशेष आर्थिक कल्याणकारी योजना शाखाको हुनेछ।

(१४) कर्जा लिने प्रहरी कर्मचारीको मृत्यु भएको खण्डमा कर्जाको सुरक्षण र कर्जा लिने प्रहरी कर्मचारीको परिवारको लागि आवश्यकता अनुसार प्रहरी कर्मचारी स्वयंले प्रिमियम तिर्ने गरी आवधिक जिवन विमाको व्यवस्था गर्न सकिनेछ।

**१३ (क) ७ घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा असुली प्रकृया**

(१) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा लिने प्रहरी कर्मचारीले ऋण लिँदा शर्त स्वीकार गरे बमोजिमको मासिक किस्ता रकम प्रहरी कर्मचारीको दरवन्दी रहेको तलव खुवाउने कार्यालयको लेखा शाखाबाट मासिक रुपमा प्राप्त हुने तलव भत्ताबाट कट्टा गरी प्रहरी कल्याण कोषको तोकिएको खातामा जम्मा गराई सो को सक्कल बैंक दाखिला भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ। साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ।

(२) प्रहरी कार्यालय बाहेकका अन्य कार्यालयबाट तलबभत्ता खाने प्रहरी कर्मचारीहरुको हकमा स्वयं ऋणी प्रहरी कर्मचारी जिम्मेवार भई किस्ता रकम, फाँटवारी तथा भौचर सुरक्षित माध्यमबाट कल्याण महाशाखामा पठाउनुपर्नेछ।

(३) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा लिने प्रहरी कर्मचारी अवकास भएमा वा कुनै कर्मचारीले ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा निजले प्राप्त गर्ने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक दिनु पूर्व निजबाट बाँकी साँवा ब्याज सहितको रकम एकमुष्ठ असुल उपर गरिने छ।

(४) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा लिने प्रहरी कर्मचारीले नोकरी छोडी भागी ऋण नतिरेमा निजको घर ठेगानामा पत्राचार गरी असुल उपरको लागि लेखापढी गर्नुको साथै कानुन बमोजिम असुल उपर गरिनेछ।

(५) घर-जग्गा खरिद, निर्माण तथा मर्मत सम्भार सहुलियत कर्जा लिने प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवालाले कोषबाट प्राप्त गर्ने अनुदान सुविधाबाट कट्टा गरी बाँकी रकम हकवालाबाट एकमुष्ट रुपमा असुल उपर गरिने छ।

(६) अन्य अवस्थामा कानून बमोजिम उपयुक्त प्रक्रिया अपनाई असुल उपर गरिनेछ।

(७) कुनै प्रहरी कर्मचारीको व्यक्तिगत लापरवाहिका कारण ऋण असुली समयमै हुन नसकेमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिने छ।

**१३ (क) ८ महानगरीय प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयको भूमिका**

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूची- १४ बमोजिमको नियमानुसार सक्कलै फाराम भराइदिने र अनुसूची- १५ बमोजिमको सक्कलै तमसुक कागज गर्न लगाई कार्यालय प्रमुखको सहिछाप गराउने।

(२) घर निर्माणको हकमा जग्गा धनी पूर्जा स्वयं/श्रीमान्/श्रीमतीको नाममा रहेको-नरहेको यकिन गर्ने, परिवारको नाममा रहेको भए कल्याण कोषबाट ऋण लिनको लागि मञ्जुरीनामा गर्न लगाउने, विवाह दर्ता, नाता प्रमाणित कागजको प्रतिलिपि पेश गर्न लगाउने।

(३) घर निर्माणको हकमा जग्गा-धनी पूर्जा, स्थानीय तह (पालिकाहरु) बाट प्राप्त ईजाजत-पत्र, घरको नक्सा पासको कागजात पेश गर्न लगाउने।

(४) घर मर्मत-सम्भारको हकमा घर निर्माण सम्पन्न प्रतिवेदन पेश गर्न लगाउने।

(५) जग्गा खरिदको हकमा परिवार(श्रीमान्/श्रीमती)को नाममा जग्गा खरिद गरेको भए जग्गावालाले प्रहरी कल्याण कोषबाट ऋण लिनको लागि दिएको रीतपूर्वकको मञ्जुरीनामा कागज पेश गर्न लगाउने ।

(६) तीन पुस्ते, नागरिकता, क.षं.कोष कार्ड तथा परिचयपत्रको प्रतिलिपिहरू कागजातमा संलग्न गर्न लगाउने।

(७) माथि उल्लेखित कागजातहरू प्राप्त भए पश्चात् निवेदकको माग अनुसार Online Form भरी दिने।

(८) यस कर्जासँग सम्बन्धित सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने र सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको लेखा प्रमुखको हुनेछ।

(९) प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाबाट ऋण स्वीकृत भइसके पश्चात् ऋणीहरूको कागजात सुरक्षित राखी नियमानुसार मासिक तलबबाट किस्ता रकम कट्टी गरी सो को सक्कलै भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ। साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ।

(१०) यस कार्यविधि अनुसार ऋणी प्रहरी कर्मचारी सेवा निवृत्त वा जुनसुकै कारणले सेवाबाट अलग भएमा प्रहरी कल्याण कोषको सम्पूर्ण सावाँ ब्याज चुक्ता गरी प्रहरी कल्याण कोषमा कुनै दायित्व बाँकी नरहेको यकीन गरी फरफारक पत्रको सिफारिस लिनुपर्नेछ।

प्रहरी कल्याण कोष
स्थापित
२०५२
नक्साल, काठमाडौं

## परिच्छेद १३ (ख) सहुलियत औषधोपचार कर्जा (Medical Treatment Loan) कार्यक्रम

### १३ (ख) १ परिचय

नेपाल प्रहरी सेवामा सबै दर्जाका वहालवाला कर्मचारीहरुका परिवारहरु (बाबु, आमा, श्रीमान, श्रीमती, छोरा-छोरी) लाई जुनसुकै कडा प्रकृतिको रोग लागेमा सम्बन्धित चिकित्सकको पुर्जाको आधारमा औषधोपचारको सक्कलै विल भर्पाई अनुसारको रकम मध्ये रु. १० लाख सम्म खर्च लाग्ने औषधोपचारको लागि रु. ५ लाख र सो भन्दा बढी खर्च लाग्ने औषधोपचारको लागि रु. ७ लाख सहुलियत ब्याजदरमा औषधोपचार कर्जा उपलब्ध गराउँदा प्रहरीका परिवारहरु समेतलाई जुनसुकै कडा प्रकृतिको रोग लागेमा पनि औषधोपचारमा टेवा पुग्नुका साथै प्रहरी कर्मचारी संगठन प्रति ईमान्दार, बफादार, लगनशील एवं कर्तब्यनिष्ठ रही लामो समयसम्म सेवालाई निरन्तरता दिन थप उत्प्रेरित हुनसक्ने भएकोले प्रहरीको मनोबलमा अभिवृद्धि हुन जाने भएकोले कल्याण कोषको सहुलियत औषधोपचार कर्जा कार्यक्रमलाई सरल, प्रभावकारी, फलदायक र व्यवस्थित बनाउने उद्देश्यले प्रहरी कल्याण कोष सञ्चालक समितिबाट यो कार्यविधि स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको छ ।

### १३ (ख) २ सहुलियत औषधोपचार कर्जा ( Medical Treatment Loan ) समिति

यस कार्यविधि बमोजिम कार्यान्वयनमा ल्याइएको सहुलियत औषधोपचार कर्जा कार्यक्रमलाई व्यवस्थित तवरबाट लगानी गर्नको लागि तल उल्लेख गरिए बमोजिमको सहुलियत औषधोपचार कर्जा समिति गठन हुनेछ ।

(१) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा प्रमुख ........................................................अध्यक्ष

(२) प्र.प्र.का.कल्याण महाशाखा, बिशेष आर्थिक कल्याणकारी योजना शाखा प्रमुख...................सदस्य

(३) प्र.प्र.का.कल्याण महाशाखा, बिशेष आर्थिक कल्याणकारी योजना शाखा लेखा प्रमुख...........सदस्य-सचिव

### १३ (ख) ३ समितिको जिम्मेवारी तथा काम/कर्तव्य

सहुलियत औषधोपचार कर्जा कार्यक्रमलाई व्यवस्थित तवरबाट प्रवाह गर्नको लागि तोकिएको सहुलियत औषधोपचार कर्जा प्रवाह समितिको काम, कर्तव्य र जिम्मेवारी तपशिल बमोजिम हुनेछन् ।

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ (संशोधन सहित) अनुसार प्रहरी कर्मचारीहरुलाई सहुलियत औषधोपचार कर्जा प्रवाह गर्ने ।

(२) सहुलियत औषधोपचार कर्जा कार्यक्रममा लगानी भएको रकमको साँवा ब्याज असुल उपर गर्ने ।

(३) सहुलियत औषधोपचार कर्जा लिने ऋणीहरुको सम्पूर्ण अभिलेख तथा जमानतको कागजपत्र सुरक्षित र व्यवस्थित राख्न लगाई अनुगमन गर्ने ।

(४) सहुलियत औषधोपचार कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धी अभिलेख राख्ने जिम्मेवारी समितिका सदस्य सचिवको हुनेछ ।

(५) सहुलियत औषधोपचार कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रतिवेदन तयार गरी प्रहरी कल्याणकोष सञ्चालक समितिको बैठकमा पेश गर्ने ।

(६) आन्तरिक र अन्तिम लेखापरीक्षण गराई लेखापरीक्षणबाट औल्याइएका कैफियतहरु सुधार गर्दै लैजाने ।

(७) प्रहरी प्रधान कार्यालय प्रहरी कल्याण कोष संचालक समितिबाट प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्ने ।

## १३ (ख) ४ सहुलियत औषधोपचार कर्जा प्राप्त गर्नको लागि आवश्यक मापदण्ड

(१) सेवा अवधि कम्तिमा ५ वर्ष पूरा भएको र २ वर्ष सेवा अवधि बाँकी रहेको वहालवाला प्रहरी कर्मचारी हुनु पर्दछ ।

(२) प्रहरी कल्याण कोषबाट रु.१० लाख वा सो भन्दा भन्दा बढी ऋण सुविधा लिएको प्रहरी कर्मचारीले यो सहुलियत औषधोपचार ऋण सुविधा लिन पाउने छैन ।

(३) श्रीमान् श्रीमती दुवै जना प्रहरी कर्मचारी भए श्रीमान् श्रीमती मध्ये १ (एक) जनाले मात्र यो सहुलियत औषधोपचार ऋण सुविधा लिन पाउने छन् ।

(४) नेपाल प्रहरी अस्पताल महाराजगंज वा प्रदेश प्रहरी अस्पतालको सम्बन्धित चिकित्सकले रोगको पहिचान गरी सिफारिस गरेको सक्कलै सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

(५) कर्मचारीको परिवारको हकमा प्रहरी कर्मचारीसँग प्रष्ट नाता खुल्ने गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाता प्रमाणित, विवाह दर्ता वा जन्म दर्ताको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(६) निवेदन सहित सम्बन्धित चिकित्सकले दिएको पुर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(७) नेपाल प्रहरी अस्पताल महाराजगंज वा प्रदेश प्रहरी अस्पतालको सिफारिस भइसके पश्चात् सम्बन्धित महानगरीय प्रहरी आयुक्तको कार्यालय, प्रदेश प्रहरी कार्यालय, संघीय प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालय प्रहरी कार्यालयबाट Online Form भर्न सकिने छ ।

(८) Online Form को साथसाथै प्रहरी प्रधान कार्यालय, महानगरीय प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, संघीय प्रहरी कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा प्रहरी कर्मचारी स्वयं उपस्थित भई प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूची १६ बमोजिमको सहुलियत औषधोपचार कर्जा फाराम र अनुसूची १७ बमोजिमको तमसुक कागज गर्नु पर्नेछ र सो कागजातहरु सम्बन्धित प्रहरी कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गरी लेखा शाखाले सुरक्षित साथ राख्नुपर्नेछ ।

## १३ (ख) ५ रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि

**(बहालवाला सम्पूर्ण दर्जाका प्र.क. को लागि)**

| क्र. सं. | विवरण | औषधोपचार कर्जा रकम | वार्षिक ब्याजदर | अवधि | किस्ता संख्या | मासिक किस्ता | कै |
|---|---|---|---|---|---|---|---|
| १ | रु.१० लाख सम्म खर्च हुने औषधोपचार कर्जा | रु. ५,००,०००।- | ६% | ५ वर्ष | ६० | रु.९,६६६।- | |
| २ | रु.१० लाख भन्दा बढी खर्च हुने औषधोपचार कर्जा | रु.७,००,०००।- | ६% | ५ वर्ष | ६० | रु.१३,५३३।- | |

**नोट**: सहुलियत औषधोपचार कर्जा (Medical Treatment Loan) उपलब्ध गराउन तोकिएको उल्लेखित ब्याजदर प्रहरी कल्याण कोष सञ्चालक समितिको निर्णयबाट परिमार्जन गर्न सकिनेछ । साथै सहुलियत औषधोपचार कर्जा लिने प्रहरी कर्मचारीहरुले किस्ता वापतको रकम तोकिएको अवधि भन्दा अगावै भुक्तानी गर्न चाहेमा सो मिति सम्मको बाँकी साँवा ब्याज एकैपटक भुक्तानी गर्न सक्नेछन् ।

**१३ (ख) ६ उपलब्ध गराउने प्रकृया एवं कागजातहरुको सुरक्षण**

यस कर्जासँग सम्बन्धित कागजातहरु तोकिएको प्रहरी कार्यालयहरुबाट प्राप्त भइसके पछि प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले ऋणी प्रहरी कर्मचारीको तलबी खातामा तोकिएको रकम पठाइदिनेछ साथै सम्बन्धित प्रहरी कार्यालयमा कार्यरत लेखा प्रमुखहरुले सो को लिखतहरु सुरक्षित राख्नुपर्दछ।

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूचि- १६ बमोजिमको नियमानुसार भरेको सक्कलै निवेदन फाराम।

(२) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूची- १७ बमोजिमको नियमानुसार भरेको सक्कलै तमसुक कागज।

(३) नेपाल प्रहरी अस्पताल महाराजगंज वा प्रदेश प्रहरी अस्पतालको सम्बन्धित चिकित्सकले लेखिदिएको पूर्जाको सिफारिस पत्रको सक्कल प्रति।

(४) कर्मचारीको परिवारको हकमा प्रहरी कर्मचारीसँग प्रष्ट नाता खुल्ने गरी नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नाता प्रमाणित, विवाह दर्ता वा जन्म दर्ताको प्रमाणित प्रतिलिपिहरु।

(५) प्रहरी कर्मचारीको तिनपुस्ते, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र नाता प्रमाणित लगायतका कागजात।

(६) प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले संलग्न प्रमाणित प्रतिलिपि कागजातहरु चेक जाँच गरी अनुसुचि फारम र तमसुक कागज गराई सहुलियत औषधोपचार कर्जा सापटी वापतको एकमुष्ट रकम सम्बन्धित ऋणी (प्रहरी कर्मचारी) को तलबी खाता मार्फत् उपलब्ध गराई नियमानुसारको मासिक किस्ता रकम कट्टीको लागि निजको दरबन्दीमा पत्राचार गर्ने ।

(७) सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने र यससँग सम्बन्धित अन्य जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको लेखा प्रमुखको हुनेछ।

(८) माथि उल्लेखित सम्पूर्ण कागजातहरु सहित ऋणीको मासिक तलब भत्ताबाट नियमानुसार किस्ता कट्टी भई प्राप्त हुने रकम तोकिएको बैंक खातामा दाखिला गरी भौचर तथा फाँटवारीहरुको अभिलेख दुरुस्त राख्ने।

(९) सहुलियत औषधोपचार कर्जा कार्यक्रमलाई सरल, ब्यवस्थित एंव प्रभावकारी बनाउन आबश्यक कर्जा ब्यबस्थापन Software को प्रयोग गर्ने।

**१३ (ख) ७ सहुलियत औषधोपचार कर्जा असुली प्रकृया**

(१) सहुलियत औषधोपचार कर्जाको मासिक किस्ता रकम प्रहरी कर्मचारीको दरवन्दी रहेको कार्यालयको लेखा शाखाबाट मासिक रुपमा प्राप्त हुने तलव भत्ताबाट कट्टा गरी प्रहरी कल्याण कोषको तोकिएको खातामा जम्मा गराई सो को सक्कल बैंक दाखिला भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ। साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ।

(२) प्रहरी कार्यालय बाहेकका अन्य कार्यालयबाट तलबभत्ता खाने प्रहरी कर्मचारीहरुको हकमा स्वयं ऋणी प्रहरी कर्मचारी जिम्मेवार भई किस्ता रकम, फाँटवारी तथा भौचर सुरक्षित माध्यमबाट कल्याण महाशाखामा पठाउनुपर्नेछ ।

(३) तलब भत्ताको खर्च लेख्ने कार्यालयबाट नियमित किस्ता कट्टी नभएमा सम्बन्धित कार्यालयमा जानकारी गराउनु पर्दछ ।

(४) सहुलियत औषधोपचार कर्जा लिने प्रहरी कर्मचारी अवकाश भएमा वा कुनै कर्मचारीले ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा निजले प्राप्त गर्ने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक दिनु पूर्व निजबाट बाँकी साँवा ब्याज सहितको रकम एकमुष्ठ असुल उपर गरिने छ ।

(५) सहुलियत औषधोपचार कर्जा लिने प्रहरी कर्मचारीले नोकरी छोडी भागी ऋण नतिरेमा निजको घर ठेगानामा पत्राचार गरी निजको घर घरानाबाट कानुन बमोजिम असुल उपर गरिनेछ ।

(६) सहुलियत औषधोपचार कर्जा लिने प्रहरी कर्मचारीको मृत्यु भएमा मृत्यु हुने कर्मचारीको हकवालाले कोषबाट प्राप्त गर्ने अनुदान सुविधाबाट कट्टा गरी बाँकी रकम हकवालाबाट एकमुष्ट रुपमा असुल उपर गरिने छ ।

(७) अन्य अवस्थामा कानून बमोजिम उपयुक्त प्रक्रिया अपनाई असुल उपर गरिनेछ ।

(८) कुनै प्रहरी कर्मचारीको ब्यक्तिगत लापरवाहीका कारण ऋण असुली समयमै हुन नसकेमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिने छ ।

**१३ (ख) ८ प्रहरी कार्यालयहरुको भूमिका**

(१) नेपाल प्रहरी अस्पताल महाराजगंज वा प्रदेश प्रहरी अस्पतालले जुनसुकै जटिल प्रकृतिका रोग लागेका प्रहरी कर्मचारी तथा निजका परिवार (बाबु, आमा, श्रीमान, श्रीमती, छोरा-छोरी) हरुको रोगको पहिचान गरी सहुलियत औषधोपचार कर्जाको लागि सिफारिस गरिदिने ।

(२) अन्य सबै प्रहरी कार्यालयहरुले नेपाल प्रहरी अस्पताल महाराजगंज वा प्रदेश प्रहरी अस्पतालको सम्बन्धित चिकित्सकले लेखिदिएको पूर्जीको आधारमा कर्मचारीको निवेदन लिई Online Form फाराम र तमसुक भराइदिने ।

(३) प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाबाट ऋण स्वीकृत भइसके पश्चात् सम्बन्धित दरवन्दीले नियमानुसार मासिक तलबबाट किस्ता रकम कट्टी गरी सो को सक्कलै भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ । साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ ।

(४) यस कार्यविधि अनुसार ऋणी प्रहरी कर्मचारी सेवा निवृत्त वा जुनसुकै कारणले सेवाबाट अलग भएमा प्रहरी कल्याण कोषको सम्पूर्ण सावाँ ब्याज चुक्ता गरी प्रहरी कल्याण कोषमा कुनै दायित्व बाँकी नरहेको यकीन गरी फरफारक पत्रको सिफारिस लिनुपर्नेछ ।

## *परिच्छेद १३ (ग) सहुलियत शैक्षिक कर्जा (Educational Loan) कार्यक्रम

### *१३ (ग) १ परिचय

नेपाल प्रहरी सेवामा सबै दर्जाका वहालवाला कर्मचारीहरुका सन्ततीहरुलाई उच्च तथा प्राविधिक शिक्षा प्रयोजनका लागि स्नातक वा सो सरह अध्ययन गर्न सहुलियत ब्याजदरमा शैक्षिक कर्जा उपलब्ध गराउँदा प्रहरीका सन्ततीहरु समेत भविष्यमा सवल कर्णधारको रुपमा शिक्षित भई देशमा दक्ष जनशक्तिको उत्पादनमा टेवा पुग्नुका साथै प्रहरी कर्मचारी संगठन प्रति ईमान्दार, बफादार, लगनशील एवं कर्तब्यनिष्ठ रही लामो समयसम्म सेवालाई निरन्तरता दिन थप उत्प्रेरित हुनसक्ने भएकोले प्रहरीको मनोबलमा अभिवृद्धि हुन जाने र कोषको रकममा समेत केही वृद्धि भई अन्य कल्याणकारी कार्यक्रमहरु समेत संचालन गर्न टेवा पुग्ने भएकाले कल्याण कोषको सहुलियत शैक्षिक कर्जा कार्यक्रमलाई सरल, प्रभावकारी, लाभदायक र व्यवस्थित बनाउने उद्देश्यले प्रहरी कल्याण कोष सञ्चालक समितिबाट यो कार्यविधि स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको छ।

### १३ (ग) २ सहुलियत शैक्षिक कर्जा ( Educational Loan ) समिति

यस कार्यविधि बमोजिम कार्यान्वयनमा ल्याइएको सहुलियत शैक्षिक कर्जा कार्यक्रमलाई व्यवस्थित तवरबाट लगानी गर्नको लागि तल उल्लेख गरिए बमोजिमको सहुलियत शैक्षिक कर्जा लगानी समितिको गठन हुनेछ।

(१) प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा प्रमुख ........................................................अध्यक्ष

(२) प्र.प्र.का.कल्याण महाशाखा, बिशेष आर्थिक कल्याणकारी योजना शाखा प्रमुख................सदस्य

(३) प्र.प्र.का.कल्याण महाशाखा, बिशेष आर्थिक कल्याणकारी योजना शाखा लेखा प्रमुख........सदस्य-सचिव

### १३ (ग) ३ समितिको जिम्मेवारी तथा काम/कर्तव्य

सहुलियत शैक्षिक कर्जा कार्यक्रमलाई व्यवस्थित तवरबाट लगानी गर्नको लागि तोकिएको सहुलियत शैक्षिक कर्जा प्रवाह समितिको काम, कर्तव्य र जिम्मेवारी तपशिल बमोजिम हुनेछन्।

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ (संशोधन सहित) अनुसार प्रहरी कर्मचारीहरुलाई सहुलियत शैक्षिक कर्जा प्रवाह गर्ने।

(२) सहुलियत शैक्षिक कर्जा कार्यक्रममा लगानी भएको रकमको साँवा ब्याज तोकिए अनुसार असुल उपर गर्ने।

(३) सहुलियत शैक्षिक कर्जा लिने ऋणीहरुको सम्पूर्ण अभिलेख तथा जमानतको कागजपत्र सुरक्षित र व्यवस्थित राख्न लगाई अनुगमन गर्ने।

(४) सहुलियत शैक्षिक कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धी अभिलेख दुरुस्त राख्ने।

(५) सहुलियत शैक्षिक कर्जा कार्यक्रममा भएको लगानी र ऋणीबाट असुल भएको साँवा ब्याज सम्बन्धमा त्रैमासिक, अर्ध वार्षिक र वार्षिक प्रतिवेदन तयार गरी प्रहरी कल्याणकोष सञ्चालक समितिको बैठकमा पेश गर्ने।

(६) आन्तरिक र अन्तिम लेखापरीक्षण गराई लेखापरीक्षणबाट औल्याइएका कैफियतहरु सुधार गर्दै लैजाने।

### १३ (ग) ४ प्राप्त गर्नको लागि आवश्यक मापदण्ड

(१) सेवा अवधि कम्तिमा १० वर्ष पूरा भएको र २ वर्ष सेवा अवधि बाँकी रहेको वहालवाला प्रहरी कर्मचारी हुनु पर्दछ ।

(२) मेडिकल शैक्षिक कर्जाको हकमा प्रहरी कल्याण कोषबाट कुनै पनि सुविधा नलिएको तथा अन्य शैक्षिक कर्जाको हकमा १० लाख वा सो भन्दा भन्दा बढी ऋण सुबिधा नलिएको हुनु पर्दछ ।

(३) मान्यता प्राप्त शैक्षिक सस्थाबाट +2 वा सो सरह सम्म पास भएको सम्पूर्ण शैक्षिक प्रमाण पत्रहरु पेश पर्नु पर्नेछ ।

(४) मान्यता प्राप्त शैक्षिक सस्थामा तोकिएको बिषयमा भर्ना भएको खुल्ने कागजात पेस गर्नु पर्नेछ ।

(५) मेडिकल वाहेक अन्य शैक्षिक कार्यक्रमको हकमा सम्बन्धित शैक्षिक सस्थाबाट वार्षिक रुपमा लाग्ने जम्मा अध्ययन शुल्क खुल्ने कागजात सिफारिसको सक्कल प्रति पेस गर्नु पर्नेछ ।

(६) कर्मचारीको तिनपुस्ते, नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेतका कागजात पेश गर्नु पर्नेछ ।

(७) प्रहरी कर्मचारीको छोरा-छोरीको स्पष्ट खुल्ने गरी नागरिकता, नाता प्रमाणित वा जन्म दर्ताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(८) माथि उल्लेखित कागजातहरुका आधारमा जिल्ला प्रहरी कार्यालय, संघीय प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, महानगरीय प्रहरी परिसर वा प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा प्रहरी कर्मचारी स्वयं उपस्थित भई प्रहरी कल्याण कोष संचालन कार्यविधि २०७१ को अनुसुची-१८ बमोजिमको फारम र अनुसूची-१९ बमोजिमको तमसुक कागज गरिदिनुपर्नेछ र सो को कागजातहरु सम्बन्धित प्रहरी कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गरी सुरक्षितसाथ राख्नुपर्नेछ । तत्पश्चात तोकिए बमोजिमको Online Form सम्बन्धित कार्यालयको लेखा शाखाले भरिदिनुपर्नेछ ।

### १३ (ग) ५ रकम, ब्याजदर, किस्ता संख्या, मासिक किस्ता रकम र अवधि

**(बहालवाला सम्पूर्ण दर्जाका प्र.क. को लागि)**

| क्र. सं. | शैक्षिक कर्जाको विवरण | शैक्षक कर्जा रकम | वार्षिक ब्याजदर | अवधि | किस्ता संख्या | मासिक किस्ता | वै |
|---|---|---|---|---|---|---|---|
| १ | मेडिकल (शैक्षिक कर्जा) | रु.१५,००,०००।- | ८% | १० वर्ष | १२० | रु.१८,१९१।- | |
| २ | चार्टड एकाउन्टेन्ट, ईन्जिनियरिङ, स्टाफ नर्स,कृषि र सूचना प्रविधि (शैक्षिक कर्जा) | रु.५,००,०००।- | ८% | ५ वर्ष | ६० | रु.१०,१३८।- | |

**नोट:** सहुलियत शैक्षिक कर्जा (Educational Loan) उपलब्ध गराउन तोकिएको उल्लेखित ब्याजदर प्रहरी कल्याण कोष सञ्चालक समितिको निर्णयबाट परिमार्जन गर्न सकिनेछ । साथै सहुलियत शैक्षिक कर्जा लिने प्रहरी कर्मचारीहरुले किस्ता वापतको रकम तोकिएको अवधि भन्दा अगावै भुक्तानी गर्न चाहेमा सो मिति सम्मको बाँकी साँवा ब्याज एकैपटक भुक्तानी गर्न सक्नेछन् ।

## १३ (ग) ६ उपलब्ध गराउने प्रकृया एवं कागजातहरुको सुरक्षण

यस कर्जासँग सम्बन्धित कागजातहरु तोकिएका प्रहरी कार्यालयहरुबाट प्राप्त भइसकेपछि प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले ऋणी प्रहरी कर्मचारीको तलबी खातामा तोकिएको रकम पठाइदिनेछ साथै सम्बन्धित प्रहरी कार्यालयको लेखा प्रमुखले सम्पूर्ण लिखतहरु सुरक्षित साथ राख्नुपर्नेछ।

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूची- १८ बमोजिमको नियमानुसार भरेको सक्कलै फाराम।

(२) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूसी- १९ बमोजिमको नियमानुसार भरेको सक्कलै तमसुक कागज।

(३) SEE देखिका सम्पूर्ण शैक्षिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु।

(४) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको खुल्ने कागजात ।

(५) अन्य शैक्षिक कर्जाको हकमा सम्बन्धित शैक्षिक सस्थाबाट वार्षिक रुपमा लाग्ने अध्यापन शुल्क खुल्ने कागजात।

(६) कर्मचारीको तिनपुस्ते, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र नाता प्रमाणित लगायतका कागजात पेश गर्नु पर्नेछ।

(७) प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाले संलग्न प्रमाणित प्रतिलिपि कागजातहरु जाँच सहुलियत शैक्षिक कर्जा सापटी वापतको एकमुष्ट रकम सम्बन्धित ऋणीको तलबी खाता मार्फत् उपलब्ध गराई नियमानुसारको मासिक किस्ता रकम कट्टीको लागि निजको दरबन्दीमा पत्राचार गर्ने ।

(८) माथि उल्लेखित सम्पूर्ण कागजातहरु सहित ऋणीको मासिक तलब भत्ताबाट नियमानुसार किस्ता कट्टी भई प्राप्त हुने रकम तोकिएको बैंक खातामा दाखिला गरी भौचर तथा फाँटवारीहरुको अभिलेख दुरुस्त राख्ने।

(९) सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने र सम्पूर्ण जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको लेखा प्रमुखको हुनेछ।

(१०) सहुलियत शैक्षिक कर्जा कार्यक्रमलाई सरल, ब्यवस्थित एंव प्रभावकारी बनाउन Educational Loan Software को प्रयोग गर्ने।

(११) कर्जा लिने प्रहरी कर्मचारीको मृत्यु भएको खण्डमा कर्जाको सुरक्षण र कर्जा लिने प्रहरी कर्मचारीको परिवारको लागि आवश्यकता अनुसार प्रहरी कर्मचारी स्वयंले प्रिमियम तिर्ने गरी आवधिक जिवन बिमाको व्यवस्था गर्न सकिनेछ।

## १३ (ग) ७ सहुलियत शैक्षिक कर्जा असुली प्रकृया

(१) सहुलियत शैक्षिक कर्जाको मासिक किस्ता रकम प्रहरी कर्मचारीको दरवन्दी रहेको कार्यालयको लेखा शाखाबाट मासिक रुपमा प्राप्त हुने तलव भत्ताबाट कट्टा गरी प्रहरी कल्याण कोषको तोकिएको खातामा जम्मा गराई सो को सक्कल बैंक दाखिला भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ। साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ।

(२) प्रहरी कार्यालय बाहेकका अन्य कार्यालयबाट तलबभत्ता खाने प्रहरी कर्मचारीहरुको हकमा स्वयं ऋणी प्रहरी कर्मचारी जिम्मेवार भई किस्ता रकम, फाँटवारी तथा भौचर सुरक्षित माध्यमबाट कल्याण महाशाखामा पठाउनुपर्नेछ ।

(३) सहुलियत शैक्षिक कर्जा लिने प्रहरी कर्मचारी अवकाश भएमा वा कुनै कर्मचारीले ऋण चुक्ता हुनु अगावै नोकरी छाडेको अवस्थामा निजले प्राप्त गर्ने अन्य सुविधाको लागि कल्याण कोषबाट फरफारक दिनु पूर्व निजबाट बाँकी साँवा ब्याज सहितको रकम एकमुष्ठ असुल उपर गरिने छ ।

(४) सहुलियत शैक्षिक कर्जा लिने प्रहरी कर्मचारीले नोकरी छोडी भागी ऋण नतिरेमा निजको घर ठेगानामा पत्राचार गरी निजको घरघरानाबाट कानुन बमोजिम असुल उपर गरिनेछ ।

(५) सहुलियत शैक्षिक कर्जा लिने प्रहरी कर्मचारीको मृत्यु भएमा मृत्यु हुने कर्मचारीको हकवालाले कोषबाट प्राप्त गर्ने अनुदान सुविधाबाट कट्टा गरी बाँकी रकम हकवालाबाट एकमुष्ट रुपमा असुल उपर गरिने छ ।

(६) अन्य अवस्थामा कानून बमोजिम उपयुक्त प्रकृया अपनाई असुल उपर गरिनेछ ।

(७) कुनै प्रहरी कर्मचारीको ब्यक्तिगत लापरवाहीका कारण ऋण असुली समयमै हुन नसकेमा निजलाई नियमानुसार कारवाही गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरिने छ ।

**१३ (ग) ८ महानगरीय प्रहरी परिसर तथा जिल्ला प्रहरी कार्यालयको भूमिका**

(१) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूची- १८ बमोजिमको नियमानुसार सक्कलै फाराम भराइदिने ।

(२) प्रहरी कल्याण कोष सञ्चालन कार्यविधि, २०७१ को अनुसूची- १९ बमोजिमको नियमानुसार सक्कलै तमसुक कागज गर्न लगाई कार्यालय प्रमुखको सहिछाप गराउने ।

(३) माथि उल्लेखित कागजातहरू प्रमाणित गरी एक प्रति प्रहरी प्रधान कार्यालय कल्याण महाशाखामा पठाउने ।

(४) प्रहरी प्रधान कार्यालय कल्याण महाशाखाबाट ऋण स्वीकृत भइसके पश्चात् ऋणीहरूको कागजात सुरक्षित राखी नियमानुसार मासिक तलबबाट किस्ता रकम कट्टी गरी सो को सक्कलै भौचर वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विद्युतीय भुक्तानी (E-payment) भएको भए सो सम्बन्धी प्रमाणित पत्र, ऋणी प्रहरी कर्मचारीको विवरण र कार्यालयको पत्रहरुको स्क्यान कपी सम्बन्धित कार्यालयले ईमेलबाट वा छिटो छरितो माध्यमबाट कल्याण महाशाखामा पठाउनु पर्दछ । साथै सक्कलै कागजातहरु माग हुँदा उपलब्ध गराउन सकिने गरी सुरक्षित साथ सम्बन्धित कार्यालयको लेखा प्रमुखले जिम्मेवारीका साथ राख्नुपर्नेछ ।

(५) सम्पूर्ण शैक्षिक प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राख्ने ।

(६) सम्बन्धित शैक्षिक सस्थामा भर्ना भएको खुल्ने कागजात संलग्न राख्ने ।

(७) सम्बन्धित शैक्षिक सस्थाबाट वार्षिक रुपमा लाग्ने अध्ययन शुल्क खुल्ने कागजात संलग्न राख्ने ।

(८) कर्मचारीको तिनपुस्ते,नागरिकता प्रमाण पत्रको प्रतिलिपि र नाता प्रमाणित लगायतका कागजात पेश गर्नुपर्नेछ ।

(९) माथि उल्लेखित कागजातहरू प्राप्त भए पश्चात् निवेदकको माग अनुसार Online Form भरिदिने ।

(१०) यस कार्यविधि अनुसार ऋणी प्रहरी कर्मचारी सेवा निवृत्त वा जुनसुकै कारणले सेवाबाट अलग भएमा प्रहरी कल्याण कोषको सम्पूर्ण सावाँ ब्याज चुक्ता गरी प्रहरी कल्याण कोषमा कुनै दायित्व बाँकी नरहेको यकीन गरी फरफारक पत्रको सिफारिस लिनुपर्नेछ ।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल, काठमाडौं

# परिच्छेद १४: बैठक/ तालीम/ समारोह/ अनुगमनको लागि भ्रमण सम्बन्धमा

## १४.१ परिचय

प्रहरी कल्याण कोषले सेवा पुऱ्याउने उद्देश्य सहित संचालन गरेका सेवामूलक कार्यहरु, आय आर्जनका लागि संचालन गरेका आयमूलक कार्यहरु, प्रहरी कल्याण कोषको लगानी रहेका एफ.पि.यु. मिसनहरु को निरीक्षण एवं अनुगमन भ्रमण तथा कल्याण कोषको हितमा नेपाल प्रहरीको तर्फबाट वा कल्याण कोष समितिको तर्फबाट स्वदेशमा वा विदेशमा सहभागि हुनुपर्ने कार्यक्रमहरुमा सहभागिता जनाउँदा लाग्ने सम्पूर्ण खर्च कल्याण कोषबाट गरिनेछ।

## १४.२ भ्रमणमा पठाउने सहभागि गराउने प्रकृया

(क) कल्याण महाशाखाले भ्रमण/ सहभागिताको औचित्य सहित कल्याण कोष संचालक समितिमा एजेन्डा प्रस्तुत गर्ने।

(ख) संचालक समितिबाट स्वीकृती प्राप्त भए पश्चात भ्रमण प्रकृया अगाडी बढाउने।

(ग) भ्रमण गर्ने पदाधिकारीहरुलाई उपलब्ध गराउने सुविधा सम्बन्धमा समेत संचालक समितिबाट निर्णय गराउनु पर्नेछ।

## १४.३ भ्रमणमा सहभागि हुने पदाधिकारीहरुले प्रतिवेदन बुझाउनु पर्ने

प्रहरी कल्याण कोषको खर्चमा भ्रमण गर्नेले जुन उद्देश्य सहित भ्रमणमा पठाईएको हो, सो सम्बन्धी सम्पूर्ण कुराहरुलाई समेटेर फिर्ता भएको १५ दिनभित्र कल्याण महाशाखामा प्रतिवेदन बुझाउनु पर्नेछ।

प्रहरी कल्याण कोष स्थापित २०५२ नक्साल, काठमाडौं

# परिच्छेद १५: परामर्श सेवा तथा करार कर्मचारी नियुक्ति सम्बन्धमा

## १५.१ परिचय

प्रहरी कल्याण कोषलाई तथा कोषबाट संचालन भएका संस्थाहरुलाई आवश्यक पर्ने परामर्शदाता तथा अन्य कर्मचारीहरु करार सेवामा राख्न सकिनेछ ।

## १५.२ परामर्श सेवा तथा करारमा कर्मचारी नियुक्ति प्रकृया

(क) कल्याण कोष तथा कोषबाट संचालित संस्थाहरुको लागि आवश्यक परामर्श सेवा तथा करारमा कर्मचारीको आवश्यकताको पहिचान पश्चात संचालक समितिको स्वीकृतीबाट मात्र नियुक्ति प्रकृया अगाडी बढाउन सकिनेछ ।

